साप्ताहिक

# श्रमिक

WORKERS Weekly

(देश र जनतामा समर्पित विचारप्रधान)

वर्ष ३३ ✪ अङ्क ३३ ✪ २३ भदौ २०८३, मङ्गलबार ✪ 8 September 2026, Tuesday ✪ मूल्य रू. १०।-


## देश सकसको बेला सरकार 'देशघाती' कानुन बनाउँदै

कुनै पनि सरकारले विदेशीको सेवा गर्छ भने त्यो नेपालीको सरकार हुनेछैन । रास्वपा सरकारले विदेशी लगानीकर्ताबाट नेपालमा ऋण लगानी भएको र सो ऋणबाट प्राप्त आम्दानीलाई पुन: शेयरमा रूपान्तरण गर्न सक्ने विधेयक ल्याउँदै छ । यसले नेपाललाई ३० खर्बभन्दा बढी रुपैयाँ ऋण लगानी गरेका विदेशीहरूले सो ऋण र ब्याजसमेत नेपालमा शेयरमा परिणत गर्नेछन् । के यसो गर्नु नेपालको सार्वभौमिकता र अर्थतन्त्र विदेशीको कब्जामा दिनु होइन ? नेपालमा खर्बौं रुपैयाँको शेयर लगानी गरेका विदेशीहरूले संसद्का प्रतिनिधिसमेत आफ्ना 'दलाल' हरूलाई जिताउने र अन्तत: नेपाल 'नयाँ सिक्किम' को अवस्थामा पुऱ्याउने किन होइन ? यतिबेला सम्पूर्ण देशभक्त नेपाली जनताले नेपालको सार्वभौमिकता नै गुम्ने 'विदेशी लगानी तथा प्रविधि हस्तान्तरण पहिलो संशोधन विधेयक २०८३' लाई एक स्वरले विरोध गर्नु जरुरी छ ।

नेपाल यतिबेला भदौ १० गते रसुवामा आएको भोटेकोसीको हिमपहिरोको चपेटामा छ । भदौ १६ गते मङ्गलबार रातिसम्म १०६८ शव भेटिएको र यसमा विदेशी नागरिक ३२४ पुगेको सार्वजनिक भयो । यी शवमध्ये ५८ वटा मात्र सम्बन्धित परिवार तथा आफन्तलाई हस्तान्तरण भयो भने शवको अस्थायी व्यवस्थापन ६८८ भएको सार्वजनिक भयो । हालसम्म सम्पर्कविहीन वा बेपत्ता ४,५७१ पुगेको अवस्था छ । रसुवा, धादिङ, नुवाकोट, गोरखा, चितवनसमेत ५ जिल्लामा ७,५७० निजी घरमा क्षति पुगेको र १२५३ घरको नामोनिसान नै नरहेको सार्वजनिक भयो । हिमपहिरोको जोखिम यथावत भएको हुँदा यथास्थानमा बस्ती पुन: बसाल्नु उचित हुँदैन । यो सकसको अवस्थामा रास्वपा सरकार देशको सार्वभौमिकतामा विदेशी

**बाँकी पृष्ठ १२ मा**

## सहकारी संस्थालाई बैङ्कजस्तो गरिँदा समस्या भएको दाबी




भक्तपुर । "मिठो फलका लागि राम्रो बीउको बिरुवा आवश्यक हुन्छ; खराब मान्छे राखेर समाज राम्रो बन्ने कल्पना गर्न सकिन्न ।"

उक्त भनाइ नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले भदौ २१ गते श्वेत भैरव बचत तथा ऋण सहकारी संस्थाको २२ औँ स्थापना दिवस कार्यक्रममा राख्नुभएको हो ।

उहाँले भन्नुभयो, "गरिब र मध्यम किसानहरूको हितमा काम गर्ने उद्देश्यले खोलिएका सहकारी संस्थालाई बैङ्कको जस्तो बचत ऋणको कारोबार गर्न दिँदा सहकारीमा समस्या आएको हो । सहकारी सञ्चालकले कानुनका छिद्रलाई टेकेर व्यक्तिगत स्वार्थमा करोडौँ-अर्बौं लगानी गर्दा आज लाखौँ जनताको दुई खर्बभन्दा बढी बचत हिनामिना भएको हो । यस्ता काममा शासक दलकै कार्यकर्ताहरू संलग्न भए ।"

अध्यक्ष बिजुक्छेँले अगाडि भन्नुभयो, "समाजका मानिसलाई शिक्षित र सचेत बनाउने विषयमा सहकारीले कार्यक्रम गर्दै जानुपर्छ । ब्याजको लोभमा परिवारका सदस्यलाई समेत थाहै नदिई नचिनेको सञ्चालक रहेको सहकारीमा बचत जम्मा गर्दा धेरै बचतकर्ता बिरामी हुँदा उपचार गर्न नसकी मृत्यु भएको घटनाबाट सचेत हुनु जरुरी छ ।"

सञ्चालक परिवारलाई बिनाधितो करोडौँ रकम ऋण दिएका सहकारीले आजसम्म बचत रकम फिर्ता गर्न नसकेको हुँदा निजहरूकै जायजेथाबाट बचतकर्ताको बचत रकम फिर्ता गर्नुपर्ने उहाँले बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनील प्रजापतिले सहकारी संस्थाले सीपमूलक तालिम दिई सदस्य परिवारलाई स्वरोजगार बनाउन सुझाव दिनुभयो ।

उहाँले भन्नुभयो, "भक्तपुर नगरपालिकाले नगरवासीलाई शैक्षिक ऋण दिएजस्तै सहकारीले पनि कम ब्याजमा शैक्षिक ऋण दिनुपर्छ । सदस्य परिवारले उच्च शिक्षा अध्ययनपछि समाजकै सेवामा लगाउन सहकारीको भूमिका हुने भएकोले सञ्चालकहरू बढी सक्रिय हुनुपर्छ ।"

आयोजक संस्थाका अध्यक्ष जितेन्द्र खायमलीको सभापतित्वमा भएको उक्त कार्यक्रममा भनपा वडा नं. ८ का वडाध्यक्ष कृष्णप्रसाद कोजु, शिक्षक लक्ष्मीनारायण दुवाल, संस्थाका सल्लाहकार महेन्द्र खायमली, नातिभाइ हेम्बा, उपाध्यक्ष सत्यनारायण गाइजुलगायतले संस्थाको गतिविधिबारे प्रकाश पार्नुभएको थियो ।

कार्यक्रममा अतिथि बिजुक्छेँले ८० वर्ष उमेर पूरा गरेका १९ जना ज्येष्ठ सदस्यहरूलाई दोसल्ला ओढाइ सम्मान गर्नुभयो । कार्यक्रममा अग्रज किसान नेता एवम् शिक्षासेवी बुद्धिकुमार गोसाईंलाई विशेष सम्मान गरिएको थियो ।

कार्यक्रमपश्चात् जैँला सांस्कृतिक समूहको सहयोगमा सांस्कृतिक कार्यक्रम भएको थियो ।

संस्थाकै आयोजनामा आइतबार बिहान रक्तदान कार्यक्रम भएको थियो ।

## उच्च शिक्षा देश र जनताको सेवामा समर्पित हुनुपर्ने



भक्तपुर । भक्तपुर नगरपालिका वडा नं. ६ वडा कार्यालयको आयोजनामा एसईई, प्लस टु, स्नातक, स्नातकोत्तर, एमफिल र पीएचडी उत्तीर्ण वडावासीहरूलाई बधाई ज्ञापन एवं प्रशंसापत्र वितरण तथा सांस्कृतिक कार्यक्रम भदौ २० गते सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले रसुवाको भोटेकोसी नदीमा आठसय वर्षअघि पनि हिमपहिरो आएको र जनधनको क्षति भएको सार्वजनिक भएको चर्चा गर्दै त्यसबेलाको अभिलेखबाट सचेत भएर सरकारले पूर्वसूचना प्रणालीको बन्दोबस्तसहित सुरक्षित ठाउँमा बस्ती विस्तार गरेको भए यस्तो क्षति ब्यहोर्नुपर्ने थिएन भन्नुभयो ।

उहाँले भन्नुभयो, "भेलबाढीमा पुरिएका र जलविद्युत् सुरुङमा थुनिएका दस दिनयता सकुशल उद्धार गरिएको सार्वजनिक भयो । सरकारले घटना भएकै दिनबाट उद्धारको निम्ति चीनलगायत मित्र देशहरूबाट जनशक्ति र उपकरण सहयोग ल्याउने तदारुकता देखाएन ।"

शिक्षाप्राप्त भएकाहरू अन्धविश्वासी नहुने र विज्ञानसम्मत हुने भएकोले नेमकिपाले ख्वप कलेजहरू स्थापना गरी एक घर एक स्नातकको लक्ष्य अगाडि बढाएको उहाँले बताउनुभयो ।

सचिव सुवालले भन्नुभयो, "नेमकिपाले पञ्चायती चुनावमा भाग लिएर देश र जनताको नि:स्वार्थ सेवा गरेको हो । यो सेवाबाट चित्त नबुझेका पञ्चायती शासकहरूले कुटील राजनीति चालेर आफै व्यक्तिहत्या गरी नेमकिपाका नेता र कार्यकर्ताविरुद्ध ज्यान मुद्दाको षड्यन्त्र भक्तपुर काण्ड रचेको थियो । जनताविरुद्ध षड्यन्त्र गर्ने पञ्चायती व्यवस्था जनआन्दोलन २०४६ बाट समाप्त भयो ।"

नयाँ पुस्ताले उच्च शिक्षा प्राप्त गरी देश र जनताको नि:स्वार्थ सेवामा लाग्ने र नेपाललाई आत्मनिर्भर बनाउन योगदान गर्ने विश्वास उहाँले व्यक्त गर्नुभयो ।

कार्यक्रमका सभापति एवम् भनपा वडा नं. ६ का वडाध्यक्ष हरिराम सुवालले विद्यार्थीहरूलाई प्रोत्साहन स्वरूप बधाई कार्यक्रम आयोजना गरेको उल्लेख गर्दै विद्यार्थीहरू अध्ययनशील भई देश र समाजको सेवामा लाग्नुपर्ने बताउनुभयो ।

ख्वप कलेजका प्राचार्य प्रकाशकुमार श्रेष्ठले शिक्षाको स्तरले देशको मूल्याङ्कन हुने बताउनुभयो ।

भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, कला, संस्कृति संरक्षणमा विशेष जोड दिँदै कार्य गरिरहेको सराहनीय छ", उहाँले भन्नुभयो ।

**बाँकी पृष्ठ १२ मा**

## नेमकिपा प्रदेशसभा सदस्यहरूद्वारा भोटेकोशी बाढी पीडितलाई एक महिनाको पारिश्रमिक सहयोग

भक्तपुर । नेपाल मजदुर किसान पाटी बागमती प्रदेशसभाका सदस्यहरूले भोटेकोशी बाढी पीडितलाई एक महिनाको पारिश्रमिक बराबरको रकम सहयोग गर्ने निर्णय गरेको छ । नेमकिपा बागमती प्रदेशसभा संसदीय दलका नेता सुरेन्द्रराज गोसाईको अध्यक्षतामा भदौ १९ गते बसेको बैठकले उक्त निर्णय गरेको हो ।

भदौ १० गते बिहान रसुवा जिल्लामा हिम-चट्टान फुटेर भोटेकोशी नदीमा गएको भीषण बाढीले बागमती प्रदेशका रसुवा, नुवाकोट, धादिङ जिल्लामा पुऱ्याएको ठुलो जनधनको क्षतिप्रति नेमकिपा बागमती प्रदेशसभा संसदीय दलले गहिरो दु:ख व्यक्त गर्दै मृतकहरूप्रति भावपूर्ण श्रद्धाञ्जली एवं शोकसन्तप्त परिवारजनमा समवेदना व्यक्त गरेको छ ।

बाढी-पहिरोमा परी घाइते भएकाहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै विपत्तिमा परेकाहरूको पुनर्स्थापना, उद्धार तथा राहतवितरणमा ढिलाइ हुँदै गए थप जोखिम एवम् जटिलता बढ्ने र स्वास्थ्य सङ्कटसमेत बढ्न सक्नेतर्फ सजग रहन नेमकिपा बागमती प्रदेशसभा संसदीय दलले जोड दिएको छ ।

हालसम्म बेपत्ता अवस्थामा रहेका र टनेलहरूमा थुनिएकाहरूलाई शीघ्र सकुशल उद्धार गर्न र त्यस क्षेत्रका बाढी-पहिरो पीडित जनताका लागि आवश्यक सम्पूर्ण बन्दोबस्त मिलाउने कार्यमा तदारुकता अपनाउन सरकारलाई घच्घच्याइरहेको नेमकिपा बागमती प्रदेश संसदीय दलका नेता सुरेन्द्रराज गोसाईले बताउनुभयो ।

साथै, बाढी-पहिरो पीडितहरूको सहयोगार्थ नेमकिपाको तर्फबाट बागमती प्रदेशसभामा प्रतिनिधित्व गर्नुहुने सदस्यहरूको एक महिना बराबरको पारिश्रमिक सहयोग गर्ने निर्णय भएको सांसद गोसाईले बताउनुभयो ।

## शिक्षा, स्वास्थ्य र रोजगारीले बहिरा नागरिकलाई पनि सशक्त ढङ्गले अगाडि बढ्न सहयोग पुग्ने

भक्तपुर । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भक्तपुर बहिरा सङ्घको ३० औं वार्षिक साधारणसभा तथा १५ औं अधिवेशनको उद्घाटन कार्यक्रम भदौ २० गते सम्पन्न भयो ।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले बहिरा नागरिकलाई शिक्षा, स्वास्थ्य, रोजगारी तथा सीप विकाससँग जोड्दै आत्मनिर्भर बनाउनुपर्नेमा जोड दिनुभयो ।

प्रमुख प्रजापतिले बहिरा हुनु कमजोरी नभएको उल्लेख गर्दै सबै नागरिक आफ्नो क्षेत्रमा सक्षम रहेको बताउनुभयो ।

"बहिरा हुँदैमा दिमाग कमजोर हुँदैन । कोहीभन्दा कम छैनन्," उहाँले भन्नुभयो । देशभर लाखौँको सङ्ख्यामा बहिरा नागरिक रहेको उल्लेख गर्दै उहाँले शिक्षा, स्वास्थ्य र रोजगारीको सुनिश्चितताले बहिरा नागरिकलाई पनि सशक्त ढङ्गले अगाडि बढ्न सहयोग पुग्ने उहाँको भनाइ थियो ।

भक्तपुर नगरपालिकाले बहिरा सङ्घको भवनका लागि फर्निचर तथा सामग्री सहयोग गरेको र नगरपालिकाले अस्पताल, कलेज तथा वडा र बहिरा भएका व्यक्तिका परिवारलाई लक्षित गरी दुईमहिने दोभाषे तालिम सञ्चालन गरेको प्रमुख प्रजापतिले जानकारी दिनुभयो ।

नगरपालिकामा अपाङ्गता भएका व्यक्तिलाई रोजगारीको अवसरसमेत प्रदान गरिएको उहाँले बताउनुभयो ।

"राम्रो तालिमले रोजगारी दिने हुँदा तालिम लिनुहोस्," उहाँले आग्रह गर्दै सीपमूलक तालिमलाई रोजगारीसँग जोड्नुपर्नेमा जोड दिनुभयो । बहिरा सङ्घले बहिरा साथीहरूको आवाज उठाउन विशेष स्मारिका वा बुलेटिन प्रकाशन गर्नु उपयुक्त हुने उहाँको सुझाव थियो । समस्याको समाधानका लागि आफैँ अग्रसर हुनुपर्ने बताउँदै उहाँले विदेशी सहयोगबिना सङ्घ सञ्चालन हुनु सकारात्मक पक्ष भएको र आत्मनिर्भरतालाई प्राथमिकता दिनुपर्ने धारणा राख्नुभयो ।

**बाँकी पृष्ठ १२ मा**



हामी साम्राज्यवादसित सम्झौता गर्ने नीतिको विरोधमा छौँ । साथै वास्तविकतामा साम्राज्यवादसित नलडी साम्राज्यवादको विरोधमा मात्र चिच्याउने अभ्यासलाई पनि सहन गर्न सक्दैनौँ ।

-किम इल सुङ (कोरियाली जननेता)

## सम्पादकीय

# समाजले होस पुऱ्याउनुपर्ने विषय

देश होस् वा विदेश, सहर होस् वा जिल्ला र गाउँ, जहाँ होस् ठुलठुला प्राकृतिक प्रकोप (बाढी-पहिरो, भूकम्प, आँधीबेहरी), कोरोनाजस्तै रोगव्याधिको बेला अनेक सरकारी निकाय र समाज रोकथाम र उद्धारको निम्ति व्यस्त रहन्छन् । त्यस्तै सिंहदरबार अर्थात् विधानपालिका (संसद्), कार्यपालिका (मन्त्रीमण्डल) र न्यायपालिका वा अदालतहरू 'मौकामा फाइदा उठाऊ' भन्दै विदेशको सेवा गर्ने उद्देश्यले विदेशसँग नयाँ-नयाँ गुप्त सम्झौता गरिरहेका हुन्छन् । यस्तो बखत सरकार ठुलठुला ठेक्कापट्टा, नियुक्ति वा अन्य खोटपूर्ण आर्थिक गतिविधि र फैसला एवम् आदेश दिनुलाई ठुलो नैतिक र कानुनी अपराध नभएको ठान्छ । अपराधी र स्वार्थीहरू यस्तै मौकामा यस्ता घूस एवम् नातागोता र आ-आफ्ना शासक दलहरूको हितमा काम गर्ने गर्छन् । यसकारण, रातमा साधारण जनता सुते पनि राज्य वा सरकारलाई सुत्ने नैतिक अधिकार  हुँदैन । त्यस्तै प्राकृतिक वा रोगव्याधि र २०८२ को भदौ २३-२४ को विदेशी सहयोगमा राजनैतिक उपद्रवको बेलामा पनि देशको जिम्मा लिएका शासक दल र राज्यका अन्य अङ्गहरू निष्क्रिय रहन मिल्दैनथ्यो । हेर्दा साना समस्याहरू तर परिणाम धेरै ठुलो हुने सम्भावना रहन्छ । उद्धार गरिएका व्यक्तिहरू शारीरिक रूपमा स्वस्थ भएर अस्पतालबाट बिदा लिएर जाने कहाँ, के खाने र कहाँ बस्ने भन्ने समस्याबारे सरकारको छुट्टै संस्थाको बन्दोबस्त गर्नुपर्ने हुन्छ । नत्र मोटर दुर्घटनाबाट बचेर हिँडेको मानिस घर नपुगी अन्तै भौतारी रहेजस्तै सानो र ठुलो सबै प्रकारको दुर्घटनामा परेका मानिसहरू मानसिकरूपले भौतारिरहने सम्भावना छ ।

मौकाको फाइदा लिनेहरूबाट सरकार (प्रदेश सरकार र स्थानीय तहहरूसमेत) तयार रहनुपर्ने हुन्छ । १६ भदौ २०८३ को 'राजधानी' को एक समाचारको शीर्षक हो - '२ हजार ७२५ रुख काटेर काठ हिनामिना', 'स्थानीय सरकारसहित ९ जनाविरुद्ध मुद्दा ।'

१८ भदौको २०८३ कै 'राजधानी' को एक समाचारको शीर्षक हो - 'मन्दिरको जग्गा व्यक्तिको नाममा दर्ता गरेको आरोपमा पाँच जनाविरुद्ध मुद्दा ।'

आरोपित व्यक्तिहरू भैरहवा मालपोत कार्यालयमा तत्कालीन अधिकृत, नायब सुब्बा, खरिदार आदि जिम्मेवार व्यक्तिहरू हुन् । हेर्दा सानो तर समाजमा अपराधको यस्तो रोग फैलिने सम्भावना हुन्छ ।

'प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषको पुरानो हिसाब हरायो' - 'अन्नपूर्ण (अर्थतन्त्र)', २० भदौ, २०८३ ।

'१० दिनमा साढे ९ अर्ब सङ्कलन' - 'अन्नपूर्ण (अर्थतन्त्र)', २० भदौ, २०८३ ।

यसबाट थाहा हुन्छ - जनताले जनतामा विश्वास गर्न गाऱ्हो मान्दै छन् । विदेशी र स्वदेशकै प्रतिगामीहरूको सहयोगमा निर्वाचित सांसदहरूसमेत भन्दै छन्, "हामीले कसरी मत पायौँ, हामीलाई नै थाहा छैन ।" दोष सबै 'जेनजी' वा 'नयाँ पुस्ता' लाई दिएर हिजोका वर्षौंदेखि कार्यरत 'विदेशी गैरसरकारी संस्थाहरू', 'विदेशी नागरिकता पाएका नेपालीहरूको सङ्घ संस्थाहरू', राणाकालमा बेलायतलाई गाउँ-गाउँका युवाहरूलाई लैजाने गल्लावालाजस्तै आजका 'पैसा खाएर नेपाली युवायुवतीहरूलाई सस्तो ज्यामी पठाउने म्यानपावर कम्पनीहरूका ठुला र दुवैतिर रकम हसुर्ने हाकिमहरू' केही वर्षदेखि सक्रिय छन् ।

देशका गुप्त विषय विदेशीहरूसम्म पुऱ्याई देशमाथि आघात पुऱ्याउने तिनीहरूमध्ये नै हुनुपर्छ भन्ने अनुमान सजिलै जनताले गर्न सक्छन् । ती ठुला बडाले मात्रै शासक दलहरू, कार्यपालिका, न्यायपालिका, सेना, प्रहरी, गुप्तचर विभाग र प्रशासन यन्त्रबारे बताउन सक्छन् । यसबारे अहिलेसम्म छानबिनको रिपोर्ट बाहिर नआउनु ठुलो खतराको विषय हो ।

पूर्वपश्चिम राजमार्गको कर्मचारी, शिक्षक, अन्य क्षेत्र र जनताको चन्दाबारे पनि हिसाबकिताब बाहिर आएको छैन । त्यसैकारण, २०४५ सालको भूकम्पमा आफ्ना पीडित गरिब जनतालाई सहयोग गर्न भक्तपुर नगरपालिकाले तत्कालै कोष खडा गरेको थियो भन्ने चर्चा चल्यो । त्यसको एक दुई दिनपछि मात्रै सरकारले प्रम कोष खडा गऱ्यो । भक्तपुर काण्डको एउटा चुरो त्यसैलाई मानेका थिए - मरिचमानको सरकारका पञ्चहरूले ।

निर्माण व्यवसायी, व्यापार र उद्योग व्यवसायी संस्थाहरू सरकारको नजिक जान बारम्बार कोसिसमा छन् । तर, जनता तिनीहरूप्रति नै चोर औँला ठड्याइरहेका हुन्छन् । २०८३ भदौ १९ को 'नागरिक' दैनिकको एक शीर्षक हो - 'उद्योग व्यवसायीलाई प्याकेज', 'सर्वसाधारणलाई गाँसबासकै चिन्ता' यस शीर्षकबाटै साधारण जनता के चाहन्छन् भन्ने बुझिन्छ । समाज सचेत हुनु जरुरी छ ।

# निहत्थाको हत्या र देश जलाइएको एक वर्ष

✍ प्रज्ज्वल

निहत्था जनताको हत्या र देश आगजनीमा पारेर वा शान्तिपूर्ण आन्दोलनमा घुसपैठ गराएर देशमा परिवर्तन आउँदैन । परिवर्तनको लागि प्रधानमन्त्री र मन्त्रीहरू तथा सरकारका मुख्य मुख्य अधिकारीहरू देश र जनताको निःस्वार्थ सेवामा लाग्नु जरुरी हुन्छ । सरकारमा गएकाहरूको ध्यान विदेशबाट ऋण ल्याउने, जनतासँग कर उठाउने र त्यसैबाट आफूमात्र ऐशआराममा जीउनतर्फ गएसम्म साँचो परिवर्तन आउने छैन । नेपालमा अहिलेसम्म यही भइरहेको छ ।

सरकारहरूले निहत्था जनताको हत्या गर्ने तथा शान्तिपूर्ण आन्दोलनमा घुसपैठ गराएर देशभरि आगजनी गर्नेहरूमाथि कारबाही गरेर देखाउनु जरुरी छ । गत वर्ष भदौ २३ र २४ गतेको विध्वंसबारे कार्की आयोग र राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदन पनि सार्वजनिक भएको छ । प्रतिवेदनमा आरोपीहरूको सूची पनि उल्लेख छ । प्रतिवेदनमा आन्दोलन कसरी सुरु गरियो । जेल कसरी तोडफोड गरियो, आगजनीको लागि पेट्रोल बम बनाउने कसरी बनाउने भन्ने विषय छलफल गरिएको पनि कार्की आयोगमा उल्लेख छ । प्रतिवेदनका केही अंश यहाँ प्रकाशित छ :

**कारागार तोडफोड**

कारागार व्यवस्थापन विभागबाट प्राप्त विवरणअनुसार उक्त प्रदर्शनको क्रममा १४,५५५ जना कैदीबन्दी/थुनुवाहरू विभिन्न कारागार तथा बालसुधार गृहबाट फरार भएकामध्ये ३१२१ जनालाई पक्राउलाई गरिएको छ । ६६०३ जना सम्बन्धित कारागारमा आफै उपस्थित भए । अन्य कारागारमा ३७७ जना उपस्थित भए भने हालसम्म ४४४२ जना फरार नै रहेका छन् ।

हिरासतमा रहेका थुनुवाहरूमा १०३३ जना प्रदर्शनको क्रममा फरार भएकोमा २२३ जनालाई पक्राउ गरिएको, ४४ जना आफै उपस्थित भएको र ७६६ जना हालसम्म फरार नै रहेको तथ्याङ्क प्रहरी प्रधान कार्यालयबाट उपलब्ध भयो ।

कारागार व्यवस्थापन विभागको तथ्याङ्कअनुसार अति संवेदनशील मानिएका लागूऔषध मुद्दाका १०३७ जना, कर्तव्य ज्यान मुद्दाका ५४९ जना, जबरजस्ती करणी मुद्दाका ११७४, डाँका-चोरी मुद्दाका ४४८ जना र हातहतियार खरखजाना मुद्दाका ३६ जना कैदीबन्दी हालसम्म फरार छन् । रास्वपा सभापति रवि लामिछाने भदौ २४ गते नख्खु जेलबाट निस्केर हप्ता दिनपछि फिर्ता भएका थिए ।

**आन्दोलनको केन्द्रः डिस्कर्ड (Discord)**

सङ्गठनको आधार : आन्दोलनको तयारी र परिचालनका लागि डिस्कर्ड मुख्य माध्यम बन्यो । विशेषगरी 'युथ अगेन्स्ट करप्सन' र 'युवा हब' नामक दुई सर्भरहरूमा १ लाख १४ हजारभन्दा बढी संवादहरू भएका थिए ।

**२३ भदौ (शान्तिपूर्णबाट हिंसातर्फ)** :

युवाहरू स्कुल/कलेजको युनिफर्ममा माइतीघरमा भेला भएका थिए । बानेश्वरको निषेधित क्षेत्र तोडिएपछि प्रहरीसँग झडप भयो । त्यही दिन अपराह्नदेखि डिस्कर्डमा मोलोटोभ ककटेल (पेट्रोल बम) प्रयोग गर्ने योजनाहरू बन्न थाले ।

**२४ भदौ (विनाश र आगजनी)** :

कर्फ्यू उल्लङ्घन गर्दै प्रदर्शनकारीहरू सडकमा उत्रिए । शीर्ष नेताहरूको घर, संसद् भवन, सिंहदरबार र सर्वोच्च अदालतजस्ता महत्त्वपूर्ण संरचनाहरूमा आगजनी गरियो ।

**आगजनी र रसायनको प्रयोग** (Chemical Use)

आगजनीका क्रममा साधारण पेट्रोलमात्र नभई घातक रसायनहरू प्रयोग भएको आशङ्का गरिएको छ ।

**मोलोटोभ ककटेल :** बोतलमा पेट्रोल र कपडा प्रयोग गरी बनाइने बम, जसको चर्चा डिस्कर्डमा ३५६ पटक भएको थियो ।

**सोडियम र नेपाल्म :** डिस्कर्ड संवादमा सोडियम मेटल र 'नेपाल्म' (Napalm) बनाउने सूत्रहरू आदानप्रदान भएको पाइएको छ ।

**तीव्र आगलागी :** संसद् भवन र अन्य संरचनाहरूमा निकै छोटो समयमा आगो फैलिनुले 'सोडियम' वा 'म्याग्नेसियम' जस्ता प्रज्वलनशील रसायनको प्रयोग भएको हुन सक्ने सङ्केत गर्दछ ।

**मोलोटोभ ककटेल :** बोतलमा पेट्रोल र कपडा प्रयोग गरी बनाइने बम, जसको चर्चा डिस्कर्डमा ३५६ पटक भएको थियो ।

**भदौ २३ र २४ गते नेपालमा भएको - आन्दोलनमा प्रयोग भएका मुख्य Discord Server हरू :**

Yuwa Huh

यो सर्भर मुख्यतया भदौ २२ गतेबाट नै सक्रिय भएको थियो । यो सर्भरबाट विभिन्न ठाउँको नाम राखी फुटबल खेलाडी, गायक-गायिकालगायत विभिन्न क्षेत्रका व्यक्तिहरूलाई पोडकास्ट नामको Channel मा सहभागी गराई आन्दोलनमा सहभागी गराउनुको साथै सबै Discord मा जोडिएका सदस्यहरूलाई समेत आन्दोलनमा आउन आह्वान गरिएको थियो । यो सर्भर मा १२, १४४ वटासम्म सन्देशहरू पठाइएको थियो ।

**Youth Against Corruption**


यो Youth Against Corruption नामको Discord Server को Admin हामी नेपाल रहेका थिए । यो सर्भरभन्दा पहिले नै भदौ २२ गते राति युवा हबमा नेतृत्वको लागि तथा भदौ २३ गतेको आन्दोलनको लागि के-कुन व्यक्ति तथा संस्थाहरूबाट के कस्तो सहयोग लिन सकिन्छ भन्ने छलफलमा हामी नेपाल समेतको नाम लिइएको थियो । हामी नेपाल संस्थाले भदौ २३ गते पानीलगायत मेडिकल टिममा सहयोग गर्ने भनी जिम्मा लिएको थियो । भदौ २३ गते बिहान जब यो Discord Server को क्युआरसहितको पम्प्लेटसहित व्यक्तिहरू माइतीघरमा उपस्थित भए सोपश्चात यो सर्भरमा सदस्यहरूको सङ्ख्या बढ्न थालेको हो । यो सर्भरमा जम्मा १८,०१० ओटासम्म सन्देशहरू पठाइएको देखिन्छ ।

**डिस्कर्ड (DISCORD)**

- 'हामी नेपाल' को Youth Against cor-ruption र 'युवा हव' नाम भएका दुईवटा सर्भर (भर्चुअल समुदाय) बढी सक्रिय थिए । सुशीला कार्कीलाई प्रधानमन्त्रीमा पनि Discord कै Voting बाट छानिएको हो ।
- सन् २०२५ मा अमेरिकी युवाहरूले GAMER हरूबिच सहकार्य गर्न निर्माण गरेको यो प्लेटफर्म अहिले विश्वका ६० करोडभन्दा बढी प्रयोगकर्ताहरू यो प्लेटफर्मसँग आबद्ध छन ।
- एउटा सर्भरमा ५ लाख सदस्यसम्म जोडिन सक्ने, विभिन्न विषयमा बेग्लाबेग्लै समूह बनाउन सक्ने यो सर्भर सुरुमा Gamer मा मात्र सीमित थियो ।
- जेनजी आन्दोलनमा युवाहरूले टिकटक, रेडिटजस्ता प्लेटफर्ममा 'Nepo baby kids' 'Nepo babies' जस्ता अभियान चलाएर आन्दोलनलाई तताउन Discord लाई प्रमुख माध्यम बनाए ।
- ७ सेप्टेम्बर (भदौ २२) को राती ९:३५ बजेदेखि ९ सेप्टेम्बर (भदौ २४) मध्यरातसम्म (करिब ५० घण्टा) सर्भरमा कुल ६ लाख ६४ हजार पटक संवाद लेखिएको थियो । बिहान १०:४० मा 'आई डि के हु आईएम' प्रयोगकर्ताले 'गाईज मोलाटोभ नि बनाउ है बोतलमा' भनेर लेखेका थिए ।
- ७ सेप्टेम्बर (भदौ २२) मा स्कुल कलेजको युनिफर्म लगाएर आन्दोनमा जाने, बिहान ९ बजे माइतीघर मण्डलामा भेटने कार्यक्रम बन्यो । काठमाडौँबाहेक बाहिर प्रमुख शहरहरूमा पनि प्रदर्शन गर्ने तयारी संवादमा देखियो । दुर्गा प्रसाई राजावादी र दलका विद्यार्थी यूनियनहरूप्रति चनाखो रहन पनि भनेका थिए ।
- घटनाक्रमलाई रेकर्ड गरी अन्तर्राष्ट्रिय समाचार संस्थामा सामग्रीहरू पठाएर घटनालाई विश्वमञ्चमा पुऱ्याउने योजना देखिन्छ । 'हेरी हेयर' प्रयोगकर्ताले ७ सेप्टेम्बरमा लेखेका छन् 'MAKE SURE TO RECORD STUFF UP'
- भदौ २३ गते १२ बजेर ४३ मिनेटमा 'स्टारडस्ट किस' नामक प्रयोगकर्ताले Molotov (पेट्रोल ककटेल बम) युज गर्नुपर्छ भनी लेखे । १:५८ बजे कानी जिकियूले "हो हो अब मोलोटोभ फाल आफ्नो साईडबाट" लेखेका थिए ।
- २:३७ बजे रुकेश नामक प्रयोगकर्ताले 'मोलोटोभ सप्लाई हान न कसैले' भनी पोष्ट गरेका छन् । ३:५५ मा 'सँगातजी' नामक प्रयोगकर्ताले 'मोलोटोभ लिएर आउदै छु म' भनी लेखे । ५:५६ मा 'रुकेश' ले "यो मोलोटोभ जति सक्दो बनाएर लिएर आउ सबले" भनी लेखे ।
- आगो सल्काउन र फैलाउन प्रयोग हुने यो "मोलोटोभ" हतियार गैरकानुनी र प्राणघातक हुन्छ ।

*बाँकी पृष्ठ १२ मा*

# बाढी पीडित किसानलाई खेतीयोग्य जमिन दिनु जरुरी




शुक्र

गत भदौ १० गते आएको रसुवाको भोटेकोसीको बाढीले गरिबसँगै धनी मानिसलाई पनि बगायो । बाढीले सबैको धनमालमा नोक्सान पुऱ्यायो । तर, सरकारले पीडितलाई राहत वितरणमा पक्षपात गरेको सार्वजनिक भयो ।

सरकारले उद्योगी–व्यवसायीका लागि गत बिहीबार राहत प्याकेजको घोषणा गऱ्यो तर पीडित मजदुर–किसानका लागि अहिलेसम्म कुनै राहत घोषणा गरेन । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले तयार गरेको प्रारम्भिक प्रतिवेदनमा उक्त भोटेकोसी बाढीले १ हजार ८ सय ६ हेक्टर कृषियोग्य जमिनमा क्षति गरेको उल्लेख छ । यसबाट करिब ७ हजार ६ सय ८६ टन खाद्यान्न नोक्सान भएको छ । खेतीयोग्य जमिन बगरमा परिणत भएपछि धेरै वर्षसम्म किसानले खेती लगाउन गाह्रो हुन्छ । यसबाट सयौँ परिवारको गाँस खोसिएको छ ।

किसानको मुख्य बाली धानलगायत भटमास, दाल, तरकारी बाली नोक्सान हुँदा बाढी पीडित किसानको बाससँगै गाँस खोसिँदासमेत सरकारले कुनै पनि राहत दिएको छैन । किसानको बालीसँगै पशुधनको पनि क्षति भएको छ । १ लाख १६ हजार ५ सय ३९ कुखुरा, ३ हजार ३ सय ४० बाख्रा, १ हजार ५ सय ८३ बङ्गुर, १ हजार ६ सय ४० गाई–भैसी, २६ हजार ५ सय ८९ माछा नोक्सान भएको छ । किसानहरूले खाइनखाई बनाएको घरसँगै गोठ र खोरसमेत अर्बौंको पशुधन बाढीले बगाउँदा अब कसरी जिउने भन्ने चिन्ता थपिएको छ । 'मर्ने त मरेर गए हामी बाँचेकाहरू के खाएर बाँच्ने ?' पीडित किसानको गुनासो सरकारले किन नसुनेको होला ?

पीडित किसानको गुनासो छ, उद्योगी–व्यवसायीलाई करोडौँ–अर्बौंको कर छुटदेखि सहुलियत ऋणको घोषणा भयो तर हामी किसानका लागि सरकार किन मौन बसेको हो ? उद्योगी–व्यवसायीका लागि भन्सार, कर छुटको घोषणा गर्न सक्ने सरकार किसानका लागि किन बोल्दैन ? यसले सिंहदरबार धनीका लागि मात्र भएको पुष्टि गर्दैन र ?

गरिब बाढी पीडितले म्याद नाघेको खाद्यान्न खानुपर्ने अवस्था छ । सिंहदरबारमा थुपारिएका राहत सामग्री कुहिएर खेर गएको सार्वजनिक भयो । बाढी आएको दुई साता हुन लाग्दा पीडितले कुनै राहत नपाउनु के सरकारको कमजोरी होइन ? सरकारले पुनःनिर्माणको लागि ९ खर्ब लाग्ने भनिरहँदा राहत र पुनःस्थापनाको काम किन गर्दैन ? विदेशीको सेवा गर्ने सरकारहरूबाट गरिब जनताको हित नहुने के पुनः सत्य साबित भएको हो ?

बाढीपछि रसुवामा ९ सय ६० जना, नुवाकोटमा २ हजार ७ सय १४ जना, धादिङमा २ सय ३८ जना होल्डिङ सेन्टरमा रहेको सार्वजनिक भयो । पीडितहरूलाई बाढी प्रभावित ठाउँभन्दा सुरक्षित स्थानमा बसोबासको बन्दोबस्त गर्नुपर्ने विज्ञहरूको सुझावलाई सरकारले प्याकेज घोषणा किन नगर्ने ?

उद्योगी–व्यवसायीलाई गाडी खरिद र उद्योगको सामान खरिदमा पूरै कर र भन्सार छुट दिने सरकारले किसानलाई खेतीयोग्य जमिन दिन जरुरी छ । बाढी पीडित किसानलाई खेतीयोग्य जमिन दिनु जरुरी छ ।

# त्यो भदौ २४ र यो भदौ २४

● विवेक

भदौ २४ गते फरक फरक घटनाको कारण विशेष दिन हो । आजभन्दा ४७ वर्षअघि २०३६ सालको भदौ २४ विशेष महत्त्वको दिन थियो । हरेक वर्ष त्यस दिनलाई बामपन्थी एकता दिवसको रूपमा नेपालको कम्युनिस्ट आन्दोलनमा सम्झने गरिन्छ । त्यतिबेला निर्दलीय पञ्चायती व्यवस्थामा पार्टीहरू प्रतिबन्धित थिए । मौलिक र राजनीतिक अधिकार थिएन । सरकारको विरोधमा कसैले केही बोल्यो भने जेल जानुपर्ने अवस्था थियो । पञ्चायती व्यवस्थाको चरम दमनबिच पनि पार्टीहरू भूमिगत रूपमा आफ्ना गतिविधिहरू गर्दै थिए ।

२०३५ साल चैत महिनामा पाकिस्तानका पूर्व प्रधानमन्त्री जुल्फिकर अली भुटोलाई फाँसी दिएको विरोधमा नेपालमा विद्यार्थीहरूको विरोध भयो । विरोध सशक्त रूपमा अगाडि बढ्दै गएपछि सरकारले विद्यार्थी आन्दोलन सामु घुँडा टेक्यो । जेठ १० गते तत्कालीन राजा वीरेन्द्रले जनमत सङ्ग्रह घोषणा गरे ।

२०१७ सालपछि वामपन्थी पार्टीहरू कोही भूमिगत, कोही प्रवासमा बसेर पनि जनतालाई अधिकार सम्पन्न बनाउन क्रियाशील थिए । एक आपसमा आलोचना र विरोधका बिच सहकार्य र एकता अघि बढ्न सकेको थिएन । विद्यार्थी आन्दोलनका कारण देशमा नयाँ परिस्थिति तयार भएपछि का. रोहितको अध्यक्षतामा २०३६ भदौ ४ गते वनारसमा वामपन्थीहरूको बैठक बस्यो । त्यस बैठकले राजबन्दीहरूको विना शर्त रिहा, राजनीतिक पार्टीका नेता तथा कार्यकर्ताको मुद्दा फिर्ता, पञ्चायत सरकार विघटन र अन्तरिम सरकार गठन, मौलिक हकमा बन्देज लगाइएका सबै कानुन खारेजी र १८ वर्ष उमेर पुगेकाहरूलाई मताधिकारजस्ता ५ वटा मागहरू राखी भदौ २४ गते देशव्यापी आन्दोलन गर्ने निर्णय गर्यो ।

वाम पार्टीहरूबिच जनमत सङ्ग्रहमा भाग लिने वा बहिष्कार गर्ने भन्नेमा वैचारिक बहस सुरु भयो । नेमकिपाबाहेक अधिकांश दलहरू बहिष्कारको पक्षमा थिए । भदौ २४ को घोषित आन्दोलन देशव्यापी रूपमा धेरै हदसम्म सफल भयो । कति बामपन्थी पार्टीहरू आन्दोलन गर्न सहमति गरेर पनि आन्दोलनबाट पछि हटे तर सरकारले सोचेको भन्दा त्यो आन्दोलन धेरै सशक्त भयो । त्यस आन्दोलनको प्रभाव देखेर सरकार तर्स्यो । वामपन्थी पार्टीहरूको सङ्गठन विस्तारका गतिविधिहरू अगाडि बढ्दै गयो ।

जनमत सङ्ग्रहको बेला नेमकिपाले जस्तै अन्य कुनै पनि वामपन्थी पार्टीले सैद्धान्तिक परिपक्वता देखाउन सकेन । नेमकिपाले प्रतिक्रियावादी चुनावमा भाग लिएर जनताको सेवा गर्ने प्रतिक्रियावादीहरूलाई सजिलै जित्न नदिने र निर्वाचनलाई जनताको चेतनास्तर उठाउने ब्यारोमिटरको रूपमा भाग लिने नीति लियो । जनमत सङ्ग्रहमा बहुदलको पक्षमा २० लाख र सुधारिएको पञ्चायती व्यवस्थाको पक्षमा २४ लाख मत प्राप्त भएको दाबी गरी पञ्चायती व्यवस्था जितेको घोषणा गरियो । सबै वामपन्थीहरू एकजुट भएर बहुदलीय व्यवस्थाको पक्षमा प्रचार प्रसार तथा पञ्चायती निरङ्कुशताविरुद्ध लागेको भए बहुदलीय व्यवस्थाको लागि २०४६ साल कुर्नुपर्ने थिएन । नेपालका बामपन्थी पार्टीहरूको राजनीतिक अपरिपक्वताको कारण देशमा राजनीतिक परिवर्तन ढिलो भयो । तर जे होस् जनमत सङ्ग्रहले निर्विकल्प भनिएको पञ्चायती व्यवस्था विकल्प दिन बाध्य भयो ।

२०३८ सालमा राष्ट्रिय पञ्चायतको चुनाव भयो । त्यसमा पनि अन्य वामपन्थी भनिएका दलहरू बहिष्कारकै पक्षमा थिए । नेमकिपाले प्रतिक्रियावादीहरूलाई नङ्ग्याउने, जनतालाई राजनैतिक रूपमा सचेत पार्ने र प्रतिक्रियावादी सङ्घ संस्थाभित्र गएर जनताको सेवा गर्ने नीतिलिाई अघि सार्यो । त्यो नीतिलाई अहिलेसम्म निरन्तरता दिइआएको छ ।

नेका र वाममोर्चाको संयुक्त आन्दोलनले २०४६ सालमा पञ्चायती व्यवस्थाकै अन्त्य र बहुदलीय व्यवस्था स्थापना गर्यो । जनताले दलको नाउँमा निर्वाचन लड्ने अधिकार पाए । २०६२।६३ सालसम्म आइपुग्दा शान्तिपूर्ण आन्दोलनरत सात दल र १० वर्षसम्म सशस्त्र सङ्घर्ष गर्ने माओवादीबिचको संयुक्त आन्दोलनबाट २४० वर्षको इतिहास बोकेको राजतन्त्रको अन्त्य गरी देशमा गणतन्त्र स्थापना भयो । देशका यी विभिन्न घटनाक्रमहरूमा कतिले आफ्नो ज्यान दिए, कैयौँ मानिसहरू अङ्गभङ्ग भए भने कैयौँ राजनीतिक पार्टीका नेता कार्यकर्ताहरूले कठोर जेल सजाय भोगे । आजको राजनीतिक व्यवस्था धेरै नेपालीहरूको त्याग, तपस्या र बलिदानको परिणाम हो ।

**भागबण्डाको राजनीतिः**

२०४६ सालपछि नेका र एमालेले पालैपालो सरकारको नेतृत्व गर्यो । योग्यलाई भन्दा आफ्नो पार्टीको नजिककालाई मुख्य मुख्य पदमा पुर्याउने, पार्टीको झण्डा नबोकेकै कारण योग्य प्रशासकहरू पाखा लगाइए । यसले जनतामा सरकारप्रति नकारात्मक भावनाको विकास भयो । राजदूत, उपकूलपति, प्राध्यापक, शिक्षक हरेक क्षेत्रमा शासक दलहरूबिच भागबण्डामा नियुक्ति परम्परा जस्तै बनाइयो । नेका र एमाले पार्टीहरू बद्नाम हुँदै गयो । ती दलहरूको गतिविधिले राजनीतिमा आउनु भनेकै छिट्टै पैसा कमाउने, हुने नहुने सबै काम गर्ने, नेताहरूलाई खुशी पार्ने, डनहरूको संरक्षण गर्ने जस्तो हुन थाल्यो । प्रहरीको खोजी सूचिमा परेका डनहरू शासक पार्टीहरूका लागि राम्रो आयस्रोत जुराउने गतिलो साधन बने । मानिसको हत्या गरेरै आएको भए पनि शासक पार्टीको कार्यकर्ता भएकै कारण छुट पाउने, मुद्दा परेकै अवस्थामा पनि अदालतबाट मिलेमतोमा फिर्ता लिने जस्ता गलत र अनैतिक कामहरू पराकाष्ठामा पुग्यो । जनताको आँखा दुरविन सरह हुन्छ भनेझैं नेपाली जनताले ती सबै दृश्यहरू आँखाले हेरिरहेका थिए । जनताले दलहरूलाई पटक पटक सुध्रिने मौका नदिएका पनि होइनन् तर सुध्रिने सम्भावना नदेखेपछि जनता आफ्नै नेताहरूलाई सबक सिकाउन दण्ड दिने दिन पर्खिरहेका थिए । पद र पैसको लागि दल परिवर्तन गर्ने जस्ता सिद्धान्तच्यूतहरूले नै बारम्बार पार्टीमा मौका पाइरहेका कारण शासक पार्टीहरूभित्र आन्तरिक असन्तोष बढ्दै गयो । विदेशीहरूले युवाहरूलाई विभिन्न गैरसरकारी तथा अन्तराष्टिय गैरसरकारी संस्थाहरू (एनजिओ र आइएनजिओ) मार्फत जनताको असन्तोषमा आगोमा घ्यु थप्ने काम गरे । तर, नेका, एमाले र माओवादीका नेताहरूको चरम घमण्डीका कारण उनीहरूले जनताको असन्तुष्टिलाई बुझ्ने प्रयासै गरेनन् । पद र पैसाका लागि उनीहरू अन्धो भइसकेका थिए । कुनै वैकल्पिक शक्तिको नारा दिने बित्तिकै जनताले समर्थन गर्ने अवस्थामा पुगिसकेका थिए । भदौ २३ र २४ गतेको घटना त्यसैको परिणाम हो ।

**यो भदौ २४**

२०८२ साल भदौ २३ गते शान्तिपूर्ण आन्दोलनका नाउँमा विद्यार्थीहरूलाई माइतीघरमा भेला हुन आह्वान गरियो । विद्यार्थीहरू विद्यालयकै ड्रेसमा तोकिएको स्थानमा जम्मा भए । शान्तिपूर्ण र्याली तथा सभाको घोषणा गरिएको थियो । त्यही बेला टीओबीका लठेटहरूलगायत अमेरिकी युथ काउन्सिल, बारबरा फाउण्डेसन, समता फाउण्डेसनलगायतका एनजिओ र आइएनजिओका सङ्गठित सदस्यहरू घुसपैठ गरेर संसद भवन प्रवेश गर्ने र आगजनी गर्ने प्रयास गरे । सुरक्षाको निमित खटिएका प्रहरीहरूको गोलीबाट विद्यार्थीहरूको ज्यान गयो । ज्यान जानु राम्रो थिएन । त्यो घटना नियोजित थियो भने कुरा सरकारका पदाधिकारीहरूले ढिलो गरीमात्र बुझे ।

भदौ २४ गते बिहानैदेखि आतङ्कित घटनाहरू हुन थाले । आन्दोलनकारीका नाउँमा देशका धरोहर सिंहदरबार, संसद् भवन, सर्वोच्च अदालत, राष्ट्रपति भवन जलाइए । आक्रोशित भीडले देशका विभिन्न ठाउँका जिल्ला प्रशासन कार्यालय, पालिका भवनलगायत सयौँ घरहरूमा आगो लगाइयो । नेताहरू शेरबहादुर देउवा, केपी ओली, गगन थापा, झलनाथ खनाल, इश्वर पोखरेललगायतका निजी घरहरू जलाइए । शेरबहादुर देउवा दम्पति आफ्नै निवासमा कुटिए । प्रधानमन्त्री केपी ओली ज्यान सुरक्षाका लागि हेलिकप्टरमा भाग्नुपर्यो, प्रचण्ड र अन्य नेताहरूलाई सेनाको नियन्त्रणमा राखियो ।

त्यत्रो विध्वंश हुँदा पनि सुरक्षाको जिम्मा लिइरहेका नेपाली सेना, सशस्त्र प्रहरी र अन्य प्रहरी मूकदर्शक बनिरहे । काठमाडौँ महानगरले सिंहदरबारबाट १।२ किमि पनि टाढा नभएको दमकल पठाएन । सिंहरदबार र राष्ट्रपति भवन सुरक्षामा खटिएका सेनाले प्रदर्शनकारीहरूलाई तोडफोड र आगजनीमा सघाए । यसले देश एकै दिन देशका महत्त्वपूर्ण संरचनाहरू खरानी भए । देशको खरबौँको सम्पत्ति क्षति भयो । विदेशीको तालिम प्राप्त मान्छेहरूविना त्यति छोटो समयमा त्यति धेरैको क्षति सम्भव थिएन ।

त्यही अराजकताबिच संसद् विघटन भइ नयाँ सरकार गठन भयो । संविधान विपरीत गठित सरकारले चुनाव गराइयो । सरकारका प्रधानमन्त्रीदेखि अधिकांश मन्त्रीहरू अमेरिकी पैसाबाट सञ्चालित बारबरा फाउन्डेशन, अमेरिकी युथ काउन्सिल, समता फाउन्डेशनलगायतका पदाधिकारी र सदस्यहरू रहेको खुलियो ।

फागुन २१ गतेको प्रतिनिधिसभाको निर्वाचनबाट देशमा विदेशी पैसाबाट सञ्चालित गैरसरकारी र अन्तर्राष्ट्रिय गैरसरकारी (एनजीओ र आइएनजीओ) सञ्चालकहरूको सरकार गठन भयो । उनीहरू आफूलाई नयाँको दाबी गर्दै जनतामाथि शासन गर्दै छन् । सिद्धान्त र विचारविनाको जमातले पुराना राजनीति गर्नेहरूलाई गाली गलौज गर्नुलाई नै मुख्य उद्देश्य बनाएको छ । देश अराजक जमातको हातमा परेसँगै देशको सार्वभौमिकता खतरामा पर्दै गएको छ । प्रधानमन्त्री र मन्त्रीहरू अराजक भाषा बोल्दै गैरजिम्मेवार भएर प्रस्तुत हुँदै छ ।

२०३६ भदौ २४ गते निरङ्कुशताको अन्त्यको उद्घोषका साथ देशव्यापी जनआन्दोलनको दिन थियो । त्यही दिनबाट लामो समयसम्म अलग अलग भएका दलहरूबिच साझा विषयमा संयुक्त आन्दोलन अगाडि बढ्यो । त्यही आन्दोलनको जगमा टेकेर जनमत सङ्ग्रह, आम चुनाव र २०४६ र २०६२।६३ को आन्दोलनहरू भए । नेपाली जनतालाई रैतिबाट सार्वभौमसत्ता सम्पन्न जनता बनाइयो र देशलाई गणतन्त्रको अवस्थासम्म पुर्याइयो ।

२०८२ साल भदौ २४ गते देशलाई खरानी बनाएर विदेशी शक्तिबाट परिचालित रास्वपाको सरकार गठनको आधार तयार गरियो । त्यही आधारमा अहिले अमेरिका र भारतको प्रभाव बढ्दै छ । कतै नेपालको स्वतन्त्र अस्तित्व समाप्त हुने त होइन भन्ने चिन्ता गर्नुपर्ने अवस्थामा देश पुग्दै छ । नेपाली जनताले दशकौँ लामो सङ्घर्षबाट प्राप्त प्रजातान्त्रिक अधिकार पनि खोसिने सम्भावना बढ्दै छ । देशलाई खरानी बनाएको भदौ २४ गते कुन गन्तव्यमा गएर टुङ्गिन्छ त्यो हेर्न अझै केही समय धैर्य गर्नुपर्छ ।

## सन्दर्भ : श्रीलङ्काको अरागालया आन्दोलन

# साम्राज्यवादीहरूको ‘छद्म युद्ध’ अध्ययन ३९

✍ रामरतन चौधरी

सन् २००५ मा महिन्दा राजपाक्षे श्रीलङ्काको राष्ट्रपति बने । त्यसपछि उनले सन् २००९ मा पृथकतावादी तमिल टाइगर्सलाई सफलतापूर्वक परास्त गरेर लामो समयदेखि चलिरहेको गृहयुद्धको अन्त्य गरेका थिए । यसकारण, उनी सिंहलीहरूमाझ अत्यन्त लोकप्रिय भए । यही लोकप्रियताको कारण सन् २०१० मा पनि राष्ट्रपति चुनाव जिते । संसदीय चुनावमा दुईतिहाइ बहुमत प्राप्त गरे । त्यसपछि उनको शासन नातावाद, कृपावाद, भ्रष्टाचारमा लिप्त भएको विश्लेषकहरू बताउँछन् । जसले रङ्ग क्रान्तिलाई पनि मलजल गर्यो ।

रङ्ग क्रान्तिलाई पश्चिमी रणनीतिसँग जोडिएको ‘हाइब्रिड वारफेयर’ पनि भनिन्छ । रङ्ग क्रान्तिका अग्रणी व्यक्तिहरू खुला रूपमा अमेरिका वा पश्चिमाहरूका समर्थक हुन्छन् । उनीहरू अमेरिकाद्वारा सञ्चालित गैरसरकारी संस्थामा प्रशिक्षण लिएका वा पश्चिमी कम्पनीहरूको लागि काम गरेका व्यक्तिहरू हुन्छन् । दङ्गा, विध्वंस, हिंसात्मक झडप रङ्ग क्रान्तिका विशेषता हुन् । अरागालया आन्दोलनमा पनि यस्ता लक्षण देखा परेका थिए । प्रदर्शनकारीहरूले राष्ट्रपति निवासलगायत विभिन्न ठाउँमा आगजनी गर्ने, राष्ट्रपतिको निवासमा रहेको पोखरीमा पौडी खेलेर आनन्द लिने, राजपाक्षे समर्थकहरूलाई कुटपिट गरी बेइरा तालमा फ्याँक्ने, तोडफोड गर्नेजस्ता गतिविधिहरू देखा परेका थिए ।

**अमेरिकाको भूमिका**

श्रीलङ्काली भूराजनीतिक विश्लेषक तथा लेखक असांगा अबेयगुनासेकेराले एउटा अन्तर्वार्तामा गोताबाया राजपाक्षेलाई पदबाट हटाउनमा अमेरिकाको केन्द्रीय गुप्तचर निकाय (सीआईए) ले प्रत्यक्ष भूमिका खेलेको दाबी गरेका छन् ।

अमेरिकाले कुनै पनि देशको प्रगतिशील राजनीतिलाई समर्थन गर्दैन । आफ्नो पकडभन्दा बाहिर जान थाल्यो भने मानव अधिकार तथा सुशासनको आडमा गोप्य गतिविधि गर्दै शासन परिवर्तन गराउने षड्यन्त्र गर्छ । श्रीलङ्कमा पनि यस्तै भएको देखिन्छ । राजपाक्षको राजनीतिक गतिविधि अमेरिका विरोधी थिएन । उनले अमेरिकासँग खुला सहकार्य गरेका थिए । तर, पनि पूर्वराष्ट्रपति महिन्दा राजपाक्षे र पछिल्लो राष्ट्रपति गोटाबाया राजपाक्षेले चीनसँग पनि सम्बन्ध बढाउन थाले । महिन्दा राजपाक्षे र गोटाबाया राजपाक्ष दुवैले चीनसँग पूर्वाधार विकास र ऋण सम्झौताहरू गरे । चीनसँग बढ्दै गरेको श्रीलङ्काको सम्बन्ध अमेरिकालाई पचेन । अमेरिकाले दुवैलाई चीन समर्थकको रूपमा बुझ्न थाल्यो । यसकारण, अमेरिकाले श्रीलङ्कामा रङ्ग क्रान्तिको बिउ छरेको विश्लेषकहरू बताउँछन् ।

श्रीलङ्कामा भएको विरोध प्रदर्शनलाई श्रीलङ्कामा क्रियाशील विभिन्न गैरसरकारी संस्थाहरूले प्रवर्द्धन गरेका थिए । ती गैरसरकारी संस्थालाई NED र अमेरिकी अन्तर्राष्ट्रिय विकास एजेन्सी (USAID) द्वारा आर्थिक सहयोग गरिएको थियो । विरोध भइरहेकै बखत मध्यजुनमा USAID ले श्रीलङ्काका लगभग ६०० लेखक र पेशेवर लेखापरीक्षकहरूलाई तालिम दिने घोषणा गरेको थियो ।

USAID ले सन् २०१५ देखि श्रीलङ्काको संसद्लाई आर्थिक सहयोग दिने गरेको थियो । त्यसबेलादेखि श्रीलङ्काको बार एसोसिएसन, न्यायपालिका र स्थानीय सरकारमा पनि USAID ले सहयोगको नाममा आफ्नो पहुँच पुर्यायो । NED र USAID ले काम गरेको ठाउँमा जर्ज सोरोस र उनको ‘ओपन सोसाइटी फाउन्डेसन’ ले साथ दिएको हुन्छ । श्रीलङ्कामा पनि OSF सक्रिय छ । OSF ले २०१६ मा श्रीलङ्काली सरकारलाई सूचनाको अधिकार कानुन (RTI) लागू गर्न मनाएको थियो । जसको कारण सरकारको गुप्त कुरासमेत नागरिकको माध्यमबाट विदेशीको हातमा पुग्न थाल्यो ।

अमेरिकी गैरसरकारी संस्था एनईडी (National Endowment For Democracy) वर्षौंदेखि श्रीलङ्कामा क्रियाशील थियो । उसले श्रीलङ्कामा क्रियाशील विभिन्न संघ संस्थालाई आर्थिक सहयोग गर्दै आएको थियो । एनईडीले सन् २०२१ मा मात्र श्रीलङ्कामा कानुन, मानव अधिकार, वातावरण, पत्रकारिता, ‘युवा नेतृत्व र राजनीतिक संलग्नता’ को नाममा करिब १० लाख डलर खर्च गरेको थियो । श्रीलङ्कामा राष्ट्रिय लोकतान्त्रिक संस्थान (National Democratic Institute) र अन्तर्राष्ट्रिय गणतान्त्रिक संस्थान (International Republican Institute) दुवैका कार्यालय सञ्चालनमा छन् । NED ले दुवैलाई प्रत्यक्ष रूपमा आर्थिक सहयोग गर्छ । NDI को नेतृत्व पूर्वअमेरिकी विदेशमन्त्री मेडेलिन अल्ब्राइट (madeleine Albright) ले गरेका थिए भने IRI को नेतृत्व अमेरिकी सिनेटर जोन म्याककेन (John McCain) ले गरेका थिए । म्याककेन युक्रेनमा नाजी सङ्गठनहरूलाई खुला समर्थन गरेका व्यक्ति हुन् । NDI विश्वका १५६ वटा देशमा लोकतन्त्रलाई सुदृढ गर्ने नाममा जनता भड्काउने काममा क्रियाशील छ ।

श्रीलङ्कामा पनि अमेरिकाले अनुदान दिएका गैरसरकारी संस्थाहरूलाई सरकार कमजोर पार्न, विघटन गर्न र ध्वंसात्मक गतिविधि गर्न प्रयोग गरिएको थियो । तिनीहरूले प्रभावशाली युवाहरूलाई श्रीलङ्काको सरकार विरुद्ध प्रयोग गरे । ती युवाहरूले आफूले गरेका गतिविधिको पछाडि कसको हात रहेको र के हुँदै छ भन्ने नै थाहा पाएनन् ।

राष्ट्रपति निवासमा आक्रमण हुनुभन्दा केही समय अगाडि जुलाईको सुरुमा श्रीलङ्काका लागि अमेरिकी राजदूत जुली चुङ (Julie Chung) ले विपक्षी नेता तथा श्रीलङ्कामा क्रियाशील विभिन्न संस्थाका प्रतिनिधिहरूसँग भेट गरेकी थिइन् । उनले जुन २९ मा विपक्षी समाजी जना बालावेगाया (Samaji Jana Blalawegaya) का प्रतिनिधिहरूसँग पारदर्शिता र सुशासन प्रवर्द्धन गर्ने बारेमा उनीहरूको दृष्टिकोण सुन्ने वहानामा भेट गरेकी थिइन् । उनले जुलाई ५ मा श्रीलङ्काको न्याय मन्त्रालयका प्रतिनिधिहरूसँग भेट गरिन् । जुलाई ७ मा श्रीलङ्काका पत्रकारहरूलाई भेटिन् । उक्त भेटमा उनले अभिव्यक्ति स्वतन्त्रताप्रति अमेरिकाको अटल प्रतिबद्धता रहेको व्यक्त गरिन् । त्यसपछि अमेरिकी अनुदान प्राप्त अन्तर्राष्ट्रिय सैन्य शिक्षा र प्रशिक्षण कार्यक्रमका स्नातकहरूलाई भेटिन् । सो भेटमा लोकतान्त्रिक विचारलाई कायम राख्ने सेनाको प्रयासलाई अमेरिकाको समर्थन रहने व्यक्त गरिन् । यसरी अमेरिकाले श्रीलङ्कमा रङ्ग क्रान्ति गरेर सत्ता परिवर्तन गरायो ।

**सन्दर्भ सामग्री**

Sri Lanka: US Backed Colour Revolution in Colombo, redfireonline.com, 2022 july 20
Sri Lanka's Democratic Unrest: From Aragalaya to Uncertain Institutional Reform, NIICE NEPAL, 2026 january 16
Srilanka to Nepal: lessons from the revolutionary wave, The Communist, Ben Curry, Revolutionary Communist Party, 2025 Sep 25
Historical Vistas on Sri Lanka's 2022 people's Uprising, Samal Vimukthi Hemchandra, Sujit Sivasundaram, Oxford Academic History Workshop Journal 2024 january 23
Aragalaya 4th Anniversary: Colour Revolution or third post, Daily FT, 2026 July 9

# कृषिप्रधान देश नेपालको सङ्कट

✍ ज्योति

**उज्यालो नारा र अँध्यारो यथार्थ**

'हरियो वन नेपालको धन' र 'कृषिप्रधान देश' जस्ता चिरपरिचित नारा तथा वाक्यहरू विद्यालयको पाठ्यक्रमदेखि नेपालको संसद्मा धेरै पटक उच्चारण हुने गरेको छ । कुल जनसङ्ख्याको करिब ६० प्रतिशत हिस्सा अझै पनि कृषि वा यससँग जोडिएको श्रममा प्रत्यक्ष-परोक्ष रूपमा संलग्न छन् (MoALD, २०२५) । तथापि, भान्सादेखि बजारसम्म विदेशी कृषि उपजमाथि निर्भरता बढ्नाले गम्भीर प्रश्न उब्जाएको छ । चामल, दाल, तरकारी, फलफूलदेखि खाने तेललगायत सामग्री आयातका लागि अर्बौं रुपैयाँ बिदेसिनुले हाम्रो अर्थतन्त्र परनिर्भरता र उपभोगवादी दासताको गहिरो दलदलमा फसेको देखिन्छ ।

आम बहसमा सतही रूपमा भनिन्छ, "किसान अल्छी भए, खेती गर्ने मान्छे भएनन्, प्रविधि आएन, मल समयमा पाइएन वा मौसम बिग्रियो ।" तर, यस समस्यालाई बाह्य तथा प्राविधिक कारणहरूमा मात्र सीमित गरेर हेर्नु पूर्णतया अधुरो, भ्रमपूर्ण र राजनीतिक रूपमा पलायनवादी सोच हुनेछ । यो माटोमा वास्तवमै रगत र पसिना बगाउने आम किसान र सहरमा बसेर कमिसन खाने तथा दलाली गर्नेहरूबिचको असमान शक्ति संरचना र उत्पादन सम्बन्ध ( Relations of Production) को उपज हो ।

नेपालको यस गम्भीर सङ्कटको पछाडि लुकेका वर्गीय उत्पीडन, आर्थिक लुटपाट र परनिर्भरताको वास्तविक जालोको चिरफार सतही दृष्टिकोणले गर्न सकिँदैन । यसको वास्तविकता थाहा पाउन र परजीवी अर्थतन्त्रलाई चिरफार गर्न मार्क्सवादी राजनीतिक-अर्थतन्त्रको वैज्ञानिक लेन्सबाट हेर्न आवश्यक छ ।

**१. कृषि उत्पादन, माग र आपूर्तिको वर्तमान यथार्थ**

नेपाल राष्ट्र बैङ्क र भन्सार विभागका पछिल्ला आर्थिक प्रतिवेदनहरूले नेपालको कृषि तथा वैदेशिक व्यापारको परनिर्भरतालाई स्पष्ट रूपमा उजागर गरेको छ ।

**क. बढ्दो व्यापार घाटा** :

पछिल्लो आर्थिक वर्षमा नेपालको कुल वैदेशिक व्यापार घाटा बढेर रु. १.७८ ट्रिलियन (१७ खर्ब ८० अर्ब रुपैयाँ) भन्दा माथि पुगेको छ (Biznessnews, २०२६) । कुल आयातको आकार करिब २१ खर्ब पुग्दा निर्यात भने ३.१५ खर्ब रुपैयाँको हाराहारीमा सीमित छ । आयात र निर्यातको अनुपात (Import-Export Ratio) ६.६७ गुणा पुगेको छ, जसको अर्थ हरेक १ रुपैयाँको निर्यात गर्दा ६.६७ रुपैयाँभन्दा बढीको आयात भइराखेको छ (Department of Customs, २०२६; NRB, २०२६) ।

**ख. कृषि तथा खाद्यान्न आयातको कहालिलाग्दो चित्र** :

नेपालले वार्षिक रूपमा रु. २ खर्बभन्दा बढीको कृषिजन्य वस्तुहरू आयात गर्ने गरेको छ (The Rising Nepal, २०२५) ।

**खाद्यान्न (धान, चामल र मकै)** : आन्तरिक रूपमा धानको उत्पादन करिब ५४ देखि ५७ लाख मेट्रिक टन हुने सरकारी तथ्याङ्क भए पनि (MoALD, २०२५) बढ्दो माग, प्रशोधन उद्योगको अभाव, सहरीकरण र बिचौलियाको सिन्डिकेटका कारण वार्षिक ३५ देखि ४० अर्ब रुपैयाँको चामल आयात भइरहेको छ (Department of Customs, २०२६) । नेपालमा करिब ९ लाख हेक्टरभन्दा बढी क्षेत्रफलमा वार्षिक रूपमा करिब २६ लाखदेखि २९ लाख मेट्रिक टन मकै उत्पादन हुने गरेको छ ( MoALD, २०२५) । कागजी रूपमा उत्पादन पर्याप्त देखिए पनि उत्पादित मकैले मात्र नपुगी व्यावसायिक कुखुरा पालन र पशु दानामा नेपालले प्रत्येक वर्ष अर्बौंको आयात गरिरहेको छ । भन्सार विभागको तथ्याङ्कअनुसार वार्षिक १३ अर्बदेखि १८ अर्ब रुपैयाँसम्म बाहिरिने गरेको छ, जुन मुख्यतया भारत र अन्य तेस्रो मुलुकबाट हुने गरेको छ ( Department of Customs, २०२६) ।

**तरकारी, आलु र प्याज** : भन्सार विभागको पछिल्लो आर्थिक तथ्याङ्कअनुसार आलु, सुक्खा प्याज, लसुन र विभिन्न ताजा तरकारीआयातका लागि मात्रै वार्षिक २५ देखि २६ अर्ब रुपैयाँ बाहिरिने गरेको छ, जसमा भारत र चीन मुख्य स्रोत हुन्, जसमध्ये भारतीय बजारको एकाधिकार सबैभन्दा बढी छ । मुख्य सिजनमा समेत भारतीय सीमावर्ती बजारबाट सहजै सस्तो तरकारी भित्रिनुले स्वदेशी उत्पादनलाई पूर्ण रूपमा विस्थापित र निरुत्साहित गरिरहेको छ ।

**फलफूल र अन्य** : स्याउ, केरा र सुन्तलाको आयातमा वार्षिक १० देखि १२ अर्ब रुपैयाँ बाहिरिन्छ । साथै, दाल तथा गेडागुडी क्यानाडा र तान्जानियाबाट, खाने तेलको कच्चा पदार्थ अर्जेन्टिना र ब्राजिलबाट आयात हुने गरेका छन् (Department of Customs, २०२६)।

**२. नेपालको कृषि सङ्कट**

नेपालमा देखिएको कृषि सङ्कट र किसानहरूले भोगिरहेका समस्यालाई प्राविधिक र सामान्य रूपमा हेर्दा वास्तविक समस्या पहिचान र समाधान हुन सक्दैन । योसँग जोडिएका विविध विषयलाई गहिरिएर विश्लेषण गर्नु आवश्यक छ । हाल विद्यमान व्यवस्थाले कस्तो प्रभाव पार्‍यो ? किन असर गर्‍यो ? भनी सोच्नुपर्छ । नेपालको कृषि सङ्कटलाई निम्नलिखित तीन प्रमुख आयामबाट बुझ्न सकिन्छः

**क. अर्ध-सामन्ती अवशेष र उत्पादनका साधनमाथिको असमान स्वामित्व**:

मार्क्सका अनुसार समाजको भौतिक आधार 'उत्पादनका साधन' (Means of Production–जमिन, जल, स्रोत र प्रविधि) मा कसको नियन्त्रण छ भन्ने कुरालाई मुख्य रूपमा हेर्नुपर्छ (Marx, १८६७) । उत्पादनका साधनमाथि जुन वर्गको नियन्त्रण छ त्यसैले फाइदा उठाइरहेको हुन्छ । शासन व्यवस्थामा पनि त्यहीँ वर्गको हालीमुहाली चल्ने गर्छ । नेपालमा क्रान्तिकारी भूमिसुधार लागू हुन नसक्दा ग्रामीण क्षेत्रमा अझै पनि अर्ध-सामन्ती अवशेषहरू जीवितै छन् । जमिनमा पसिना बगाउने किसान भूमिहीन वा सुकुमवासी छन्, तर श्रम नगर्ने बिचौलिया र जग्गाधनीहरूले भू-स्वामित्वको आडमा नाफा कुम्ल्याइरहेका छन् । नेपालका सबै जिल्लामा २०२१ को भूमिसुधार लागू भएको भए धेरै किसान भूमिहीन वा सुकुमवासी हुने थिएनन् ।

**ख. श्रमको वस्तुकरण ( Commodification of Labor) र युवा पलायन**

पुँजीवादी व्यवस्थाले श्रमलाई समेत बजारमा किनबेच हुने वस्तुमा परिणत गर्छ (Marx, १८६७) । नेपालको कृषि क्षेत्रमा उत्पादित वस्तुको उचित मूल्य (Fair Price) नपाएपछि र राज्यले सुरक्षा नदिएपछि नेपाली युवाहरू आफ्नो श्रमलाई सस्तो मूल्यमा खाडी मुलुक तथा विदेशमा 'सस्तो श्रमशक्ति' (Surplus Labor) को रूपमा बेच्न बाध्य छन् (NRB, २०२६) । गाउँ घरमा उत्पादक श्रम शक्ति (Productive Labor Force) को अभावमा उर्वर जमिनहरू बाँझै छोडिने र खण्डीकरण हुने क्रम तीव्र छ । आफ्नो घर, जग्गा धितो राखेर तथा बेचेर नेपाली जनता बिदेसिन बाध्य छन् । मान्छे होइन मेसिन बन्न बाध्य छन् ।

**ग. दलाल तथा व्यापारी पुँजीवादको कब्जा** (Comprador Capitalism)

'दलाल पुँजीपतिवर्ग' ले देशको उत्पादन क्षेत्र वा कृषिको आधुनिकीकरणमा लगानी गर्दैनन्, विदेशी सामान आयात गरी कमिसन खान र नाफा कमाउन लालायित हुन्छन् । जसले परनिर्भर बजार खडा गर्न सहयोग पुर्‍याउँछ । नेपालमा खाद्यान्न, तरकारी र फलफूलको आयातमा अस्वाभाविक निर्भरता देखिनु दलाल पुँजीवादी चरित्रकै परिणाम हो, जसले राष्ट्रिय उत्पादनलाई निरुत्साहित गर्छ (The Rising Nepal, २०२५)।

**३. खाद्य सार्वभौमिकता, सहकारीकरण र श्रमिकको अधिकार**

परनिर्भरताको चक्रव्यूहलाई तोडेर न्यायपूर्ण, जनमुखी र आत्मनिर्भर अर्थतन्त्र निर्माणमा सरकारले प्रयास गर्नुपर्छ ।

**खाद्य सार्वभौमिकता (Food Sovereignty) :**

कुनै पनि देशका नागरिकको खानामाथि बहुराष्ट्रिय कर्पोरेसन वा विदेशी बजारको नियन्त्रण हुनुहुन्न । खानामाथि नियन्त्रण गरेर अनेक असमान सन्धि-सम्झौता लाद्ने प्रयास पनि हुने गरेको छ । नेपालमा दैनिक उपभोग्य वस्तुसमेत विदेशबाट आयात हुनुले खाद्य सार्वभौमिकतामाथि गम्भीर प्रश्न उठेको छ ।

**सामूहिकीकरण र सहकारी उत्पादन (Collectivization & Cooperatives):**

सङ्गठित नभएका साना किसानहरूले पुँजीवादी बजारमा ठुला बिचौलियाहरूसँग एक्ला-एक्लै प्रतिस्पर्धा गर्न सक्दैनन् । उनीहरू आफ्नो समस्यालाई मात्र ठुलो देख्छन्, कतिपय अवस्थामा आफू शोषणमा परेको, ठगिएको र पीडित भएको पनि थाहा पाउँदैनन् । आफ्नो उत्पादन बिक्री नहोला भन्नेमा मात्र चिन्तित हुन्छन्, बिचौलियाले तोकेको मूल्यमा बेच्न बाध्य भइरहेका छन् । उनीहरूमा सामूहिकताको भावना जगाउनुपर्छ । जमिनलाई चक्लाबन्दी गरी सामूहिक खेती (Collective Farming) र राज्यसमर्थित सहकारी माध्यमबाट उत्पादन प्रणाली सञ्चालन गर्नुपर्छ (MoALD, २०२५) । खेतीयोग्य जमिन वर्गीकरण गरेर ठुल्ठुला पाटामा खेती गर्दा खर्च कम लाग्ने, मेसिनहरू प्रयोग गर्न सजिलो हुने र उत्पादन पनि बढ्छ । कृषि सहकारीहरूले उत्पादन, प्रशोधन र बजारीकरणमा सहयोग गर्नुपर्छ । तीन तहकै सरकारले जिम्मेवारी लिनुपर्छ ।

**उत्पादकको हातमा सत्ता र लाभ :**

नाफालाई भन्दा जनहित र श्रमको सम्मानलाई प्राथमिकता दिइने समाजवादी प्रणाली अपनाएर किसानले बगाएको पसिनाको मूल्य बिचौलियाले लुट्ने व्यवस्था अन्त्य गरिनुपर्छ । सरकारले नै 'न्यूनतम समर्थन मूल्य' (Minimum Support Price) तोकेर सम्पूर्ण उपज खरिद गर्ने प्रणाली बसाल्नुपर्छ ।

**४. समाधानका वैज्ञानिक तथा नीतिगत विकल्पहरू**

धेरै गफ हाने पनि मुख्य समस्या हालको व्यवस्था रहेको छ । धारा सफा गरेर होइन पानीको मुहान नै सफा गरेपछि स्वच्छ र सफा पानी खान पाइन्छ । हालको उत्पादन सम्बन्ध र उत्पादनका साधनमाथिको नियन्त्रण नतोडेसम्म वास्तविक समस्या समाधान गर्न सकिँदैन । तत्कालै दलाल पुँजीवादी आयाततन्त्रको अन्त्य गर्नुपर्छ, उत्पादनका साधनमा श्रमजीवीको स्वामित्व स्थापित गरी क्रान्तिकारी भूमिसुधार र वैज्ञानिक भू-उपयोग नीति लागू गर्नुपर्छ ।

**क्रान्तिकारी भूमि सुधारः** जसले जमिन जोत्छ उसलाई जमिन दिएर खेती गर्न लगाउनुपर्छ । कम ज्याला र विना ज्यालामा भन्दा आफ्नो बारीमा धेरै मिहिनत गरेर काम गर्दा उत्पादन बढ्छ । वास्तविक किसानको हातमा जमिन हुन्छ ।

वैज्ञानिक भू-उपयोग नीति र चक्लाबन्दीः बाँझो र छरिएर रहेका जग्गालाई एकीकृत गरी चक्लाबन्दी (Land Pooling) मार्फत व्यावसायिक र सामूहिक खेतीलाई प्रोत्साहन गर्नुपर्छ । सामूहिक भावना बढ्नुका साथै आधुनिक मेसिनको प्रयोग गरेर खेती गर्न सहज हुन्छ ।

**उत्पादनमा आधारित प्रत्यक्ष अनुदान** : पहुँचका भरमा हुने अनुदान वितरण खारेज गरी, वास्तविक किसानले उत्पादन गरेको परिमाणका आधारमा सिधै बैङ्क खातामा अनुदान पुग्ने व्यवस्था गरी व्यवस्था मिलाउनुपर्छ । भूमिहीन किसान र साना किसानलाई विशेष प्राथमिकता दिनुपर्छ ।

**शीतभण्डार र न्यूनतम समर्थन मूल्यको ग्यारेन्टी** : स्थानीय तहसम्म शीतभण्डार (Cold Storage) निर्माण गरी बाली लगाउनु अगावै न्यूनतम समर्थन मूल्य तोकेर राज्यले खरिद गर्ने प्रबन्ध मिलाउनुपर्छ । न्यूनतम समर्थन मूल्य तोक्दा किसानको वास्तविक लागत मूल्यलाई विशेष ध्यान दिनुपर्छ । माग र आपूर्तिका आधारमा मूल्य निर्धारण गर्ने भन्दा उत्पादन र वितरण लागतका आधारमा गर्नुपर्छ ।

**आयात नियमन र स्वदेशी बजार संरक्षण** : नेपालमा पर्याप्त उत्पादन हुने सिजनमा बाहिरी मुलुकबाट आउने कृषि उपजहरूमा कडा भन्सार प्रतिबन्ध लगाउनु तथा नियमन गर्नुपर्छ । कुनै व्यापारीको फाइदाका लागि कृषि उपज आयात गर्नुहुँदैन ।

**निष्कर्ष** :

नेपालको कृषि सङ्कट कुनै प्राकृतिक दुर्घटना वा संयोगले निम्तिएको होइन; यो वर्गीय उत्पीडन, दलाल पुँजीवादी नीति र उत्पादक शक्तिहरू ( श्रम र जमिन) माथि राज्यले ध्यान नदिनाले भएको हो । जबसम्म राज्यले दलाल र बिचौलियाहरूको जालो तोड्दै जमिनमा श्रम गर्ने वास्तविक किसानलाई मालिक बनाउँदैन र उत्पादनका साधनमाथि सार्वजनिक वा सहकारी नियन्त्रण स्थापित गर्दैन, तबसम्म 'कृषिप्रधान देश' को नारा एउटा राजनीतिक भ्रम मात्र बनिरहनेछ ।

**सन्दर्भ सामग्री**

Biznessnews. (2026). Nepal's trade deficit widens 16.63pc despite exports and imports growth. Kathmandu: Biznessnews Desk.

Department of Customs. (2026). Annual Foreign Trade Statistics Reports (FY 2025/26): Cereal, Paddy, Rice, Maize, Vegetable, Potato, and Onion Imports. Kathmandu: Ministry of Finance, Government of Nepal.

Marx, Karl. (1867). Das Kapital: Critique of Political Economy (Volume I). Hamburg: Verlag von Otto Meissner.

Ministry of Agriculture and Livestock Development [MoALD]. (2025). Statistical Information on Nepalese Agriculture: Area, Production, and Yield of Major Food Grains. Kathmandu: Government of Nepal.

Nepal Rastra Bank [NRB]. (2026). Current Macroeconomic and Financial Situation Reports (Based on Ten and Eleven Months' Data of FY 2025/26). Kathmandu: NRB Research Department. [Available at nrb.org.np]

The Rising Nepal. (2025). Special Report: Surging Import Bills of Daily Consumption Vegetables and Cereals.Kathmandu.

# नयाँ पुस्तालाई संस्कृतिको महत्त्वबारे सिकाउँदै पुस्तान्तरण गर्दै जानुपर्ने

भक्तपुर । भक्तपुर नगरपालिका वडा नं. ७ को आयोजनामा सुडालस्थित ठुली ब्रह्मायणीमा वडा नं. ७ बाट भक्तपुर नगरपालिकामा कार्यरत कर्मचारी, स्थानीय आमा समूहका सदस्य तथा स्थानीय बासिन्दाबिच भेटघाट कार्यक्रम भदौ २० गते सम्पन्न भएको छ ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले धर्म पूजा, भजन-कीर्तन र भोजभतेरमा मात्र सीमित नभई विज्ञानसँग पनि जोडिएको विषय भएकोले यसबारे गहन अध्ययन आवश्यक रहेको बताउनुभयो । उहाँले नयाँ पुस्तालाई धर्म तथा संस्कृतिको महत्त्वबारे सिकाउँदै जानुपर्ने र पुस्तान्तरण गर्दै जानुपर्ने उहाँको भनाइ थियो ।

उहाँले भेटघाट कार्यक्रमले एकआपसमा परिचय तथा सम्बन्ध विस्तार गर्न सहयोग पुग्ने भएकाले निरन्तरता दिनुपर्नेमा जोड दिनुभयो ।

उपप्रमुख जोशीले भक्तपुर नगरपालिकाले गर्दै आएको घरघरमा नर्सिङ सेवाले नगरवासीहरू लाभान्वित भइरहेको जानकारी दिनुभयो । वडा विकास तथा वडालाई थप क्रियाशील बनाउन वडावासीको सक्रिय सहभागिता आवश्यक रहेको उहाँले बताउनुभयो ।

उहाँले भक्तपुर नगरपालिका वडा नं. ७ गोमारीमा आगामी कार्तिक ६ र ७ गते आयोजना हुने पीखुकगु नेपालभाषा साहित्य त:मुंज्या भव्य रूपमा सम्पन्न हुने विश्वास व्यक्त गर्दै शुभकामना दिनुभयो ।

न्यायिक समितिको भूमिकाबारे चर्चा गर्दै उहाँले घरेलु समस्या, छिमेकीबिचका विवाद, मेलमिलाप, जग्गा-जमिनलगायत विभिन्न समस्या न्यायिक समितिमार्फत समाधान हुँदै आएको बताउनुभयो । समाजमा देखिने सामाजिक समस्याहरूलाई समुदायबाटै समाधान गर्न प्राथमिकता दिनुपर्ने र समुदायबाट समाधान हुन नसके पालिकाको न्यायिक समितिमार्फत समाधान खोज्नुपर्ने उहाँले बताउनुभयो ।

उपप्रमुख जोशीले अपाङ्गता भएका नागरिकले आफ्ना अधिकारका विषयमा अझै पर्याप्त जानकारी पाउन नसकेको उल्लेख गर्दै उनीहरूलाई आफ्ना अधिकारबारे जानकारी गराउन सबैले सामूहिक रूपमा पहल गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा वडा नं. ७ का अध्यक्ष उकेश कवांले छोराछोरीलाई प्रविधिको ज्ञानसँगै अध्ययनमा पनि अगाडि बढाउनुपर्ने बताउनुभयो । देश सङ्कटबाट गुज्रिरहेको वर्तमान अवस्थामा सङ्कट र पीडालाई शक्तिमा रूपान्तरण गर्दै अघि बढ्नुपर्ने उहाँको भनाइ थियो ।

अध्यक्ष कवांले वडा नं. ७ गोमारीमा यही कार्तिक ६ र ७ गते आयोजना हुने पीखुकगु नेपालभाषा साहित्य त:मुंज्या सफल बनाउन सबै सक्रिय रूपमा लाग्नुपर्ने बताउनुभयो । व्यवहारमा गरिने सानो गल्तीले पनि जीवनभर असर पार्न सक्ने भएकाले एकअर्काप्रति गरिने व्यवहारमा सबै सचेत हुनुपर्ने उहाँले उल्लेख गर्नुभयो ।

भक्तपुर नगरपालिकाले नगरभित्रका विद्यार्थीले आफूले अध्ययन गर्न चाहेको विषय अध्ययन गर्नका लागि ऋण उपलब्ध गराउँदै आएको जानकारी दिँदै अध्यक्ष कवांले नगरपालिकाले विभिन्न सीपमूलक तालिम सञ्चालन गर्नुका साथै सिकेको सीपअनुसार व्यवसाय सञ्चालन गर्न पाँच लाख रुपैयाँसम्म ऋण उपलब्ध गराउँदै आएको बताउनुभयो ।

पर्यटन व्यवसायको नाममा समाजलाई नपच्ने तथा सामाजिक मूल्य-मान्यताविपरीतका व्यवसाय सञ्चालन गर्न नगरपालिकाले स्वीकार नगर्ने उहाँले स्पष्ट पार्नुभयो ।

कार्यक्रममा वडा सदस्य हेरा ख्याजूले आफ्नो समाज र समुदाय सफा राख्ने जिम्मेवारी सबैको भएको बताउँदै सरसफाइमा स्थानीय बासिन्दा आफैं सक्रिय हुनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा वडा नं. ७ का जनप्रतिनिधि, नगरपालिकामा कार्यरत कर्मचारी, आमा समूहका सदस्य तथा स्थानीय बासिन्दाहरूको सहभागिता रहेको थियो । कार्यक्रमले वडा तथा स्थानीय समुदायबिच आपसी परिचय, सहकार्य र सम्बन्धलाई थप सुदृढ बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गरिएको थियो ।

# नेमकिपा काठमाडौँ–रामेछाप सम्पर्क समितिको प्रशिक्षण

काठमाडौँ । नेपाल मजदुर किसान पार्टी काठमाडौं–रामेछाप सम्पर्क समितिको आयोजनामा भदौ १९ गते प्रशिक्षण कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपा भक्तपुर जिल्ला समितिका उपाध्यक्ष न्हुछेभक्त फोजूले भक्तपुर काण्ड एक राजनीतिक षड्यन्त्र भएको स्पष्ट पार्दै इमानदार नेता कार्यकर्ताहरूलाई प्रतिगामीहरूले अनेक जालझेल रच्नेतर्फ सचेत हुनु जरुरी छ भन्नुभयो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी शिक्षक सङ्घ भक्तपुर जिल्ला समितिका अध्यक्ष गणेशराम थुसा, सोनी श्रेष्ठ र श्रीराम श्रेष्ठलगायतले बोल्नुभएको थियो ।

# १८ वर्षीया जोयाको वीरताबाट नेपालका नयाँ पुस्ताले सिक्नुपर्ने

✍ ज्योति मगर

**पृष्ठभूमि**

रुसमा जार शासकको अत्याचारविरुद्ध सन् १९१७ मा लेनिन र स्तालिनको नेतृत्वमा बोल्सेविक पार्टीले अक्टोबर समाजवादी क्रान्ति सम्पन्न गर्‍यो । अक्टोबर समाजवादी क्रान्तिअघि जनताको जीवन 'नारकीय' थियो । अक्टोबर क्रान्तिपछिको सोभियत सङ्घमा संसारमा कसैले नसोचेको परिवर्तन भयो । कामदारवर्गका जनता पनि सुखी हुने रहेछन् र खुसी हुने रहेछन् भनेर संसारले थाहा पायो । त्यहाँको क्रान्तिको उज्यालोले धेरै देशलाई बिउँझायो अनि समाजवादी क्रान्तिको लागि धेरै देशका जनताले सङ्घर्ष गर्न थाले । त्यो परिवर्तनले नयाँ युगको सुरुआत सम्भव छ भनेर शोषित-पीडित जनतालाई बाटो देखाइदियो । बेलायतले ३ सय वर्षमा अमेरिकाले २५० वर्षमा अनि फ्रान्सले १५० वर्षमा गरेको विकास सोभियत सङ्घको समाजवादले ३०-४० वर्षमै सम्पन्न गर्‍यो । संसारकै निमित्त यो निकै आश्चर्य र सम्भावनाको विषय बन्यो ।

महिलाका निमित्त त यो बन्दोबस्त 'स्वर्गैसरी' प्रमाणित भयो । शिक्षा र स्वास्थ्य पूर्णत: राज्यको जिम्मेवारीमा राखियो । सबै क्षेत्रमा उल्लेख्य मात्रामा महिलाको सहभागिता रह्यो । महिलाको प्रतिनिधित्व स्वास्थ्य क्षेत्रमा ९८ प्रतिशत, चिकित्सक ७५ प्रतिशत, पुस्तकालय हेर्ने (लाइब्रेरियन) ९० प्रतिशत, विद्यालय जनशक्ति ७५ प्रतिशत आदि तथ्यतथ्याङ्कले पनि आमूल परिवर्तन वा क्रान्तिले के परिणाम दिन्छ भन्ने स्पष्ट पार्छ । अक्टोबर क्रान्तिअघि महिलाहरूले मान्छेकै दर्जा पाएका थिएनन् । समाजवादको अस्थायी हारपछि रुसमा पुन: ७० प्रतिशत महिला बेरोजगार भए । सन् १९१७ भन्दा अगाडिजस्तै शरीर बेच्नुपर्ने अवस्थामा महिलाहरू पुगे ।

सन् १९२४ मा सोभियत जनताका प्रिय नेता लेनिनको निधन भयो । त्यसपछि स्तालिनको नेतृत्वमा समाजवादका उपलब्धि व्यवस्थित रूपमा अघि बढ्दै थियो । क्रममा जर्मनीको नाजीवादी हिटलरको सेनाले सोभियत सङ्घमाथि आक्रमण गर्‍यो (सन् १९४१ को दोस्रो विश्वयुद्धको समयमा) । सो आक्रमणले १७ सय नगर र बस्तीहरू ध्वस्त भए; ७० हजार गाउँ धुलोपिठो भए; ३२ हजार कलकारखाना नष्ट भए; ६५ हजार किमि रेलको बाटो बिग्रियो; १ लाखभन्दा बढी सामूहिक खेतीका मेसिन, ट्र्याक्टर र गोदाम लुटिए; हजारौँ स्कूल-कलेज अस्पताल माटोमा परिणत भए; करोडौँ सोभियत जनता घरबारविहीन भए झन्डै साढे २ करोड रुसी जनता मारिए ।

स्तालिनको नेतृत्व र सोभियत जनताको साथ-सहयोगमा क्षत्विक्षत सोभियत सङ्घ हिटलरको नाजी सेनालाई परास्त गर्दै अझ बलियो स्वरूपमा उभियो । समाजवादी व्यवस्थाको तागत कस्तो हुन्छ भन्ने उदाहरण र प्रमाण सोभियत सङ्घले संसारमै प्रस्तुत गर्‍यो । त्यसपछि क्रमश: चीन, प्रजग कोरिया, क्युवा, भियतनामलगायत देशमा पनि समाजवादी क्रान्ति सम्पन्न भए । कैयौँ देशमा स्वतन्त्रता र स्वाधीनताको मुक्ति आन्दोलन सम्पन्न भए ।



**बहादुर छोरी जोया**

सोभियत सङ्घलाई बचाउन र अझ बलियो गरी उभ्याउन योगदान गर्नेहरूमा जोया कस्मोदिम्यान्स्कायाजस्ता साहसी युवती-महिलाहरूको नाम पनि अग्रमोर्चामा आउँछ । सन् १९२३ सेप्टेम्बर १३ मा रुसको ओसिनो गाइमा जन्मिएकी जोया दोस्रो विश्वयुद्धताका रुसको राजधानी मस्को हिटलरको नाजी सेनाको कब्जा बेला १८ वर्षकी युवा थिइन् । युद्धका कठिन दिनहरूमा पाइला-पाइलामा मृत्युको डर थियो । बहादुर सोभियत जनता नाजीविरुद्ध सङ्घर्षरत थिए । सोभियत गुरिल्लाहरूलाई सहयोग गर्न साहसिला योद्धाहरू शत्रु नियन्त्रित क्षेत्रहरूमा समेत पस्थे । १८ वर्षीया जोया पनि निकै धैर्य र साहसका साथ हिटलरको सेना नियन्त्रित क्याम्पहरूमा आक्रमण गर्दै अघि बढ्थिन् ।

जोया प्राय: पुरुषको भेषमा हुन्थिन् । एक दिन जर्मन सेनाको क्याम्पमा आगो लगाउँदै हिँडेको अवस्थामा उनी पक्राउ परिन् । पुरुष भेषमा पक्रिएकी जोयालाई केटीको स्वरूपमा पाउँदा जर्मन सेनाहरू तीनछक्क परेका थिए । सेनाहरूका हरेक प्रश्नको जवाफ उनी निडर भई फर्काउँथिन् । हिटलरको क्रुर सेनाले उनलाई सानी सम्झेर आत्मसमर्पणको लागि प्रस्ताव राख्दा उनले मानिनन् । गुप्त सूचना र जानकारी हासिल गर्न सेनाले निकै प्रयत्न गर्‍यो तर जोया गलिनन् । अनि, उनीमाथि अमानवीय यातना बर्सन थाल्यो । उनको कलिलो शरीरमा कोर्दा बर्साइयो; हिउँमा नाङ्गै खुट्टा हिँड्न लगाइयो; उनका पिठ्यूँ, खुट्टा, हात अर्थात् जिउभरि कोर्दाका निलडाम थिए; चिउँडोमुनि सलाई कोरी राखिदिन्थे; करौँतीले पिठ्यूँमा रेट्थे; बन्दुकको सङ्गीनको टुप्पाले घोच्थे । सहिनसक्नु यातना दिइन्थ्यो पानी एक थोपा पनि दिइनथ्थो । यातना दिने सैनिकहरू थाक्थे तर जोयाले कुनै याचना गरिनन् ।

केही दिनपछि उनलाई पेट्रिस्चेभो गाउँको माझमा फाँसीको तयारी गरे नाजी सेनाले । उनको घाँटीमा 'भूमिगत दलको सदस्य' लेखेको तूल(ब्यानर) झुन्ड्याइदिए । त्यतिबेला नाजी सेनाहरू परिवर्तनकारीहरूलाई सजाय दिएको र फाँसीमा झुन्ड्याएको फोटो खिच्न र खिचाउन खुब सोख राख्थे; फोटो खिच्नेहरूको भिड लाग्न थाल्यो । जोयालाई फाँसीमा झुन्ड्याइएको हेर्न गाउँले जनतालाई बाध्य पारिएको थियो । यस्तो समयमा समेत निकै साहसका साथ जोयाले सम्बोधन गरिन्, "तपाईँहरू किन दु:खी हुनुहुन्छ ? आफ्नो मन सानो नपार्नुहोस् ! हामीले जर्मनहरूसँग लड्नैपर्छ र तिनीहरूलाई सखाप पार्नुपर्छ ।"

सेनाले हतियारको भरमा नियन्त्रणमा राखेका जनतालाई जोयाले उत्साहित गर्दै बोलिन्, "मलाई हाम्रो मातृभूमि र तपाईँहरूको रक्षाको लागि मर्न पाएकोमा गौरवको अनुभव हुँदै छ ।"

जोयाले निकै बहादुरीका साथ जर्मन सेनाहरूलाई आत्मसमर्पण गर्न सुझाव दिइन् । सोभियत समाजवादको रक्षा आन्दोलनमा अन्तिम विजय सोभियत जनताकै हुने बताइन् । उनले भनेकी थिइन्, "मेरो फाँसीको बदला लिइनेछ । तिमीहरू मलाई मार्दै छौ तर याद राख म एक्ली छैन; मेरा पछाडि २० करोड रुसी जनता छन् । जनतालाई तिमीहरू मार्न सक्नेछैनौ ।"

अन्तत: उनलाई फाँसी दिइयो । उनलाई फाँसी दिने सेनाहरू डरले कान्लामुनि हाम फाले । यसरी शत्रु शिविरमा मारिने जोया आफ्नो सङ्घर्षमा विचलित भइनन् । उनले सङ्घर्षमा लाग्नेहरूप्रति विश्वासघात गरिनन् । शत्रु सेनाको कब्जाबाट देशलाई मुक्त गर्ने क्रममा मृत्युलाई बहादुरीपूर्वक अँगालिन् । देशमा आमूल परिवर्तनको निमित्त सम्झौताहीन सङ्घर्ष, नि:स्वार्थ भाव र अर्थपूर्ण बलिदानी आवश्यक हुन्छ भन्ने शिक्षा र सन्देश उनले प्रवाह गरिन् ।

आज पनि नयाँ पुस्तामाझ जोया एउटा उदाहरणीय र अनुकरणीय पात्रको रूपमा प्रसिद्ध नाम हो; देशभक्त र परिवर्तनवादी नयाँ पुस्ताको हृदयमा बस्न सफल उनी महान् जनताकी बहादुर छोरीको रूपमा विश्वप्रसिद्ध छिन् । देशको लागि बहादुरीपूर्वक लडेर वीरगति प्राप्त गरेकी जोयालाई सोभियत सरकारले पहिलो 'सोभियत नायिका' (Heroines of Soviet Union) विभूषणले सम्मानित गर्‍यो ।

जोयाजस्ता बहादुर छोरीहरू आज नेपाललाई पनि आवश्यक छ । आफ्नो स्वार्थको निम्ति होइन देशको आमूल परिवर्तनको निम्ति राजनीतिक सुझबुझका साथ सङ्घर्ष गर्ने युवा चाहिन्छ । त्यस्तो नयाँ पुस्ता तयारीको लागि सबैले आ-आफ्नो ठाउँबाट नि:स्वार्थ रूपमा सेवा गर्नु जरुरी छ । नयाँ पुस्ताप्रति हाम्रो आशा एवम् विश्वासलाई जिउँदो राखौँ; अझ प्रगाढ बनाऔँ !






# जोया कस्मोदिम्यान्स्काया

(दोस्रो विश्व युद्ध अन्त्य भएको ६० औँ वर्षको अवसरमा नाजीविरुद्ध लडेका केही सोभियत वीरहरूका बारेमा North Star Compass मा प्रकाशित भयो । प्रस्तुत लेख फाँसीवादी आक्रमणलाई हराउन लडेकी एक निडर केटीको सङ्क्षिप्त परिचय हो-सं.)

सन् १९४१ अर्थात् दोस्रो विश्व युद्ध चर्किरहेको समय थियो । डिसेम्बरको प्रारम्भमा रुसको मस्को प्रान्तअन्तर्गत पेट्रिस्चेभो (Petrishchevo) गाउँमा जर्मनका नाजी सेनाले मस्कोकी १८ वर्षीया केटीलाई झुन्ड्याएर मारे । नाजी सेनालाई उनले आफ्नो नाम तान्या (Tanya) बताइन् । उनको साँचो नाम थियो-जोया कस्मोदिम्यान्स्काया (Zoya Kosmodemyanskaya) ।

युद्धका ती दिनहरू वास्तवमै कठिन थिए । पाइला-पाइलामा मृत्युको डर अत्यन्त चर्को थियो । युद्धको गञ्जागोलमा प्रत्येक निर्णय धैर्यतापूर्वक तथा साहसका साथ लिनुपर्थ्यो ।

मस्कोवासीहरू ग्रामीण क्षेत्रमा रहेका आफ्ना गर्मी याममा बस्ने घरहरू (Summer cottages) मा बसेर नाजीहरूविरुद्ध लडिरहेका थिए । जर्मनले कब्जा जमाइसकेका सोभियत भू-भागहरूमा पनि बहादुर स्वयम्सेवा सोभियत जनता नाजीहरूविरुद्ध सङ्घर्षरत थिए । सोभियत गुरिल्लाहरूलाई सहयोग गर्न मस्कोका साहसिला योद्धाहरू छानी-छानी शत्रु नियन्त्रित क्षेत्रमा पसेका थिए ।

एक बिहान जर्मेनियाली सिपाहीहरूले आफ्नो क्षेत्रभित्र एक गुरिल्ला वा एकाइका एक सदस्य पक्रे । ती सदस्यले पेट्रिस्चेभो Petrishchevo मा जर्मनहरूको सबै टेलिफोन संयन्त्र धुजा-धुजा पारिसकेका थिए ।

घटनाका प्रत्यक्षदर्शी स्थानीय गाउँलेहरूका अनुसार भुवादार टोपी, भुवादार ज्याकेट, भुवादार सुरुवाल र ऊनी जुत्ता लगाई काँधमा एक झोला बोकी एकजना अपरिचित मानिस संवेदनशील सैनिक इलाकाभित्र पस्यो । आफूले बोकेको झोलाबाट बेन्जेनी (प्लास्टिक बनाउन प्रयोग गरिने कोइला खानीबाट निकालिने बल्ने रङ्गविहीन पदार्थ) भरिएको सिसी निकाल्यो । पर्खालमाथि छर्क्यो र आगो लगाउन निहुरेको मात्र के थियो पछाडिबाट पहरा बसेका एक जर्मन सिपाहीबाट उनी समातिए ।

ती मानिसले जर्मन सैनिकलाई घचेटेर हतार-हतार पिस्तोल निकाले । उसले गर्न सक्ने त्यतिमात्र थियो । जर्मन सेनाले उसको हातबाट पिस्तोल फालिदियो र खतराको घण्टी बजाइहाल्यो ।

उसलाई सैनिक अधिकारीहरू अस्थाई बास बसिरहेको घरभित्र लगियो । जर्मन सैनिकहरू आफूले नियन्त्रणमा लिएको ती मान्छे एउटी केटी पाउँदा तीनछक्क परे । अग्ली, दुब्ली, कालो आँखा र कालो वर्णको छोटो कपाल भएकी भर्खरकी केटी थिइन् उनी । सोधपुछ गर्न घर मालिकका सबै मान्छेहरूलाई अर्को कोठामा पठाइयो । सबै भान्छा कोठातिर लागे । सैनिक अधिकारीहरूले केटीलाई थुप्रै प्रश्नहरू सोधे । तर, प्रश्न भुइँमा खस्न नपाउँदै केटीले निडर भएर जवाफ फर्काउँथिन्, "अहँ ! मलाई केही पनि थाहा छैन । म केही पनि भन्दिनँ ।" घरमा मानिसहरूले यस्तै निडर उत्तर नसुनून् भनेर नै उनीहरूलाई अर्को कोठामा पठाइएको थियो ।

अधिकारीले केटीको जीउमा छालाको कोर्दा बर्साएको डरलाग्दो आवाज भान्छा कोठासम्म सुनिन्थ्यो । केही क्षणपछि एक जवान जर्मन सैनिक अधिकारी फुङ्ग उडेको अनुहार लिएर हत्तनपत्त सोधपुछ कक्षबाट भान्छा कोठातिर पस्यो । बेस्सरी आँखा चिम्म गरी कान पनि थुनेर ऊ चुपचाप सोधपुछ नसकिउन्जेल बसिरह्यो । मानौँ ऊ केही सुन्न र हेर्न चाहँदैन ।

सोधपुछको क्रम चलिरह्यो । जस्तै यातना दिँदा पनि केटीको एउटै जवाफ रहन्थ्यो -"अहँ ! म केही पनि भन्दिनँ ।" उही निडरताका साथ तर पछिल्लोपटक उनको स्वर थकित सुनिन्थ्यो ।

त्यसपछि केटीलाई कुलिक परिवारमा लगियो । उनीसँग मात्र केटीहरूले लगाउने एउटा पातलो लुगा बाँकी थियो । हिउँमा उनलाई नाङ्गो खुट्टा हिँड्न लगाइयो । उनको पिठ्यूँ, खुट्टा, हात र जिउभरि कोर्दाका निलडामै निलडाम थिए । अधिकारीहरूको पिटाइले आफ्नो मुखबाट याचनाको कुनै चिच्याहट ननिस्कोस् भनी बेस्सरी ओठ टोकेकाले उनको ओठ सुन्निएको थियो । कुलिक परिवारलाई पानीको एक थोपा पनि नदिन धम्क्याइएको थियो । उनीहरूलाई समेत पिटेर तर्साइएको थियो । जर्मन सैनिकहरू उनको वरपर बसेर उनको खिल्ली उडाउँथे । कोही उनलाई मुड्की हान्थे, कसैले उनको चिउँदो मुनि सलाइ कोरी राखिदिन्थे त कोही भने उनको पिठ्यूँमा करौँतीले रेट्थे ।

यातना दिन मन भरिएपछि अरू सैनिकहरू सुत्न गए । पहरा बसेको सैनिकले उनलाई सङ्गीन तेर्साएर बाहिर हिँड्न भन्यो । बाहिर कठ्याङ्ग्रिँदो जाडो थियो । त्यो सैनिकले बाक्लो न्यानो लुगा लगाएको थियो । उसको सङ्गीनको टुप्पाले केटीको पिठ्यूँमा बरोबर घोचिरहन्थ्यो । पातलो लुगाबाहेक केही कपडा नलगाइएको उनलाई हिउँमा खाली खुट्टा त्यसै यता र उता हिँड्न लगाइरह्यो । अन्तत: सैनिक आफैले जाडो थाम्न नसकेपछि उनलाई भित्र लग्यो । अदम्य साहसका धनी ती केटीको नाम हो-जोया कस्मोदियान्स्काया ।

रातको प्रत्येक घण्टाको १५-२० मिनेट जोयालाई बाहिर खाली खुट्टा हिँडाइन्थ्यो । कठ्याङ्ग्रिँदो चिसोमा रातभर यो क्रम चलिरह्यो । कुलिक परिवारलाई घरबाहिर पठाई बिहान पनि सोधपुछ गरियो ।

नाजी सैनिकहरूले गाउँको माझमा फाँसी दिने खम्बाहरू गाडे । कुलिकले जोयालाई ज्याकेट र सुरुवाल लगाइदिए । जर्मन सेनाहरूले उनको झोलामा भेटाएका बेन्जेनको सिसी उनको घाटीमा झुन्ड्याइदिए । सँगै 'भूमिगत दलको सदस्य' लेखिएको सङ्केत पनि झुन्ड्याइदिए । अनि, उनलाई फाँसी दिने ठाउँतिर लगियो ।

झुन्ड्याउन तयार पारिएको डोरीमुनि दुई ठुलठुला बाकसहरू एक-अर्कासँगै खप्ट्याइएका थिए । जोयालाई माथि चढ्न लगाइयो र पासो उनको घाँटीमा राखियो । एक जना जर्मन सैनिक हतार-हतार क्यामरा निकालेर उक्त दृश्यको फोटो खिच्न थाल्यो । नाजीहरू फाँसी र सजाय दिएको यस्ता फोटोहरू खिच्न खुब सोख राख्थे । कमान्डरले फाँसी दिने मान्छेलाई फाँसी दिएबापत्को पैसा पछि दिने सर्तमा हस्ताक्षर गराइरहेका थिए ।

यही मौकामा फाँसी दिएको हेर्न त्यहाँ भेला हुन बाध्य पारिएका गाउँले किसानहरूतिर फर्केर जोयाले ठुलो साहस र उत्साहका साथ भनिन्, "कामरेडहरू ! तपाईँहरू किन दु:खी हुनुहुन्छ ? मन सानो नपार्नुस् । हामीले जर्मनहरूसँग लड्नुपर्छ र तिनीहरूलाई सखाप पार्नुपर्छ ।

मर्नदेखि डराउन्नँ । मलाई हाम्रो मातृभूमि र तपाईँहरूको रक्षाको लागि मर्न पाएकोमा गौरवको अनुभव हुँदै छ । जर्मन सिपाहीहरू हो ! चाँडो आत्मसमर्पण गर । नभए धेरै ढिला भएसक्नेछ । जसरी पनि अन्तिम विजय हाम्रै हुनेछ । मेरो फाँसीको बदला कुनै हालतमा लिइनेछ । तिमीहरू मलाई मार्दै छौ । तर, याद राख म एक्लै छैन । मेरा पछाडि २० करोड जनता छन् र तिनीहरू सबैलाई तिमीहरू मार्न सक्नेछैनौ ।

बिदा कामरेडहरू ! डराउनु पर्दैन । लड्दै जाऔँ ।"

फाँसी दिने मान्छेले जोया उभिएको तल्लो बाकसलाई खुट्टाले हिर्कायो । हिउँमा चिप्लिएर ऊ आफै तल्तिर हुत्तियो । डरले मान्छेहरू पछाडि हटे । सबै मान्छेहरू चिच्याए । त्यो चिच्याहट सारा जङ्गलभरि गुञ्जायमान भयो ।

जोया शत्रु शिविरमा मारिइन्, नाजीहरूले उनलाई फाँसी दिए । तर, उनले आफ्ना गुरिल्ला कामरेडहरू र भावनालाई कहिल्यै विश्वासघात गरिनन् । कठोर यातनाका बिच पनि आत्मसमर्पणको एक शब्द बोलिनन् । उनले शहादत प्राप्त गरिन् । उनले एक विभूतिको रूपमा मृत्युलाई बहादुरीपूर्वक अँगालिन् । शत्रुमाथि कहिल्यै शिर नझुकाउने महान् जनताकी बहादुर छोरीको रूपमा उनले मृत्युलाई स्वीकारिन् । उनी अर्थात् जोया कस्मोदिम्यान्स्काया ।

***विश्वका क्रान्तिकारी महिलाहरू***

# विश्वविद्यालयका शिक्षक, गुप्तचर निकायको काम–२

● जेरेमी कुजमारोभ

'नेड' को प्रकाशन 'जर्नल अफ डिमोक्रेसी' को स्थापना सन् १९९० मा भएको थियो । यसले 'नेड' तथा अमेरिकी विदेश मन्त्रालयको विचारधारा प्रचार गर्दै आएको छ ।

यो 'जर्नल' ले लगातार अमेरिकाको आक्रामक नीतिलाई ढाकछोप गऱ्यो । अन्य देशका प्राकृतिक स्रोतसाधनमाथि नियन्त्रण जमाउन र आफ्नो सैन्य अखडाको सञ्जाल विस्तार गर्न अमेरिकाले गर्ने चलखेललाई लुकाइरह्यो । यसका लागि 'जर्नल' ले वामपन्थी सरकारहरूको बद्ख्वाइँ गर्ने र अमेरिकाले अरू देशका सरकार ढाल्दा हर्षबढाइँ गर्ने लेखहरू छापिरह्यो । सत्तापलटबाट ती देशमा प्रजातन्त्र स्थापित भएको तर्क गरिन्थ्यो ।




(**टिपोट :** 'जर्नल अफ डिमोक्रेसी' लाई जोन हप्किन्स विश्वविद्यालय प्रेसले प्रकाशित गर्छ । ल्यारी डायमन्ड त्यसका संस्थापक सम्पादक थिए । उनको सम्पादक टोलीमा मार्क प्लाटनर र सेमुर मार्टिन लिप्सेट पनि थिए । लिप्सेट चर्चित समाजशास्त्री र राजनीतिशास्त्री थिए । 'नेड' ले अध्येताहरूलाई अनुदान प्रदान गर्छ । यस्तो अनुदान पाउने सुरुका विद्वानमा पर्छन् लिप्सेट । आज उनको सम्मानमा 'नेड' मा प्रवचन श्रृङ्खला चल्छ । 'नेड' सँग यस्ता धेरै विद्वान छन् । अरू जस्तै लिप्सेट पनि कुनै बेला समाजवादी थिए र आज उनी डेमोक्रेटिक पार्टीका रुढीवादी समर्थक बनेका छन् ।)

सन् २०२६ को फेब्रुअरीमा त्यसमा एउटा छापियो । शीर्षक थियो; भेनेजुयलालाई प्रजातन्त्रको अवसर । लेखमा ट्रम्प सरकारले भेनेजुयली राष्ट्रपति निकोलस मादुरोलाई अपहरण गरेर भेनेजुयलामा लोकतान्त्रीकरणको नयाँ आशा पलाएको सन्देश दिन खोजिएको थियो । जब कि त्यो अत्यन्त अवैध कार्य थियो । अपहरणका क्रममा अनाहकमा १०० जना व्यक्ति मारिएका थिए । यो लेख जेभियर्स कोराल्स, ड्वाइट मोरो र डोराथी क्रोनिकले लेखेका थिए । मोरो एमहर्स्ट कलेजमा राजनीतिशास्त्रका प्रोफेसर हुन् भने क्रोनिक क्यालिफोर्निया विश्वविद्यालय, बर्केलेकी सहायक प्रोफेसर हुन् । लेखमा अमेरिकी गुप्तचर निकाय सिआइए, 'नेड' र अमेरिकी विदेश मन्त्रालयको भाष्यलाई नै स्थापित गरिएको थियो । त्यसमा मादुरोले सन् २०२४ को भेनेजुयाली निर्वाचनमा धाँधली गरेको आरोप लगाइएको थियो । मादुरोका प्रतिस्पर्धी एडमुन्डो गोन्जालेजबारे त्यसमा चर्चा नै थिएन । सिआइएसँग उनको सम्बन्ध र चरम दक्षिणपन्थी पृष्ठभूमिबारे लेख मौन थियो । गोन्जालेजले भारी मत ल्याएर विजयी भएको कुरा पनि यथार्थ थिएन ।

(**टिपोट १ :** लेखक अलेजान्द्रो तार्रेले लेखे, "अमेरिकी सेनाले छापामार शैलीमा भेनेजुयलाका अधिनायक निकोलस मादुरोलाई कब्जामा लिएको महिना दिनपछि देशको भविष्य अन्योलग्रस्त भएको छ । उपराष्ट्रपति डेल्सी रोड्रिगेजको वर्तमान सरकारमाथि ट्रम्प सरकार हावी छ । बलप्रयोगबाट उत्पन्न यस परिस्थितिमा अमेरिकाले भेनेजुयलाका तेलका खानीहरूमाथि नियन्त्रण जमाएको छ । तेल नै भेनेजुयलाको प्रमुख आयस्रोत थियो । तीन दशकको स्वेच्छाचारी शासनपछि अमेरिकाको पछिल्लो प्रभावलाई वास्तविक लोकतान्त्रिक रूपान्तरण हासिल गर्न उपयोग गरिन्छ कि गरिन्न भन्ने प्रश्न अहिले टड्कारो छ ।... सकारात्मक सङ्केत देखिएका छन् । सन् २०२४ को निर्मम दमनचक्रपछि देशमा फर्जी राष्ट्रपति निर्वाचन गरिएको थियो । आज त्यहाँ नागरिक समाज बिउँतिएको छ । भूमिगत भएका विपक्षी नेताहरू बाहिर आएका छन् । दुई महिनाभित्रै विद्यार्थी र अधिकारकर्मीहरूले अकल्पनीय रूपमा सडक तताएका छन् । केही मिडियाले आन्दोलनका खबरमाथिको सेन्सर तोड्दै छन् । सयौँ राजनीतिक बन्दीहरूलाई रिहा गरिएको छ । तीमध्ये कतिपय प्रतिष्ठित व्यक्तित्व छन् भने धेरै बन्दी अझै पनि कैदमा छन् । राष्ट्रिय सभाले विदेशी कम्पनीका लागि तेलको क्षेत्र खुला गर्ने कानुन ल्याएको छ । अमेरिकी दबाबले गर्दा क्युबाली गुप्तचरहरूले देश छोडेका छन् । सर्वेक्षणहरूले जनतामा आशा पलाएको देखाउँछ ।")




(**टिपोट २ :** कोराल्स क्युबाली मूलका अमेरिकी हुन् । उनले भेनेजुयलासम्बन्धी दुई पुस्तक लेखेका छन् ।)

(**टिपोट ३ :** क्रोनिक दक्षिणपन्थी हुन् । उनी मादुरोको ठाउँमा ह्वाँ गाइडोलाई ल्याउन चाहन्छिन् । गाइडोलाई डोनाल्ड ट्रम्पले भेनेजुयाली नेताको रूपमा अघि सारेका थिए । भेनेजुयलामा गाइडोको जनमत छैन । त्यस्तै, क्रोनिक टियोडोरो पेटकफलाई नायक बनाउन चाहन्छिन् । पेटकफ सन् १९५० र १९६० को दशकमा एक मार्क्सवादी छापामार थिए । पछि उनी दक्षिणपन्थी बने । ह्युगो चाभेजको शासनकालमा उनले चाभेजविरोधी पत्रिका चलाउँथे । (चाभेजका समर्थकहरूले पेटकफलाई शत्रुको हातमा बिक्री हुने र शक्तिको गुलियो चाख्न कम्युनिस्ट विचार त्याग्ने विश्वासघाती भन्थे । चाभेज सत्तामा आउनुभन्दा अगाडि पेटकफ राफेल काल्देराको सरकारमा मन्त्री थिए ।) सन् २००७ मा 'द न्यू रिपब्लिक' पत्रिकामा लेख लेखेर क्रोनिकले बोलिभारियाली आर्थिक मोडल 'मिथक' मात्र भएको दाबी गरिन् । चाभेज शैलीको विकास मोडललाई क्रोनिकले 'गरिबी र असमानताको रसातल' भनिन् । भेनेजुयलामा अमेरिकी साम्राज्यवादले मच्चाएको विध्वंसबारे मौनता साँधेर क्रोनिकले सन् १९८० र १९९० को दशकमा गरिएका नवउदारवादी सुधारको तारिफ गरिन् । ती सुधारले गर्दा जनताबिच चरम असन्तोष फैलियो र चाभेजको उदयको ढोका खुल्यो । तर, ती सुधारबारे क्रोनिकले लेखिन्, "ती सुधार आवश्यक थिए र तिनले गर्दा तेल उद्योगभन्दा बाहिर गएर लगानी गर्ने र आर्थिक वृद्धि हासिल गर्ने बाटो खुलेको थियो । ती सुधार लोकप्रिय हुन सकेनन् किनभने तेलको मूल्य घट्दा नकारात्मक धक्का लाग्यो र क्रयशक्ति घट्न पुग्यो ।" लेख टुङ्गाउँदै क्रोनिकले बोलिभारियाली क्रान्तिको पक्ष लिने भेनेजुयाली जनतालाई होच्याइन् । उनले एक दिवङ्गत भेनेजुयाली लेखकको भनाइ उद्धृत गरेकी थिइन् - भेनेजुयालीहरू मिथक रुचाउँछन् किनभने तिनीहरूलाई आफ्नै इतिहास थाहा छैन ।)

(**टिपोट ४ :** भेनेजुयलाको सर्वोच्च अदालतले सन् २०२४ को निर्वाचन परिणामलाई सदर गरेको थियो । अदालतले बोलाउँदा उपस्थित नभएको र आवश्यक प्रमाण पेश नगरेको हुनाले गोन्जालेजलाई अदालतको अपमान गरेको कसुर लागेको थियो । अमेरिकाको राष्ट्रिय अधिवक्ता गिल्ड ( एनएलजी) को प्रतिनिधिमण्डलले उक्त निर्वाचनमा 'कुनै धोकाधडी वा अनियमित गतिविधि नभएको र निर्वाचन प्रक्रियालाई लिएर मतदाताहरू सन्तुष्ट रहेको' वक्तव्य जारी गरेको थियो । राष्ट्रसङ्घका उच्च अधिकारीको स्वतन्त्र विश्लेषण पनि 'जर्नल अफ डिमोक्रेसी' को दाबीसँग बाझिन्छ । सन् २०२४ सेप्टेम्बर १० मा प्रकाशित '२०२४ जुलाई २८ को भेनेजुयाली निर्वाचन : के र कसलाई विश्वास गर्ने ?' शीर्षकको लेखमा अल्फ्रेड डि जायसले यो कुरा प्रस्ट पारेका थिए ।)

'जर्नल अफ डिमोक्रेसी' ले विश्व परिवेशबारे हाँस्यास्पद दृष्टिकोण प्रचार गर्छ । मानौँ, विश्व अमेरिकाका असल प्रजातन्त्रवादीहरू र बाँकी दुष्ट अधिनायकहरूबिच विभाजित छ । यो शीतयुद्धकालीन दृष्टिकोण हो । सन् १९५० को दशकमा यो विचार चल्तीमा थियो । (त्यो दशकलाई अमेरिकामा म्याकार्थी युग भनिन्छ ।) अमेरिकाले आर्थिक प्रतिबन्ध लगाएर वा गुप्तयुद्ध गरेर सताउने देशका कष्टहरूको लागि अमेरिकालाई दोष नदिएर उल्टो समस्याग्रस्त देशका नेताहरूलाई दोष दिइन्थ्यो । अमेरिकी चलखेलबारे चुइँक्क बोलिन्थेन ।

(**टिपोट :** सन् २०२५ मा कालेब मौपिनको पुस्तक 'खुश्चेभपन्थ : मनोवैज्ञानिक युद्धकलाको अध्ययन' प्रकाशित भयो । पुस्तकमा 'जर्नल अफ डिमोक्रेसी' मा लेखिरहने ल्यारी डायमन्डजस्ता राजनीतिविद्को चिरफार गरिएको छ । उनीहरूले भेनेजुयलामा ह्युगो चाभेज र रुसमा भ्लादिमिर पुटिनको उदयलाई एकै आँखाले हेरे । निर्वाचनमा ती नेताको विजयलाई उनीहरूले 'लोकतन्त्रभन्दा बाहिर' को भनी व्याख्या गरे । तर, मौपिन ती निर्वाचनलाई 'प्रस्ट जनमत' भन्छन् र ती नेताले 'समयक्रममा बहुजनको जीवनस्तर उकास्ने कार्य गरेको' बताउँछन् । रुसबारे चर्चा गर्दै मौपिनले लेखे, "यल्सिनको शासनकालमा सन् १९९० को दशकमा पश्चिमाहरूले रुसमा लुटपाट मच्चाइरहेको बेला रुसको व्यापारी समुदायले लुटपाटमा सहयोग गर्दै थियो, रुसी मिडिया जगतले पश्चिमा भाष्य प्रचार गर्दै थियो, नागरिक समाजमा अमेरिकाप्रायोजित गैरसरकारी संस्थाहरूको दबदबा थियो, प्रहरी र गुप्तचर निकाय असहाय थिए, व्यापक बेरोजगारीले रुस थल्लिरहँदा तिनले देशको 'आर्थिक जातिसंहार' (आन्द्रे गुन्दर फ्राङ्कले जुराएको संज्ञा) लाई रोक्न सकेनन् । ल्यारी डायमन्डको विचारमा यी सबै स्वतन्त्रताका अभिव्यक्ति मात्र थिए !")

'जर्नल' मा प्रकाशित धेरैजसो लेख जातजातिको मुद्दामा केन्द्रित थिए; 'इतिहासको अन्त्य' भन्ने भाष्यसँग जोडिएका थिए । 'अमेरिका र पश्चिमा सरकारहरू नैतिक रूपमा श्रेष्ठ छन्; परम्परागत राजनीतिक प्रणाली अपनाउने र पश्चिमा उपनिवेशवाद तथा नवउपनिवेशवादमाथि विजयी हुने देशले पनि अमेरिकाको बाटो पछ्याएमात्र प्रगति गर्न सक्छन्' भनियो ।

(**टिपोट १ :** 'इतिहासको अन्त्य' भन्ने शब्दावली 'नेड' का पूर्व बोर्ड सदस्य फ्रान्सिस फुकुयामाले अघि सारेका थिए ।)

(**टिपोट २ :** घरेलु राजनीतिको चर्चा गर्दा लेभित्स्की र वे जस्ता 'नेड' का बुद्धिजीवीहरूले 'ट्रम्प डिरेन्जमेन्ट सिन्ड्रोम' को कुरा गर्छन् । ट्रम्पले गर्दा मात्र अमेरिकामा लोकतन्त्र धरापमा परेको उनीहरूको दाबी हुन्छ । यसअघि डेमोक्र्याट राजनीतिले जे गरेको थियो, त्यसलाई ध्यान दिइनन् । अमेरिकाको राज्यसत्तालाई कर्पोरेट घरानाहरूले हातमा लिएको विषय पनि चर्चाको विषय बन्दैन । राजनीतिमा पैसा हावी भएको वा सैन्य उद्योगको बढ्दो प्रभावबारे चुइँक्क बोलिन्न । 'नेड' का बुद्धिजीवीहरूले कहिल्यै जो बाइडेनको स्वेच्छाचारको निन्दा गरेनन् । उनको शासनकालमा अपनाइएको सर्वसत्तावादी कोभिड-नीतिको विरोध गरेनन् । सन् २०२४ मा डेमोक्रेटिक पार्टीले प्राइमरी निर्वाचन प्रक्रिया खारेज गर्दा आक्रोश पोखेनन् । सन् २०२० का प्राइमरीहरूमा जम्मा १ प्रतिशत मत ल्याएकी कमला ह्यारिसजस्ती उम्मेदवारलाई पार्टीले मनोनयन गर्दा 'नेड' का बुद्धिजीवीहरूले केही बोलेनन् ।)

'जर्नल अफ डिमोक्रेसी' का दुई सम्पादक हुन्, स्टिभन लेभित्स्की र लुकान वे । लेभित्स्की हार्वर्ड विश्वविद्यालयका प्रोफेसर हुन् भने वे टोरोन्टो विश्वविद्यालयका राजनीतिशास्त्री हुन् । वेलाई लोकतन्त्रका विज्ञ प्रोफेसर पनि भनिन्छ ।

(l6kf]6 M वे टोरोन्टो विश्वविद्यालयको 'विश्व मामिलाको मङ्क विभाग' मा अध्यापन गर्छन् । उनले त्यहाँ 'नेड' ले आयोजना गर्ने सेमुर मार्टिन लिप्सेट लेक्चर चलाउँछन् । यो कार्यक्रम विश्वमा लोकतन्त्रको अवस्थामा केन्द्रित हुने गर्छ । लियोपोल्ट लोपेजजस्ता वक्ताले त्यो मञ्चमा बोलेका छन् । लोपेज भेनेजुयलाका चरम दक्षिणपन्थी नेता हुन् । उनी ह्वाँ गाइडोका गुरुसमेत हुन् । उनीमाथि आतङ्ककारी गतिविधिमा भाग लिएको अभियोग छ । लोपेजजस्तै वक्ता हुन्, एन एपलबौम । उनी 'नेड' की पूर्व बोर्ड सदस्य हुन् । उनको रुसविरोधी विचार कुख्यात छ । उनी युक्रेन युद्ध लम्ब्याउने पक्षमा छिन् । लोपेज जस्तै अर्का वक्ता हुन् - मिन्सिन पाइ । पिटर मङ्क ब्यारिक गोल्ड कम्पनीका संस्थापक र कार्यकारी प्रमुख थिए । राजनीतिक रूपमा यो कम्पनी सिआइएसम्बद्ध थियो । यसले अफ्रिकामा घातक खानीहरू सञ्चालन गर्दै आएको छ । प्राकृतिक दोहन, चरम शोषणका लागि यसले कुनाम कमाएको छ । यो कम्पनीमा सिआइएका सबैभन्दा ठुला हतियार तस्कर अदनान खशोगीको ठुलो लगानी थियो । उनी इरान-कोन्ट्रा काण्डसँग जोडिएका हस्ती हुन् ।)




सन् २०२२ मा लेभित्स्की र वेले एउटा पुस्तक लेखे । पुस्तकको नाम थियो, क्रान्ति र **तानाशाही :** टिकाउ अधिनायकतन्त्रको हिंस्रक मूल । पुस्तकमा अमेरिकी विदेशनीतिको मुख्य निसानामा परेका क्युबा, चीन, भियतनाम, इरान र सोभियत सङ्घ जस्ता देशको विश्लेषण छ । तिनको विश्लेषणमा अमेरिकी विदेश मन्त्रालय र सिआइएको विचारको प्रतिध्वनि पाइन्छ । पुस्तकमा ती देशलाई नकारात्मक रूपमा चित्रण गरिएको छ । वास्तवमा ती देशले उपनिवेशवाद र नवउपनिवेशवादलाई परास्त गरेका थिए । औद्योगीकरणमा अघि बढ्दै

बाँकी पृष्ठ ७ मा


# ऐतिहासिक अवसर, डरलाग्दो कार्यबोझ
# महत्त्वपूर्ण क्षणमा संयुक्त राष्ट्र सङ्घको नेतृत्व गर्ने दौड

✍ **फ्रान्सिस्को जोस लिआन्ड्रो**

तीन दशकभन्दा बढी समयअघि मैले महासचिव बुत्रोस बुत्रोस-घालीको कार्यकालमा संयुक्त राष्ट्र सङ्घमा काम गर्ने सुअवसर पाएको थिएँ। त्यो अनुभवले विश्वव्यापी शासन, कूटनीति र अन्तर्राष्ट्रिय सहयोगको मेरो बुझाइलाई गहिरो रूपमा आकार दियो। ती वर्षदेखि, मलाई संयुक्त राष्ट्र सङ्घको कार्यको विशाल मात्रा मात्र होइन, विश्वभरका लाखौँ मानिसहरूका लागि यसको अद्वितीय महत्त्व पनि याद छ। धेरैका लागि, द्वन्द्व, विपत्ति वा राजनीतिक पक्षाघातको समयमा संयुक्त राष्ट्र सङ्घ आशाको अन्तिम किरण हो।

संयुक्त राष्ट्र सङ्घजस्तो अरु कुनै संस्था छैन। महासचिव एन्टोनियो गुटेरेसले आफ्नो दोस्रो कार्यकाल समाप्त गर्न तयारी गर्दा, विश्व एक महत्त्वपूर्ण चौराहामा उभिएको छ। अर्को महासचिव सङ्गठनको इतिहासमा सबैभन्दा बढी माग गरिएको नेतृत्व पदसोपान हुन सक्छ।

चुनौतीहरू अचम्मका छन्। पहिलो, संयुक्त राष्ट्र सङ्घले प्रतिष्ठा र विश्वसनीयताको गहिरो सङ्कटको सामना गरिरहेको छ। धेरैले युद्धहरू रोक्न, अन्तर्राष्ट्रिय कानुन लागू गर्न र भूराजनीतिक तनावलाई प्रतिक्रिया दिन यसको प्रभावकारितामाथि प्रश्न उठाउँछन्। प्रतिद्वन्द्वीहरू तीव्र हुँदै जाँदा र प्रमुख शक्तिहरूबिच विभाजन बढ्दै जाँदा, आकाङ्क्षा र कार्यहरूबिचको खाडल झन्झन् बढ्दै गएको छ, जसले हाम्रो समयका प्रमुख चुनौतीहरूलाई सम्बोधन गर्न सङ्गठनको सान्दर्भिकतामाथिको सार्वजनिक शङ्कालाई बढावा दिइरहेको छ।




दोस्रो, १९४५ पछिको अन्तर्राष्ट्रिय व्यवस्था बढ्दो तनावमा छ। फरक युगको लागि डिजाइन गरिएको सुरक्षा परिषद्लाई तत्काल सुधार आवश्यक छ। यद्यपि यसका कमजोरीहरूको बावजुद, सुरक्षा परिषद अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम राख्नको लागि विश्वको सबैभन्दा महत्त्वपूर्ण संयन्त्रको रूपमा रहेको छ। अन्य कुनै पनि अन्तर्राष्ट्रिय निकायसँग द्वन्द्व र विश्वव्यापी स्थायित्वका लागि खतराहरूको प्रतिक्रियामा सामूहिक कार्यलाई परिचालन गर्ने अद्वितीय अधिकार, वैधता र क्षमता छैन। सुधारले परिषद्लाई कमजोर नभई सुदृढ र आधुनिकीकरण गर्नुपर्छ।

तेस्रो, चीनको उदय र दक्षिणी विश्व ( ग्लोबल साउथ) को बढ्दो प्रभावले विश्वव्यापी शक्ति गतिशीलतालाई नयाँ आकार दिइरहेको छ। ग्लोबल उत्तरको नेतृत्वमा स्थापित संस्थाहरूले बहुध्रुवीय संसारमा अनुकूलन गर्नुपर्छ। २१ औँ शताब्दीको भूराजनीतिक परिदृश्य १९४५ भन्दा गहिरो फरक छ, जब दोस्रो विश्वयुद्धको अन्त्यमा विजयी पश्चिमी शक्तिहरूको नेतृत्वमा संयुक्त राष्ट्र सङ्घको स्थापना भएको थियो। आज, चीन विश्वव्यापी पहुँचको साथ एक प्रमुख आर्थिक, प्राविधिक, कूटनीतिक र रणनीतिक भूमिकाकर्ताको रूपमा उभिएको छ, जबकि एसिया, अफ्रिका, ल्याटिन अमेरिका र मध्यपूर्वका देशहरूले अन्तर्राष्ट्रिय शासनमा ठुलो आवाजको माग गरिरहेका छन्। यद्यपि संयुक्त राज्य अमेरिका विश्वको अग्रणी सैन्य, प्राविधिक र वित्तीय शक्ति बनेको छ, तर प्रभावका वैकल्पिक केन्द्रहरूले प्रमुखता हासिल गर्ने र राष्ट्रहरूले थप स्वायत्त विदेशी नीतिहरू पछ्याउँदा विश्वव्यापी परिणामहरूलाई एकतर्फी रूपमा आकार दिने यसको क्षमता घटेको छ।

यो रूपान्तरण ब्रिक्सको बढ्दो सान्दर्भिकता, दक्षिण-दक्षिण सहयोगको विस्तार र संस्थागत सुधारको वकालत गर्न विकासशील देशहरूको बढ्दो इच्छामा प्रतिबिम्बित हुन्छ। अबको महासचिवले बहुपक्षीयताको सिद्धान्तको संरक्षण गर्दै शक्तिको ऐतिहासिक पुनर्वितरणको प्रबन्ध गर्ने नाजुक कार्यको सामना गर्नु पर्नेछ। सफलताको लागि स्थापित र उदीयमान शक्तिहरूबिच पुल निर्माण गर्न, उत्तर र दक्षिण बिचको विश्वास बढाउने र संयुक्त राष्ट्र सङ्घीय वार्ता र सहमति निर्माणको लागि एक विश्वसनीय प्लेटफर्म रहेको सुनिश्चित गर्न आवश्यक पर्दछ।

चौथो, आर्टिफिसियल इन्टेलिजेन्स (कृत्रिम बौद्धिकता) र उदीयमान प्रविधिको तीव्र विकासले शासन, नैतिकता, सुरक्षा र रोजगारीसम्बन्धी कठिन प्रश्नहरू खडा गर्छ। मानवता एक युगमा प्रवेश गर्दैछ जहाँ नयाँ व्यवहार नियमनभन्दा बाहिर छ। कृत्रिम बौद्धिकता ( आर्टिफिसियल इन्टेलिजेन्स) ले पहिले नै अर्थतन्त्र, श्रम बजार, शिक्षा, स्वास्थ्य सेवा र सैन्य क्षमताहरू परिवर्तन गर्दैछ, ठुलो अवसरहरू प्रदान गर्दै महत्त्वपूर्ण जोखिमहरू पनि सिर्जना गर्दछ। विकृतिको फैलावट, स्वायत्त हतियार प्रणालीको उदय, साइबर खतराहरू र लाखौँ रोजगारीको सम्भावित विस्थापनले चुनौतीको स्केललाई चित्रण गर्दछ। आगामी महासचिवले नैतिक सिद्धान्त, मानवअधिकार, पारदर्शिता र समावेशीताद्वारा प्रगति निर्देशित रहने सुनिश्चित गर्दै संयुक्त राष्ट्र सङ्घीय प्रशासनमा अन्तर्राष्ट्रिय सहयोग प्रवर्द्धन गर्नुपर्छ।

पाँचौँ, अन्तर्राष्ट्रिय सार्वजनिक कानुनले अभूतपूर्व दबाबको सामना गरिरहेको छ किनभने बढ्दो द्वन्द्वहरूले स्थापित मापदण्डहरूलाई चुनौती दिइरहेका छन्। दशकौँदेखि, अन्तर्राष्ट्रिय कानुनले विश्वव्यापी स्थिरताको स्तम्भको रूपमा काम गरेको छ, जसले राज्यहरूले विवादहरू व्यवस्थापन गर्ने, मानव अधिकारको संरक्षण गर्ने र सहयोगलाई बढावा दिने ढाँचा उपलब्ध गराएको छ। सार्वभौमसत्ताको सम्मान, विवादको शान्तिपूर्ण समाधान र बल प्रयोगको निषेधले संयुक्त राष्ट्र सङ्घको बडापत्रमा समावेश गरिएका सिद्धान्तहरूले अनगिन्ती द्वन्द्वहरूलाई फराकिलो द्वन्द्वमा जानबाट रोक्न मद्दत गरेको छ। तैपनि यी आधारहरू भूराजनीतिक प्रतिद्वन्द्वी, क्षेत्रीय युद्ध, एकपक्षीय कार्यहरू र अन्तर्राष्ट्रिय मापदण्डहरूको व्याख्या र प्रयोगमा बढ्दो असहमतिहरूद्वारा परीक्षण भइरहेको छ। अर्को महासचिवले बढ्दो ध्रुवीकृत अभिनेताहरूबिच वार्ता र शान्तिपूर्ण द्वन्द्व समाधानलाई प्रोत्साहित गर्दै अन्तर्राष्ट्रिय कानुनको अखण्डताको रक्षा गर्न आवश्यक छ।

यी तत्कालका भूराजनीतिक र प्राविधिक चुनौतिहरू बाहेक, अर्को महासचिवले बढ्दो आप्रवासी प्रवाह, नि:शस्त्रीकरण र हतियार नियन्त्रण, जलवायु परिवर्तन, भोकमरी, वातावरणीय ऱ्हास र फराकिलो असमानताको निरन्तर चिन्ताको सामना गर्नुपर्छ। जैविक विविधताको हानिदेखि प्रदूषण र स्रोतको अभावमा मानवजातिले सामना गरिरहेको दिगोपन सङ्कटले तत्काल ध्यानाकर्षण र समन्वित विश्वव्यापी कार्यको माग गर्दछ।

अन्तमा, यी विश्वव्यापी चुनौतीहरूलाई सम्बोधन गर्नुभन्दा बाहिर, अर्को महासचिवले संस्थागत सुधारलाई गति दिनुपर्छ। संयुक्त राष्ट्र सङ्घ अझ प्रभावकारी, पारदर्शी र उत्तरदायी बन्नुपर्छ। तसर्थ, गहिरो अनिश्चितताको यस घडीमा बहुपक्षीयतामा विश्वास पुनर्स्थापित गर्न सक्षम नेतालाई सशक्त बनाउन अन्तर्राष्ट्रिय समुदाय तयार छ कि छैन भन्ने प्रश्न उठ्छ। विश्वको अर्को महासचिव, चाहे महिला होस् वा पुरुष, अन्तर्राष्ट्रिय कूटनीतिको सबैभन्दा कठिन काम मात्र होइन, २१ औँ शताब्दीको लागि संयुक्त राष्ट्र सङ्घको भूमिकालाई पुन: परिभाषित गर्ने जिम्मेवारी पनि प्राप्त हुनेछ। गहिरो विखण्डन र बढ्दो सङ्कटको युगमा प्रभावकारी नेतृत्व अपरिहार्य हुनेछ।

***(लेखक मकाउ विश्वविद्यालयका एसोसिएट प्रोफेसर हुनुहुन्छ।)***
***-पिपुल्स डेली डटकम***
***अनुवाद : प्रकाश***

---

**विश्वविद्यालयका...**

तिनले गरिबीसँग जुधेका थिए। महिला अधिकारमा प्रगति गर्दै ती देशले जनताको जीवनस्तर उकासेका थिए। तर, त्यसबारे पुस्तकमा चासो दिइएको छैन।

लेखक लेभित्स्की र वेले अमेरिकाले गरेका क्रान्तिविरोधी चलखेल र ध्वंसात्मक गतिविधिबारे पर्याप्त छलफल गरेका छैनन्। अमेरिकाका यस्ता क्रियाकलापले नै तानाशाही तरिका अपनाउन बल पुगेको भन्ने तथ्य पुस्तकमा चर्चा छैन। ती शासन व्यवस्था टिकाउ हुनुको कारणबारे पनि पुस्तकमा चर्चा छैन। ती देशले स्थानीय तवरले शासन गर्ने परिषद् वा सामुदायिक भावनाको जग हालेको, यसले गर्दा समयक्रममा राजनीतिमा जनसहभागिता बढेको र सँगै पश्चिमा लोकतन्त्रको मोडल प्रभावहीन हुँदै गएको तथ्यबारे लेखकद्वय मौन छन्।

(**टिपोट :** ध्यान दिएर यो पुस्तकको अध्ययन गर्दा लेभित्स्की र वेले इतिहासका केही पक्षको सटिक विश्लेषण गरेको पाएँ। तर, अन्य पक्षहरू भ्रामक छन्। कतिपय विश्लेषणमा विषयवस्तुको मूल कडी नै छुटाइएको छ। जस्तो उनीहरूले रुसी क्रान्तिबारे लेखेका छन्। तर, लगत्तै सुरु भएको गृहयुद्धको चित्तबुझ्दो चर्चा नै छैन। रुसमाथि अमेरिकी आक्रमण र त्यसले ल्याएका दुस्परिणामबारे लेखकद्वय चुप छन्। बोल्शेभिक सत्ताप्रति अमेरिकी पुँजीपति वा कर्पोरेट जगतको रवैया आक्रामक थियो। तिनले मिडियाबाजीमार्फत जनमतलाई बोल्शेभिकविरोधी बनाएका थिए। क्रान्तिपछि पनि उनीहरूले रुसमा आफ्नो प्रभाव जमाउन खोजेका थिए। यी यावत विषयमा पुस्तक मौन छ। स्तालिनको शासनकालबारे पुस्तकले धेरै बोलेको छ। स्तालिनविरोधी दृष्टिकोणबारे संसारमा बहस चलिरहेको छ। कतिपय इतिहासकारले त्यो दृष्टिकोणमा खोट देखाएका छन्। यसबारे पुस्तकमा उल्लेख छैन। स्तालिनमाथि थोपरिने धेरै 'अपराध' लाई गम्भीर इतिहासकारहरूले अस्वीकार गरेका छन्। जस्तो युक्रेनमा स्तालिनले होलोडोमोर वा भोकमरी मच्चाएको भन्ने आरोप गलत प्रमाणित भइसकेको छ। दोस्रो विश्वयुद्धमा नाजी सेनाविरुद्ध स्तालिनले जुन नेतृत्व दिए, त्यसलाई लेखकद्वयले ओझेल पार्न खोजेका छन्। सोभियत रुसलाई एक औद्योगिक महाशक्तिमा रूपान्तरण गर्न र जनताको जीवनस्तर उकास्न स्तालिनले दिएको योगदानलाई पनि नजरअन्दाज गरिएको छ। त्यसैगरी माओको चीनलाई पनि लेभित्स्की र वेले साँघुरो आँखाले हेरेका छन्। उनीहरूको विश्लेषण कम्युनिस्टविरोधी र माओविरोधी लेखकहरूका पुस्तकमा आधारित छ। भियतनामको मामिलामा समेत उनीहरू हो चि-मिन्हप्रति दूराग्रही छन्। हो चि-मिन्हलाई भियतनामका राष्ट्रनायक मानिन्छ। उनले क्रान्तिकारी आन्दोलनको नेतृत्व गरेका थिए। लेखकद्वयले भियतनाममा अमेरिकाको भूराजनीतिक डिजाइनलाई पूर्णत: ढाकछोप गरेका छन्। सन् १९५० र १९६० को दशकमा अमेरिकाले त्यहाँ खुफिया र खुला सैन्य हस्तक्षेप गरेको थियो। त्यसलाई पुस्तकमा लुकाइएको छ। भियतनाममा अमेरिकाले कब्जा गऱ्यो; युद्धपछि स्थापित भियतनामको कम्युनिस्ट सरकारलाई कानुनी रूपमा अक्करमा पार्न आर्थिक प्रतिबन्ध र नाकाबन्दी लगायो। यसले भियतनामको अर्थतन्त्र सिकिस्त भयो। अमेरिकाका यी कर्तुतबारे पनि लेभिन्स्की र वे मौन छन्। भियतनामी क्रान्तिकारीहरूको दृष्टिकोण र त्यसका छापामार लडाकुहरूका अनुभवलाई कहीकतै स्थान दिइएको छैन। यसैगरी, कोरिया युद्धबारे विल्फ्रेड बर्चेट र एलन विन्निङटनले लेखेका रचनालाई सन्दर्भ सामग्रीमा समेटिएको छैन। घानाको विषयमा लेभिन्स्की र वेले सन् १९६६ मा समाजवादी नेता क्वामे एनक्रुमालाई सत्ताच्यूत गरेको उल्लेख गरेका छन्। तर, उनीविरुद्ध सत्ताविद्रोह गराउन बेलायती गुप्तचर विभाग र अमेरिकाको सिआइएले खेलेको भूमिकाका सम्बन्धमा उनीहरू मौन छन्। यसबारे सिआइएका तत्कालीन अधिकारी जोन स्टकवेल र अन्य विद्वानले राम्रो विवरण दिएका छन्। एनक्रुमाले नै पनि त्यो घटनाबारे विस्तृत वर्णन गरेका छन्। लेखकद्वयले आफ्नो पुस्तकमा ती विवरणलाई स्थान दिएका छैनन्। पुस्तकको पुछारमा अफगानिस्तानको चर्चा छ। यो चर्चा पनि कमजोर छ। वे र लेभिन्स्कीले अफगानिस्तानमाथि अमेरिकी कब्जा जायज थियो भन्ने दलिल दिन खोजेका छन्। अमेरिकास्थित जुम्ल्याहा भवनमा भएको सेप्टेम्बर ११ गतेको हमलामा मोहम्मद अत्ता एक विमान हाइज्याक गर्ने व्यक्ति थिए भन्दै उनीहरूले अमेरिकी आक्रमणलाई सही ठहऱ्याएका छन्। अत्तालाई उनीहरू 'सेप्टेम्बर ११ अपरेसनका मुख्य योजनाकार' भनेका छन्। अत्तालाई 'अफगानिस्तानमा तालिम दिइएको र अमेरिकामाथि आक्रमण गर्ने योजना बिन लादेनले संयोजन गरेको' पनि पुस्तकमा दाबी गरिएको छ। यो दाबी उति भरपर्दो छैन। केही सञ्चार माध्यममा मोहम्मद अत्ता अफगानिस्तान गएको समाचार लेखेका थिए। जर्मन गुप्तचरहरूसँग कुराकानी गरेको एक अज्ञात स्रोतको हवाला दिँदै त्यो दाबी गरिएको थियो। यस्ता समाचारलाई अत्ताले अल-कायदासँग तालिम लिएका थिए वा उनी बिन लादेनसँग सम्पर्कमा थिए भन्ने ठोस प्रमाण मान्न सकिन्न। अझ यस्ता दाबीका भरमा उनी सेप्टेम्बर ११ को आक्रमणका मुख्य योजनाकार थिए भनी प्रमाणित हुने त कुरै भएन। 'क्रान्ति र तानाशाही' पुस्तकमा रुवान्डाबारे एकतर्फी चर्चा छ। किनभने, रुवान्डा देशभक्त मोर्चा (आरपिएफ) लाई अमेरिकाले गरेको सहयोगबारे त्यसमा कुनै चर्चा छैन। 'आरपिएफ' लाई अंकुशे बनाएर अमेरिका र बेलायतले कङ्गो गणतन्त्रको खनिज सम्पदा आफ्ना बहुराष्ट्रिय कर्पोरेसनहरूको खल्तीमा राख्ने नीति लिएका थिए। उनीहरूको त्यही नीतिका कारण 'आरपिएफ' ले रुवान्डामा जातिसंहार गरेको थियो। लेभित्स्की र वेले त्यो जातिसंहारको उल्लेख गरेका छैनन्। त्यसो त मैले पनि अमेरिकाको विदेश नीति र क्रान्तिकारी आन्दोलनहरूबारे विद्यार्थीलाई पढाएको छु। अध्यापनको क्रममा 'क्रान्ति र तानाशाही' भन्दा पनि गजबका पुस्तक पाइन्छन् भन्ने मलाई थाहा छ। विद्यार्थीहरूलाई म बरोबर जेम्स डिफ्रान्जोको पुस्तक 'क्रान्ति र क्रान्तिकारी आन्दोलनहरू' (वेस्टभ्यू प्रेस, २०१४) पढ्न सल्लाह दिन्छु। यति गहन पुस्तकबारे लेभित्स्की र वेले कतै उल्लेख गरेका छैनन्। डिफ्रोन्जोले क्रान्तिकारी आन्दोलनहरूका वैचारिक बाध्यताहरूको प्रभावकारी विश्लेषण गरेका छन्। कस्तो अवस्थामा ती सत्ता स्थापित भए, तिनीहरूमाथि कस्तो वैदेशिक दबाब थियो, ती आन्दोलनमा कस्तो वैदेशिक हस्तक्षेप भएको थियो र तिनका मुख्य उपलब्धि के थिए भन्ने विषयमा डिफ्रोन्जोले मिहीन विश्लेषण गरेका छन्। डिफ्रोन्जो ती क्रान्तिप्रति सहानुभूतिशील पनि छन् र आलोचनात्मक पनि छन्। आलोचनात्मक कुन अर्थमा भने उनले क्रान्तिकारी आन्दोलनमा भएका सङ्गीन गल्तीहरूलाई ढाकछोप गर्ने काम गरेका छैनन्। तर, लेभित्स्की र वे उनीभन्दा ठिक विपरीत छन्। अत्यन्त पूर्वाग्रही सामग्री प्रयोग गरेर उनीहरूले क्रान्तिकारी आन्दोलनका गल्तीहरूलाई बढाइचढाइ गरेका छन्। कतिपय गल्तीलाई उनीहरूले सन्दर्भबाट अलग्गाएका छन्।)

*(बाँकी अर्को अङ्कमा।*

*लेखक कुजमारोभ अमेरिकी इतिहासका विद्यावारिधि हुन्। उनले अमेरिकाका विभिन्न कलेजहरूमा अध्यापन गरिसकेका छन्। उनी अमेरिकी इतिहास तथा राजनीतिका विज्ञ मानिन्छन्। उनले विभिन्न रेडियो कार्यक्रम पनि चलाउँदै आएका छन्। उनी कोभर्ट एक्सन म्यागेजिनका प्रबन्ध सम्पादक हुन्। उनका आठ पुस्तक प्रकाशित भइसकेका छन्। 'ओबामाको अन्त्यहीन युद्ध' (सन् २०१९), 'रुसीहरू फेरि आउँदै छन्' (सन् २०१८), 'युद्धपिपासु' (सन् २०२३), 'सिरिया : सत्तापरिवर्तनको चिरफार' (सन् २०२५), 'अमेरिकामा राजनीतिक हत्याहरू' (सन् २०२६) आदि उनका चर्चित पुस्तक पर्छन्। यसबाहेक पनि कुजमारोभका सयौँ लेख-रचना प्रकाशित छन्। उनका लेख-रचना 'सबस्टाक' मा पढ्न पाइन्छ।*

*स्रोत : कोभर्ट एक्सन म्यागेजिन। सम्यक)*

# श्रमिक, किसान र मजदुरको सम्पूर्ण जिम्मेवारी राज्यले बहन गर्नुपर्ने



रामप्रसाद प्रजापति

**देशका मुख्य मुख्य उत्पादनका साधन, कलकारखाना, उद्योगधन्दा सरकारकै वा सम्बन्धित समुदायको हुने अर्थात् सामाजिकीकरण गर्नुपर्दछ । तब मात्र काम गरी खाने श्रमिक, मजदुर किसान वर्गको हितका लागि सरकारले नै जिम्मेवारी एवं सम्पूर्ण दायित्व बहन गर्न सक्दछ ।**

**श्रमिक र मजदुर**

सामान्य भाषामा कुनै रोजगारदाताको लागि पारिश्रमिक वा अन्य प्रतिफल पाउने गरी काम गर्ने व्यक्तिलाई श्रमिक वा मजदुर भनिन्छ ।

नेपालको श्रम ऐन, २०७४ को दफा २(ख) ले श्रमिक भन्नाले रोजगारदातासँग रोजगार सम्झौता गरी पारिश्रमिक लिई रोजगारदाताको लागि काम गर्ने व्यक्ति सम्झनुपर्छ भनी परिभाषित गरेको पाइन्छ ।

यस अर्थमा श्रमिक भन्नाले शारीरिक काम गर्ने व्यक्ति 'मजदुर' मात्र होइन, कार्यालयमा काम गर्ने कर्मचारी, प्राविधिक, चालक, लेखापाल आदि बौद्धिक काम गर्ने मानिसहरूलाई पनि कानुनले श्रमिकको परिभाषाभित्र पारेको देखिन्छ ।

नेपाली श्रमिक र मजदुरका बारेमा छलफल गर्दा नेपालको संविधान, श्रम ऐन, २०७४, श्रम नियमावली तथा योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ ले व्यवस्था गरेका श्रमिक र मजदुरका अधिकारको कुरामा मात्र सीमित हुन सक्ने अवस्था छैन ।

नेपालको संविधानको धारा ३३ ले रोजगारीको हक सम्बन्धी व्यवस्था गरेको छ भने धारा ३४ ले श्रमको हकलाई पनि मौलिक हकअन्तर्गत राखेको पाइन्छ ।

धारा ३४ अन्तर्गत प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक प्रदान गरिएको छ । साथै श्रमिकलाई कानुनबमोजिम ट्रेड युनियन खोल्न, त्यसमा सहभागी हुने र सामूहिक सौदाबाजी गर्ने हक छ ।

देशभित्र सरकारले रोजगारी सृजना गर्न नसकेको कारण अहिले नेपाली श्रमिक र मजदुरहरू पनि विश्वका धेरै देशमा आफ्नो बौद्धिक तथा शारिरीक श्रम गर्न बाध्य छन् ।

नेपालको संविधान र श्रम कानुनलाई अध्ययन गर्दा नेपाली श्रमिक र मजदुरका केही महत्त्वपूर्ण अधिकारहरूका बारेमा उल्लेख गरेको पाइन्छ । तर ती अधिकारहरू प्रत्यक्ष रूपमा हेर्दा श्रमिक र मजदुरका अधिकारजस्तो देखिए पनि सारमा उद्योगी र व्यापारीको फाइदाकै लागि बनाइएको बुझिन्छ । अन्यथा अधिकारप्राप्त श्रमिक र मजदुरहरूको हालत यस्तो काहाली लाग्दो हुने थिएन ।

कानुनले रोजगारीको अधिकार अर्थात् प्रत्येक नागरिकलाई आफ्नो इच्छाअनुसारको रोजगारीको हक र रोजगारी छनोट गर्ने स्वतन्त्रताको अधिकार दिएको छ । काम गरेबापत कानुनबमोजिम न्यूनतम पारिश्रमिकभन्दा कम नहुने गरी उचित पारिश्रमिकको अधिकार छ ।

त्यस्तै समान कामको लागि महिला पुरुष वा अन्य कुनै आधारमा भेदभाव गर्न नहुने, समान पारिश्रमिकको अधिकारको कानुनी बन्दोबस्त छ । स्वास्थ्य तथा सुरक्षाको दृष्टिकोणले रोजगारदाताले सुरक्षित कार्यस्थलको बन्दोबस्त गर्नुपर्ने, सामान्यतया दैनिक ८ घण्टा र हप्तामा ४८ घण्टाभन्दा बढी काम गराउन नपाउने, बढी काम गरेबापतको थप पारिश्रमिक दिनुपर्ने जस्ता काम गर्ने निश्चित समयको सुनिश्चितताको व्यवस्था, नियमानुसारको बिदाको व्यवस्था हुनुपर्ने उल्लेख गरिएको छ ।

महिला श्रमिकलाई प्रसूति बिदा तथा प्रजनन तथा मातृत्वको अधिकार, सामाजिक सुरक्षा कोषमार्फत स्वास्थ्य, मातृत्व, दुर्घटना, आश्रित पारिवार तथा वृद्धावस्थासम्बन्धी सुरक्षाको व्यवस्था गर्न सकिने कानुनी व्यवस्था पनि योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ ले गरेको पाइन्छ ।

त्यस्तै सञ्चय कोष तथा उपदानको व्यवस्था गर्न सकिने पनि उल्लेख छ ।

साथसाथै मजदुर श्रमिकले ट्रेड युनियन गठन गर्न र सदस्य बन्न पाउने अधिकारको व्यवस्था पनि छ । श्रमिकले सामूहिक रूपमा आफ्नो हितका लागि विभिन्न विषयमा वार्ता गर्न पाउने सामूहिक सौदाबाजीको अधिकारको व्यवस्था पनि गरेको पाइन्छ । तर, त्यसलाई निश्चित समय सिमाभित्र गर्न निषेध गरी रोजगारदाता उद्योगी व्यवसायीहरूको हितलाई प्राथमिकतामा राखेको पाइन्छ ।

सेवाबाट हटाउँदा रोजगारदाताले मनलाग्दी रूपमा श्रमिक र मजदुरलाई हटाउन नपाउने, निश्चित कानुनी प्रक्रिया पूरा गर्नुपर्ने भनिएको छ तर विभिन्न बाहानामा श्रमिक र मजदुरलाई कामबाट हटाउने प्रवृत्ति रोकिएको छैन । कामबाट हटाइएको विरोधमा कानुनी उपचार पाउन झन्झटिलो प्रक्रिया र सचेतनाको अभावमा देशभित्र र विदेशमा काम गर्ने श्रमिक र मजदुरहरूले अन्याय र अत्याचार भोग्न बाध्य हुन परेका अवस्था छ ।

**सामाजिक सुरक्षा कोष**

सामाजिक सुरक्षा कोषलाई सामान्य भाषामा बुझ्नपर्दा श्रमिक र मजदुरले आज काम गरिरहेको अवस्थामा मात्र होइन, बिरामी हुँदा,



दुर्घटनामा पर्दा, सुत्केरी, अशक्त हुँदा, बुढेसकालमा र मृत्युपछि परिवारलाई समेत आर्थिक सुरक्षा दिने योगदानमा आधारित सामाजिक सुरक्षा प्रणाली अर्थात् पेन्सन भने जस्तो सम्झन सकिन्छ ।

रोजगारदाताले श्रमिकको तलब वा पारिश्रमिकबाट तलब वा पारिश्रमिकको ११(एघार) प्रतिशत कटाएर त्यसमा रोजगारदाता उद्योगले २० (बीस) प्रतिशत रकम थपेर सामाजिक सुरक्षा कोषमा जम्मा गर्दै जाने प्रणाली हो ।

रोजगारदाताले उपदान, दुर्घटना तथा अशक्तता सुरक्षा, औषधी उपचार तथा स्वास्थ्य सुरक्षा, आश्रित परिवार सुरक्षा तथा वृद्धावस्था सुरक्षा बापतको रकम गरी जम्मा २० प्रतिशत रकम जम्मा गर्ने हो ।

सामाजिक सुरक्षा कोषमा २० प्रतिशत जम्मा गरेपछि रोजगारदाताले श्रमिकलाई उपदान, सञ्चय कोष, दुर्घटना बीमा आदि दिनुपर्छ कि पर्दैन ? भन्ने प्रश्न पनि उठ्ने गर्दछ । यसको लागि श्रमिक वा मजदुर सामाजिक सुरक्षा कोषमा आबद्ध छ कि छैन ? साथै कुन सुविधा कुन कानुनअन्तर्गत पर्छ ? भन्ने कुरामा निर्भर हुन्छ ।

**किसान र मजदुरको जिम्मा राज्यको हुने**

मूलत: व्यापक जनता कामगरी खाने मजदुर र किसान भएको हुँदा मजदुर, श्रमिक र किसानसँग सम्बन्धित गाँस, बास र कपासको अधिकार सुनिश्चित नभएसम्म संविधान प्रदत्त मौलिक हक, श्रम ऐन र नियमले दिएको कानुनी हक, अन्तर्राष्ट्रिय मानव अधिकारको जतिसुकै बखान गरे पनि निरर्थक हुने हुँदा मजदुर र किसानका अधिकारको सुनिश्चितता गर्ने गराउने विषयहरू सरकारले नै प्राथमिकताका साथ समावेश गर्न जोड दिन आवश्यक छ ।

किसानका हक, श्रमिक र मजदुरका हकलाई राज्यले संविधान मौलिक हक अधिकारको रूपमा र ऐन कानुनमा प्राथमिकताका साथ कानुनी बन्दोबस्त गरी तदारुकताका साथ कार्यान्वयन नगरेसम्म नेपाल र नेपाली जनताले दु:ख भोग्न पर्ने, देशभरका खेत-खलियान बाँझो राखेर विदेशबाट खरबौं रुपैयाँको खाद्यान्न खरिद गर्नुपर्ने बाध्यता, परिवार र देश छोडेर रोजगारीको खोजीमा खाडी मुलुक जान बाध्य हुनुपर्ने अवस्थाबाट उन्मुक्ति नहुने कुरामा विवाद छैन ।

श्रमिक, किसान र मजदुरको प्रतिनिधिहरूले नै यस विषयका ऐन, नियम निर्माण गर्नुपर्दछ । गैरसरकारी संस्थाको पैसा खाएर दलाली गर्ने विद्वानहरूले बनाएका संविधान र कानुनले विदेशी लगानीकर्ता, उद्योगी पुँजीपतिहरूकै स्वार्थपूर्ति गर्छ भन्ने दृष्टान्त नेपालमा हुने गरेका बेरोजगारको अवस्था, अनिश्चितता र अस्थिरताका घटनाहरूबाट पुष्टि हुँदै आएको छ ।

सरकार परिवर्तन भएको पछिल्लो घटनापछि मन्त्री बनेका मानिसहरूको अनुहार र परिचय गैरसरकारी तथा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घसंस्थाहरूसँग सम्बन्धित रहेको विवरण सार्वजनिक हुने क्रम जारी छ । यसबाट पनि हामीले के बुझ्न सक्छौं भने आफ्नो लागि अर्थात् नेपाल र नेपालीको हितको लागि हामी नेपाली नै एकजुट भई आफ्नो खुट्टामा उभिन जरुरी छ । अरूको भरमा नभई आफ्नै बलबुताले परिवर्तनका लागि निरन्तर सङ्घर्ष गर्नुपर्ने आजको आवश्यकता हो । तब मात्र व्यापक काम गरी खाने श्रमिक, मजदुर र किसान अर्थात् तल्लो वर्गका जनताको स्वर्ग स्थापना गर्न सकिन्छ ।

मान्छे मान्छे भएर बाँच्न पाउने समाज स्थापना सम्भव हुन्छ । अन्यथा जस्तो सुकै गुलियो पोतेको चिल्लो आकर्षक कानुन बने पनि उद्योगी, व्यापारी, पुँजीपतिको हितका लागि सरकारले नै प्राथमिकता दिने, श्रमिक र मजदुर वर्गलाई बाँच्न चाहिने अतिआवश्यक आधारभूत वस्तु उपभोग गर्दै नमर्ने मात्र बनाउने बन्दोबस्त नै पुँजीवादी व्यवस्थाको चरित्र हो ।

त्यसैले पनि देशका मुख्य मुख्य उत्पादनका साधन, कलकारखाना, उद्योगधन्दा सरकारकै वा सम्बन्धित समुदायको हुने अर्थात् सामाजिकीकरण गर्नुपर्दछ । तब मात्र काम गरी खाने श्रमिक, मजदुर किसान वर्गको हितका लागि सरकारले नै जिम्मेवारी एवं सम्पूर्ण दायित्व बहन गर्न सक्दछ ।

त्यसैले पुँजीवादी बन्दोबस्तमा कानुनले रोजगारदातालाई आफ्नो उद्योग कलकारखानामा काम गर्ने श्रमिक र मजदुरलाई बाँच्न मात्र सक्ने न्यूनतम ज्याला दिने र भविष्यको कुनै ठेकान नहुने व्यवस्थाको सट्टामा सरकारले नै रोजगारीको ग्यारेन्टी दिने र सरकारले नै मरोनपर्यन्त श्रमिक र मजदुर किसानको सम्पूर्ण दायित्व बहन गर्नुपर्दछ । यसको विकल्प छैन ।

*२०८३ भदौ २१*

---

कविता

# ङातापोल्हँबाट रसुवालाई चिट्ठी

• सुरेन

*कैयौँ भूकम्प, महाभूकम्प झेलेको,*
*देशकै उच्च ङातापोलँको छेवैमा उभिएर*
*मनको गहिराइबाट भन्दै छु –*
*रसुवा, तिमी नरोऊ !*
*रसुवा, तिमी एक्लो छैनौ !*
*रसुवा, तिमी चाँडै नै उठ्नेछौ !*
*यो महाविपत्को बखत मनैदेखिको सहानुभूति छ ।*
*तिम्रो दु:ख, पीडा, वियोग र शोकमा*
*हामी तिम्रो साथमा छौँ ।*
*सिलुको पवित्र जलजस्तो तिम्रो मन*
*यतिखेर अझ बढी अनुभूत गर्दै छौँ ।*
*सिलुकै पानीले जोडेको युगौँ पुरानो हाम्रो गहिरो नाता-सम्बन्ध,*
*कालदहचाले जगाइरहेको कालजयी आत्मीयता र आपसी विश्वास,*
*अहँ, सपनामा समेत भुल्न सक्दैनौँ ।*

*कैयौँ भूकम्पले ढाल्न नसकेको,*
*देशकै धरोहर ङातापोलँको आलिङ्गनमा बेरिएर*
*दृढतापूर्वक मनैदेखि भन्दै छु –*
*'रसुवा,*
*तिमीले गाइरहेको विरह गीत*
*तिमीले गुनगुनाइरहेको शोक–गीत*
*तिम्रो छिनछिनको सुस्केरा*
*तिम्रो आर्तनाद*
*तिम्रो बरोबरको चिच्याहट*
*यहाँ टौमढीसम्मै प्रतिध्वनित भइरहेको छ ।*
*रसुवा,*
*आज तिमीले झैँ पटक-पटक मैले पनि रक्तआँसु बगाएको छु ।*
*आफ्नै प्रियजन, मित्रगण आफैँ अगाडि ढलेको देखेको छु ।*
*तिमीले झैँ मैले पनि कैयौँ प्रलय भोगेको छु, देखेको छु ।*
*भयानक भयानक झट्काहरू झेलेको छु ।*
*घाइते भएर लडेको छु*
*र, भग्नबाट बारबार फेरि उठेको छु ।*
*तिमीले झैँ मैले पनि विपत्तिमै अपमान, भेदभाव र झेल सहेको छु ।*
*तसर्थ,*
*प्रिय रसुवा, मन बलियो बनाऊ*
*शक्ति, आशा, उद्देश्य र भविष्य ब्यूँताऊ*
*हिलोमैलो टक्टक्याउँदै शिर फेरि उठाऊ !*

*कैयौँ अकल्पनीय हुरी–वर्षा झेलेको,*
*देशकै अग्लो ङातापोलँको काखमा बस्दै*
*इमानपूर्वक भन्दै छु –*
*तिम्रो छातीमै हिमचट्टान बज्रिँदा*
*हिम–सुनामीले टिमुरेदेखि त्रिशुली वेत्रावतीसम्म सोतर पार्दा*
*भृकुटी र भृकुटीहरू हिँडेको नुवाकोट, रसुवाका बाटा क्षतविक्षत हुँदा, हराउँदा*
*क्षणभरमै असङ्ख्य लोभलाग्दा जीवन लोप हुँदा*
*भोटेकोशी अचानक अश्रुकोशी र रक्तकोशी बनेको देख्दा*
*मेरो ङातापोलँका सारा–सारा फय्गाङ्हरू एकसाथ*
*टिनीनीनी, टिनीनीनीको चर्को आवाज निकाल्दै*
*रोदन–क्रन्दनमा डुबेको मैले अनुभूत गरेको छु ।*
*फय्गाङ्हरूले भक्कानिएर 'गुहार, गुहार' भनेको अनुभव गरेको छु ।*
*ङातापोलँका वलिष्ठ पहलमानहरू जयमल र पट्टासमेत सुँकसुँक रोइरहेको सुनेको छु ।*
*ङातापोलँका भयङ्कर शक्तिशाली द्वारपालहरूसमेत शोकमग्न बनेको देखेको छु ।*
*तसर्थ,*
*प्रिय रसुवा, तिमी नरोऊ !*
*प्रिय रसुवा, तिमी एक्लो छैनौ !*
*रसुवा, तिमी चाँडै नै उठ्नेछौ !*

*प्रिय रसुवा,*
*ङातापोलँलाई साक्षी राखेर भन्दै छु*
*ङातापोलँको कसम खाएर दृढविश्वासका साथ भन्दै छु –*
*हिमालश्रृङ्खला, हिमचुली फेरि जरुर हाँस्नेछ,*
*लाङटाङ लजाउनेछ र आत्म–आलोचित हुनेछ ।*
*भोटेकोशी भद्र, शान्त र संयमित बन्नेछ ।*
*त्रिशुली नदी त्राश होइन फेरि आश बोकेर बग्नेछ ।*
*तिम्रो तहसनहस भएको धर्तीमा असङ्ख्य फूलहरू चाँडै नै फुल्नेछन्*
*आकाशमा सेता परेवा र चराचुरुङ्गीहरू स्वच्छन्द कावा खाँदै आउनेछन् ।*
*हिमालको बगलैमा बनेको यो कुरूप मरुभूमि अस्थायी हो,*
*चाँडै नै वसन्त–वहार छाउनेछ*
*अनि,*
*रसुवाली केटाकेटीहरूले छाती फुलाएर उल्लासपूर्वक फेरि एकसाथ गाउनेछन् –*
*नयाँ वसन्तको गीत*
*उत्सव र उत्साहको गीत*
*हिमाली सभ्यताको गीत*
*प्यारो सुन्दर रसुवाको गीत*
*प्राणभन्दा प्यारो गर्विलो मातृभूमिको गीत ।*

*भदौ २० गते ०८३*

# जिल्ला जिल्लामा 'भक्तपुर काण्ड'को भर्त्सना तथा विरोध

**नेमकिपाले जनताको सेवा गरेको मन नपरेर "भक्तपुर काण्ड"**

भक्तपुर । प्रभात इङ्गलिस सेकेन्डरी स्कूलमा 'भक्तपुर काण्ड'को विरोध एवं भर्त्सना कार्यक्रम भदौ १९ गते सम्पन्न भयो ।


कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रेम सुवालले भन्नुभयो, "त्यसबेला कक्षा ६ र ७ का विद्यार्थीले शिक्षक शिक्षिकाको तलबको २५ प्रतिशत शुल्क तिर्नुपर्दथ्यो । नेमकिपाका जनप्रतिनिधिहरू पुगेको भक्तपुर नगरपालिकाले विद्यार्थीसँग २५ प्रतिशत शुल्क उठाउन नपर्ने गरी भनपाले व्यहोर्ने व्यवस्था गऱ्यो । यो जनताको सेवा पञ्चायती सरकारलाई मन परेन र नेमकिपाविरुद्ध झुठा मुद्दा गऱ्यो ।"

नेमकिपाले पञ्चायती चुनावमा भाग लिएर देश र जनताको निःस्वार्थ सेवा गरेको हुँदा २०४५ साल भदौ ९ गते पञ्चायत सरकारले नेमकिपाका नेता र कार्यकर्ताविरुद्ध झुटा ज्यान मुद्दा लगाएको उहाँले उल्लेख गर्नुभयो ।

२०४६ सालको जनआन्दोलनले पञ्चायती व्यवस्था समाप्त भएको र झुटा मुद्दा पनि खारेज भएको व्यवस्थापन समितिका अध्यक्ष सुवालले बताउनुभयो ।

विद्यालय व्यवस्थापन समितिका सदस्य गौतम लासिवाले शिक्षकहरूबिच महत्त्वपूर्ण घटनाहरूबारे अध्ययन गोष्ठी र एकआपसमा सरसल्लाह गर्ने कार्यक्रमहरू नियमितरूपमा गर्नु आवश्यक छ भन्नुभयो ।

कार्यक्रममा विद्यालयका प्रिन्सिपल स्वर्णिमा मूल, शिक्षकहरू बलराम गोसाई, मनिष गोरा, माधवनारायण कोण्डा, राजकुमार साखकर्मी, लिना लासिवालगायतले बोल्नुभएको थियो ।



**'भक्तपुर काण्ड' बारे नयाँ पुस्तालाई जानकारी दिँदै जानुपर्ने**

भक्तपुर । नेपाल क्रान्तिकारी शिक्षक सङ्घ, चाँगुनारायण नगर समितिको आयोजनामा नेपाल मजदुर किसान पार्टीलाई समूल नष्ट गर्ने उद्देश्यले पञ्चायती राज्यस्तरबाट रचिएको भक्तपुर काण्डको विरोध तथा भर्त्सना कार्यक्रम शिक्षकहरूबिच भदौ १७ गते सम्पन्न भयो ।

उक्त विरोध तथा भर्त्सना कार्यक्रममा नेमकिपा भक्तपुर जिल्ला समितिका उपाध्यक्ष न्हुछेभक्त फोजूले भक्तपुर काण्डबारे नयाँ पुस्तालाई जानकारी दिन र पुराना साथीहरूलाई स्मरण गराउनका साथै त्यस घटनाबाट पाठ सिकेर सचेत हुन कार्यक्रम गरिएको हो भन्नुभयो ।

उहाँले समाजवादी गणतन्त्रमा मात्र स्वास्थ्य र शिक्षा निःशुल्क हुने, योग्यताअनुसार काम, कामअनुसार ज्यालाको बन्दोबस्त हुने, ज्येष्ठ नागरिक तथा बालबालिकाहरूको सम्मान, संरक्षण र भलाई हुने तथा व्यक्तित्व विकासमा समान अवसर पाउने भएकोले समाजवादी गणतन्त्रको अपरिहार्य भएको हो भन्नुभयो ।

उहाँले शिक्षक सङ्घमा लाग्ने पदाधिकारीहरू हरेक क्षेत्रमा योग्य र सक्षम हुन विभिन्न विषयवस्तुहरू अध्ययन गर्नुका साथै सन्दर्भ सामग्रीहरू र देश-विदेशका इतिहास, भूगोल, अर्थशास्त्र, समाजशास्त्र, राजनीतिशास्त्र तथा विद्वान्हरूको जीवनी, लेख रचनाहरू अध्ययन गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

नेक्राशिसङ्घ भक्तपुर जिल्ला समितिका अध्यक्ष गणेशराम थुसाले नेमकिपालाई समूल नष्ट गर्ने उद्देश्यले २०४५ साल भदौ ९ गते पञ्चायती राज्यस्तरबाट षड्यन्त्र गरी कर्ण ह्योजुलाई बलिको बोको बनाएको हो भन्नुभयो ।

उहाँले "जो आगोसँग खेल्छ त्यो आगोमै मर्छ, जो पानीसँग खेल्छ त्यो पानीमै मर्छ" भनेझैं नेमकिपालाई समाप्त पार्न रचेको षड्यन्त्रमा आफै परी २०४६ सालको जनआन्दोलनबाट पञ्चायती व्यवस्था समाप्त हुन पुग्यो भन्नुभयो ।

नेपाल क्रान्तिकारी शिक्षक सङ्घ, चाँगुनारायण नगर समितिका अध्यक्ष नारायणप्रसाद दुलालको सभापतित्वमा सम्पन्न भएको उक्त विरोध तथा भर्त्सना कार्यक्रममा समितिका सहसचिव सत्यप्रसाद प्रजापतिले भक्तपुर काण्डमा भक्तपुरका नेता तथा कार्यकर्तालगायत सर्वसाधारण जनताले दुःखकष्ट भोगेको कुरा बताउनुभयो ।

**सूर्यविनायकमा भक्तपुर काण्डको भर्त्सना**

भक्तपुर । नेपाल मजदुर किसान पार्टी सूर्यविनायक ९ नंखेल समितिको आयोजनामा २०४५ साल भदौ ९ गते पञ्चायती राज्यस्तरबाट रचिएको भक्तपुर काण्डको भर्त्सना कार्यक्रम नेपाल क्रान्तिकारी किसान सङ्घका केन्द्रीय उपाध्यक्ष गोविन्द दुवालको प्रमुख आतिथ्यमा भदौ २० गते सम्पन्न भयो ।

कार्यक्रममा अतिथि दुवालले नेपाल मजदुर किसान पार्टी र किसान सङ्घको सङ्घर्षले गर्दा किसानहरूको मोहियानी हक पाएको कुरा बताउँदै पञ्चायती व्यवस्थामा भाग लिएर पञ्चायत र अन्याय अत्याचारको विरुद्ध सङ्घर्ष गरेकै कारण पञ्चायतले भक्तपुर काण्ड षड्यन्त्र रचेको बताउनुभयो ।

उहाँले वर्तमान सरकार देश र जनताको हितभन्दा विदेशीहरूको हित र पुँजीपतिवर्गको हितमा काम गर्ने भएको हुँदा कामदारवर्गको हितको लागि समाजवादी व्यवस्था ल्याउन सङ्गठित हुनु आवश्यक छ भन्नुभयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टी सूर्यविनायक नगर समितिका अध्यक्ष सूर्यभक्त त्वाती, आयोजक समितिका अध्यक्ष राजाराम कासुला र तुल्सीदास कासुलाले आ-आफ्नो विचार व्यक्त गर्नुभयो ।

त्यस्तै सूर्यविनायक १० चितपोलमा पनि भक्तपुर काण्डको भर्त्सना कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपा सूर्यविनायक नगर समितिका अध्यक्ष सूर्यभक्त त्वाती, केपी सुवाल, मनशोभा सुवालले पनि आ-आफ्नो विचार व्यक्त गर्नुभयो ।

**नयाँ पुस्तालाई सचेत गराउने जिम्मेवारी शिक्षकको काँध**

भक्तपुर । नेपाल क्रान्तिकारी शिक्षक सङ्घ बासु मावि एकाइ समितिको आयोजनामा भक्तपुर काण्डबारे भदौ १६ गते प्रवचन कार्यक्रम भयो ।

प्राध्यापक समाज नेपालका केन्द्रीय अध्यक्ष तथा नेमकिपाका केन्द्रीय सदस्य सरोजराज गोसाईले निरङ्कुश व्यवस्था कस्तो हुन्छ भन्ने स्पष्ट उदाहरणको रूपमा भक्तपुर काण्डलाई लिन सकिने र नयाँ पुस्तालाई सचेत गराउने जिम्मेवारी शिक्षकको काँधमा रहेको छ भन्नुभयो ।

पुँजीवादी व्यवस्थाको उपज Global Warming (विश्व तापमान) ले देशले दुष्परिणाम भोगिरहेको हुनाले विद्यार्थीलाई सचेत गराउँदै लैजानुपर्ने कुरा शिक्षकको कर्तव्य हो, उहाँले भन्नुभयो ।

कार्यक्रममा नेक्राशिसङ्घ भक्तपुर जिल्लाका अध्यक्ष गणेशराम थुसाले कुनै पनि घटनालाई आलोचनात्मक दृष्टिकोणले हेर्नुपर्ने उल्लेख गर्दै मानिस हरेक पक्षबाट सबल भएर अघि बढेमा समाजलाई अग्रदिशामा लान सकिन्छ भन्नुभयो ।

नेक्राशिसङ्घ भक्तपुर नगर समितिका अध्यक्ष विष्णुप्रसाद दुमरु र बासु माविका प्रधानाध्यापक रविलाल प्रधानले पनि भक्तपुर काण्डबारे बोल्नुभएको थियो ।

नेक्राशिसङ्घ बासु मावि एकाइ समितिका अध्यक्ष पुनेन्द्रप्रसाद कुसीको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा शिक्षक शिक्षिका साजन साखकर्मी, निर्मला प्रजापति, रामहरि ताम्राकार, सुशीला दुवाल, सूर्यलक्ष्मी श्रेष्ठले पनि आ-आफ्नो अनुभव बताउनुभयो ।

**काठमाडौँमा 'भक्तपुर काण्ड' को विरोध भर्त्सना**

भक्तपुर । नेपाल क्रान्तिकारी किसान सङ्घ काठमाडौँ जिल्ला समितिको आयोजनाका २०४५ सालको राज्यद्वारा रचित भक्तपुर काण्डको विरोध एवम् भर्त्सना कार्यक्रम भदौ १७ गते काठमाडौँमा मनाइयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य नारायण महर्जनले नेमकिपाको समूल नष्ट गर्न षड्यन्त्रपूर्वक रचिएको भक्तपुर काण्डबाट अहिले पनि शिक्षा लिन जरुरी रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "देश र जनताको सेवालाई नै पार्टीको मुख्य ध्येयको रूपमा लिई प्रतिक्रियावादी सङ्घ संस्थाभित्र घुसेर पञ्चायती व्यवस्थाको जरा काट्ने काम नेमकिपाले गरेको थियो ।"

उहाँले भन्नुभयो, "समाजवादको लागि लागिपरको पार्टी नेमकिपामात्र भएकोले पनि नेमकिपालाई नष्ट गर्न भक्तपुर काण्ड घटाएको हो । गोरखपुरमा अध्यक्ष रोहितको डेरामा गोली हानेको नेमकिपा नष्ट गर्न नै हो भने अब फेरि नयाँ ढङ्गले षड्यन्त्र रच्न सक्ने सम्भावनालाई नकार्न सकिँदैन ।"

कार्यक्रममा नेमकिपा केन्द्रीय सदस्य राजवीर डंगोलले भक्तपुर काण्डको बारेमा बोल्दै नेता कार्यकर्ताहरु सधैँ सचेत हुनुपर्छ भन्नुभयो ।

नेपाल क्रान्तिकारी किसान सङ्घ काठमाडौँ जिल्लाका अध्यक्ष हरिशरण श्रेष्ठको सभापतित्वमा भएको उक्त कार्यक्रममा जिल्ला समितिका गुणदास महर्जन नरमान महर्जन, ममता डंगोल, काशीनारायण डंगोल, मंगलदास श्रेष्ठ, बन्दना श्रेष्ठ, पूर्ण बुढाथोकी, कुलनारायण डंगोललगायतले भक्तपुर काण्डको बारेमा बोल्नुभएको थियो ।

**सर्लाहीमा 'भक्तपुर काण्ड' को भर्त्सना**

सर्लाही । नेपाल मजदुर किसान पार्टी सर्लाहीको आयोजनामा चन्द्रनगर गाउँपालिकामा भदौ १९ गते भक्तपुर काण्डको भर्त्सना कार्यक्रम भयो ।

कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य सरोज साहले नेमकिपाले पञ्चायती चुनावमा भाग लिएर देश र जनताको निःस्वार्थ सेवा गरेको र जनतालाई मार्क्सवाद-लेनिनवाद र माओ त्से तुङ विचारधाराबाट प्रशिक्षण गरेको पञ्चायतलाई सह्य नभएकोले २०४५ साल भदौ ९ गते पञ्चायत सरकारले नेमकिपाका नेता र कार्यकर्ताविरुद्ध झुटा ज्यान मुद्दा लगाएको बताउनुभयो ।

शोषणरहित समाज हुने, शिक्षा-स्वास्थ्य निःशुल्क र अनिवार्य तथा योग्यताअनुसारको काम र कामअनुसारको ज्यालाको बन्दोबस्त तथा उत्पादनका मुख्य मुख्य साधन र स्रोत सामाजिकीकरण हुने व्यवस्था नै समाजवादी व्यवस्था भएको स्पष्ट पार्दै उहाँले नेमकिपा समाजवादी व्यवस्था स्थापनाको लागि सङ्घर्षरत रहेको बताउनुभयो ।

कार्यक्रमका सभापति एवं नेमकिपा सर्लाहीका संयोजक रमाकान्त कापरले भक्तपुर काण्डबारे नयाँ पुस्ता जानकारी गराउनु जरुरी भएकोले कार्यक्रम आयोजना गरिएको बताउनुभयो ।

उहाँले नेमकिपा जातीय र क्षेत्रीय पार्टी नभई वर्ग सङ्घर्ष अगाडि बढाउने पार्टी भएको स्पष्ट पार्नुभयो ।

कार्यक्रममा सहभागीहरूले राख्नुभएको जिज्ञासालाई अतिथिहरूले स्पष्ट गर्नुभएको थियो ।

**कैलालीमा शिक्षक भेला**

कैलाली, २० भदौ । नेपाल क्रान्तिकारी शिक्षक सङ्घ जिल्ला समिति कैलालीको आयोजनामा भदौ २० गते जिल्ला भेला सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य हरिसुन्दर बासीले समाज सामन्तवादी समाजबाट पुँजीवादी समाजमा पुँजीपतिहरूको हितको निमित्त सरकारले नीति नियम बनाउने हुनाले गरिब झन् गरिब र धनी झन् धनी हुने बताउनुभयो ।

उहाँले पुँजीवादी व्यवस्थाको विकल्प समाजवादी व्यवस्था भएको र समाजवादी व्यवस्थाले नै काम गरिखाने जनताको हित गर्ने स्पष्ट पार्नुभयो ।

पुँजीवादी सरकारले ल्याएको कर नीति पनि पुँजीपतिको हितमा भएको उहाँले बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले नेमकिपाका कार्यकर्ता राजनीतिक रूपले सचेत हुनु जरुरी छ भन्नुभयो ।

नेमकिपाका अर्का केन्द्रीय सदस्य एवम् कैलाली अध्यक्ष रमेशकुमार रावलले राज्य शोषणरहित हुनुपर्ने र राज्य बहुसङ्ख्यक नागरिकको हितमा हुनुपर्ने बताउनुभयो ।

गुप्तबहादुर शाहीको अध्यक्षतामा भएको कार्यक्रममा नेक्राशिसङ्घका जङ्गबहादुर तारामी, गगनबहादुर थापा मगर, ज्योति बडुवाल, सङ्गीता श्रेष्ठ, प्रेम सिजापति, दीपेन्द्र शाही, एचबीलगायतले बोल्नुभएको थियो ।

भेलाले जङ्गबहादुर तारामीको संयोजकत्वमा १० सदस्यीय नेपाल क्रान्तिकारी शिक्षक सङ्घ दोस्रो कैलाली जिल्ला सम्मेलन तयारी समिति गठन गरेको छ ।

**कालीकोट**

नेपाल मजदुर किसान पार्टी जिल्ला समिति कालीकोटको आयोजनामा भदौ ९ कालो दिनको भर्त्सना कार्यक्रम तिलागुफा नगरपालिका वडान ४ राँचुलीमा भदौ १६ गते सम्पन्न भयो ।

कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य नन्दबहादुर शाहीले 'भक्तपुर काण्ड' बाट प्रतिक्रियावादीहरूले कस्ता खालका षड्यन्त्र गर्छन् भन्ने कुरा सिक्न सकिने बताउनुभयो । उहाँले पार्टीका जनपक्षीय गतिविधिबाट अत्तालिएर नेमकिपालाई समाप्त पार्न खोज्ने पञ्चायत आफै समाप्त भएको बताउनुभयो ।

पार्टीका अर्का केन्द्रीय सदस्य नवराज कोइरालाले नेमकिपा जनताको राजनैतिक स्तर उठाउन र आम नगरिकलाई बुद्धिजीवीकरण गर्न तल्लीन रहेको बताउनुभयो । उहाँले तत्कालीन पञ्चायत नै नेमकिपाका नेता र कार्यकर्ताविरुद्ध उत्रेको बताउनुभयो ।

पार्टी जिल्ला समिति अध्यक्ष खडगराज शाहीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेक्राशिसङ्घका केन्द्रीय उपाध्यक्ष नरदिप शाही र पार्टी जिल्ला समिति सचिव धनञ्जय अधिकारीले पनि बोल्नुभएको थियो ।

**बर्दिया**

नेपाल मजदुर किसान पार्टी बर्दियाको आयोजनामा भदौ १५ गते बर्दियामा पञ्चायती राज्यस्तरबाट रचिएको भक्तपुर काण्डको भर्त्सना कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टी लुम्बिनी प्रदेश संयोजक हरिसुन्दर वासीले विपद्को बेलामा जनतालाई झन् दुःख दिने उद्देश्यले षड्यन्त्र गर्ने प्रतिक्रियावादी शासकहरू छिट्टै नाङ्गिँदै जाने बताउनुभयो ।

भूकम्पबाट घरबारबिहीन जनतालाई राहत बाँड्नुको सट्टा जनपक्षीय राजनीतिलाई निस्तेज पार्न राज्यस्तरबाटै षड्यन्त्र भएको चर्चा गर्दै उहाँले कामदारवर्गलाई दमन गर्न प्राकृतिक विपत्तिमा पनि षड्यन्त्र हुनु निर्दयी उदाहरण हो भन्नुभयो ।

शोषण र अन्यायको रूप फेरिए पनि सारमा कामदारवर्गलाई दबाउन प्रतिक्रियावादी वर्ग झन् कठोर बन्दै आइरहेको उल्लेख गर्दै उहाँले कामदार जनता सचेत र सङ्गठित हुनु आवश्यक छ भन्नुभयो ।

उहाँले भोटेकोसीमा आएको अकल्पनीय बाढीबाट नेपाली जनता आक्रान्त भइरहेको बेलामा साम्राज्यवादीहरू नेपाल र चीनबिचको सम्बन्ध बिगार्न उद्यत रहेकाले नेपाली देशभक्त कामदार जनता सावधान हुनु आवश्यक छ भन्नुभयो ।

नेमकिपा बर्दियाका संयोजक हरिलाल न्यौपानेले फेरिएको परिस्थितिमा अझ बढी सुझबुझका साथ अगाडि बढ्नुपर्ने र समाजवाद नआएसम्म विश्राम गर्न नहुने बताउनुभयो ।

कार्यक्रममा धर्मराज जैसी आचार्य, थिरबहादुर वली र मानबहादुर खत्रीलगायतले राज्यस्तरको षड्यन्त्रको भर्त्सना गर्नुभयो ।

नागरिकमैत्री: सार्वजनिक सेवा

- सेवाग्राहीप्रति सम्मान, शिष्टता र समान व्यवहार गरौं,
- छिटो, सरल, पारदर्शी र गुणस्तरीय सेवा प्रदान गरौं,
- सेवासम्बन्धी सूचना, प्रक्रिया र शुल्क स्पष्ट रूपमा उपलब्ध गराऔं,
- प्रविधिमैत्री तथा डिजिटल सेवाको प्रभावकारी उपयोग गरौं,
- सेवाग्राहीका गुनासा, सुझाव र प्रतिक्रियालाई सम्बोधन गरौं,
- सुशासन, इमानदारीता, जवाफदेहिता र उत्तरदायित्वलाई आत्मसात् गरौं,
- सार्वजनिक सेवालाई विश्वासयोग्य, पहुँचयोग्य र नागरिककेन्द्रित बनाऔं।

सेवाग्राहीको सन्तुष्टि नै सार्वजनिक सेवाको सफलता हो।

नेपाल सरकार
विज्ञापन बोर्ड

# विश्वशान्तिको लागि जीएसआई अर्थात् विश्वव्यापी सुरक्षा अगुवाइ

✍ **हौसला**

विश्व व्यवस्थामा आएको परिवर्तन स्वीकार्न नसक्ने पश्चिमी शक्ति यतिबेला अन्तर्राष्ट्रिय सुरक्षा खल्बलाउन उद्दत देखिन्छ। संरा अमेरिका विश्व शान्ति र सुव्यवस्था खल्बल्याई परम्परागत विश्व व्यवस्था कायम राख्न अनेक प्रयास गर्दै छ। पछिल्लो समय एसियालाई आफ्नो चक्रव्यूहमा पारी युद्धमा फसाउने कुटिल चाल भइरहेको जगमा जाहेर छ। एसियाको निर्णय पश्चिम या अमेरिकी सैन्य गठबन्धनहरूले होइन एसिया आफैले लिन पाउनुपर्ने अडानमा छ चीन। राष्ट्रपति सीको प्रशासनको सुरुआतदेखि नै चीनले संरा अमेरिकाको अस्वाभाविक सैन्य गठबन्धनहरूको विरोध गऱ्यो। चीनले समावेशितामा आधारित कूटनीति अपनायो। राष्ट्रपति सीले सभ्यताको विकास शान्तिपूर्ण ढङ्गले, सहकार्यको माध्यमबाट हुनुपर्ने बताउनुभयो। आफ्नो छिमेक नीतिलाई सहयोगको नीति बताउनुभयो। चीनले कुनै पनि साना ठूला देशहरूको सार्वभौमसत्ताको सम्मान र आन्तरिक मामिलामा अहस्तक्षेपको नीति लियो। विश्वसँग सहकार्य, सहअस्तित्व र साझेदारी विकास गर्न सीएसएफएम CSFM अर्थात् मानवजातिका लागि साझा भविष्यसहितको समुदाय निर्माण, एक क्षेत्र एक अगुवाइ (BRI) विस्तार, विश्वव्यापी साझेदारी संयन्त्र (Global Partnership Network) निर्माणसँगै विश्वव्यापी विकास अगुवाइ (Global Development Initiative) मा जोड दियो। चीनले सधैँ देशहरूको विकासलाई प्राथमिकतामा राख्यो; जनता प्रथमको सिद्धान्त अघि बढायो; वातावरणीय सुरक्षा, नयाँ आविष्कारलाई जोड दियो। त्यतिमात्र होइन चीनले सहयोग र सहकार्यका निम्ति तत्परता देखायो। असमावेशिता चीनलाई कहिल्यै मञ्जुर भएन। त्यसकारण चीन विश्व व्यवस्थामा बेग्लै पहिचानसहित अग्रपङ्क्तिमा उक्लियो। त्यसपछि चीनमाथि संरा अमेरिकाको प्रहार र आक्रमणहरू रोकिएन। युरोप, अफ्रिका र एसियाली महादेशहरूमा अशान्ति रोपेर भए पनि संरा अमेरिका आफू अनुकूलको विश्व व्यवस्था चाहन्छ। एसियाप्रशान्त क्षेत्रले हिन्द-प्रशान्त रणनीति, अउकस, क्वाड र फाइभ आइज जस्ता असमावेशी अस्वाभाविक संरा अमेरिकी सैन्य गठबन्धनहरूका कारण असुरक्षाको अनुभव गरेपछि चीनले विश्वव्यापी सुरक्षा अगुवाइ (GSI) अघि सारेको हो। के हो जीएसआई ? आजको विश्वमा यसको चर्चा जरुरी छ। समकालीन विश्वका छलफल तथा विचारमाथि मन्थन त्यसकारण पनि सामयिक होला।


जीएसआई (GSI) समावेशी सहकार्यको नवीन विचार हो। जसले देशहरूको साझा चासोहरू, उद्देश्यहरूको निम्ति सहकार्य र एकताबद्ध हुन ऊर्जा प्रदान गर्छ। कुनै पनि देशको सामाजिक प्रणाली र विकासको मार्ग, छनोट गर्ने सवालमा अहस्तक्षेप र सम्मानको अवधारणा विकास गर्न जीएसआईले सघाउँछ। शीतयुद्धको मानसिकता अस्वीकार गरी बहुपक्षीयताको पक्ष लिन्छ। सन्तुलित, प्रभावकारी र दिगो सुरक्षा बन्दोवस्तको निम्ति जीएसआई प्रतिबद्ध देखिन्छ। सामूहिक विकास र विश्वशान्तिका लागि आज जीएसआई अवधारणाको व्यापक चर्चा आवश्यक अनुभव हुन्छ। पश्चिमी नेतृत्वको विश्वव्यवस्था युद्ध र द्वन्द्वहरूले भरिएको हुँदा वर्तमान विश्व सुरक्षाका लागि, मानवजातिमाथि चुनौती र खतराको बादल पन्छाउनका लागि जीएसआईको परिचर्चा आवश्यक छ। अन्तर्राष्ट्रिय परिस्थिति दिनप्रतिदिन अशान्त बनिरहेको बेला पश्चिमी नेतृत्वको रक्तपातपूर्ण इतिहासविरुद्ध शान्तिपूर्ण र सुखद भविष्यको निर्माण गर्ने समय यही हो। विश्वलाई अब युद्ध चाहिएको छैन। मानवजातिका लागि सभ्यता र सामाजिक प्रणालीको सुरक्षा महत्त्वपूर्ण हो। जएसआईले त्यही मानवजातिको साझा भविष्यको चिन्तन प्रस्तुत गर्छ।

अप्रिल २१ का दिन एसियाली बोआओ फोरमको वार्षिक सम्मेलन २०२२ सुरु भयो। चिनियाँ राष्ट्रपति सि चिनफिङले 'सहकार्यमार्फत चुनौतीहरूको सामना गरी विश्व व्यवस्थाको उज्यालो भविष्य निर्माण गर्ने' विषयमा मन्तव्य दिनुभयो। उहाँले पहिलो पटक 'विश्वव्यापी सुरक्षा अगुवाइ ( जिएसआई)' प्रस्ताव गर्नुभयो। एक शताब्दीसम्म नदेखिएको महामारीको विश्वले अनुभव गऱ्यो र अन्तर्राष्ट्रिय परिस्थिति गहिरो र जटिल ढङ्गबाट फेरियो। क्षेत्रीय सुरक्षामा एक पछि अर्को संवेदनशील चुनौती देखापर्यो। पारम्परिक सुरक्षा र गैरपारम्परिक चुनौतीहरूबीच टकरावहरू खडा भए। विशेषत: पछिल्लो रुस-युक्रेन सङ्घर्षले भूमिगत असर सतहमा ल्याइदियो। त्यसकारण, अन्तर्राष्ट्रिय सुरक्षाले पुन: एकपटक उच्च प्राथमिकताको माग गऱ्यो। जिएसआई त्यही मागको प्रतिफल हो। जिएसआईको प्रस्तावले नि:सन्देह विश्वशान्ति र सुव्यवस्था कायम गर्ने स्पष्ट दिशानिर्देश गर्छ र सम्पूर्ण मानवजातिलाई दीर्घकालीन विश्वशान्ति र अन्तर्राष्ट्रिय सुरक्षाको बाटो देखाउँछ।

जिएसआईको मुख्य सन्देश के हो ? यो प्रश्नमा संसारको चासो बढ्दो छ। जिएसआई तार्किक र अर्थपूर्ण छ। विचारमा समृद्ध यसको मुख्य सन्देशले राष्ट्रपति सीद्वारा व्यक्त ६ वटा प्रतिबद्धताहरू प्रदर्शन गर्छ।

पहिलो, विश्वशान्ति र सुरक्षा कायम राख्नका निम्ति साझा र बृहत् सहकार्य र दिगो सुरक्षा, सामूहिक र संयुक्त कार्यको दृष्टिकोणमा प्रतिबद्ध रहन जरुरी हुन्छ। आजको विश्व क्रमश: साझा भविष्यको समुदायको रूपमा विकसित हुँदै छ। जहाँ सबैको आ-आफ्ना उद्देश्य छन्। विश्व सुरक्षाका चुनौतीहरूको सामना गर्न र दीर्घकालीन विश्वशान्ति र सुरक्षाका निम्ति सम्पूर्ण देशहरूबीच साझा, व्यापक र दिगो सुरक्षाको एक नयाँ दृष्टिकोण स्थापना गर्न जरुरी छ। यस नयाँ सुरक्षा दृष्टिकोणले सारा देशहरूको सम्मान र सुरक्षाको ग्यारेन्टीको निम्ति आह्वान गरेको हुनुपर्छ। परम्परागत र उदाउँदा शक्ति दुवैबीच सुरक्षा कायम गर्न, संवाद र सहकार्यको मद्दतबाट सारा देशहरू र क्षेत्रहरूमा सुरक्षा प्रत्याभूत गर्न र दीर्घकालीन सुरक्षाका निम्ति साझा विकास र सुरक्षालाई एक सिक्काका दुई पाटाका रूपमा विकास गर्न आवश्यक छ।

राष्ट्रपति सीले चुनौतिपूर्ण विश्वव्यापी सुरक्षा मुद्दाहरूको समाधानका उपाय दिएर मानवजातिकै निम्ति उत्कृष्ट योगदान पुऱ्याउनुभयो। सन् २०१३ मार्चमा जिम्मेवारी सम्हालिसकेपछिको पहिलो विदेश भ्रमणमा राष्ट्रपति सीले विश्व सुरक्षा मुद्दाहरूबारे आफ्ना धारणा व्यक्त गर्नुभएको थियो। विश्वव्यापी चुनौतीहरूको सामना गर्न हामी एकताबद्ध हुनुपर्छ र सहकार्य गर्दै दबाबलाई सकारात्मक शक्तिमा परिवर्तित गर्दै समस्यालाई अवसरमा बदल्नुपर्छ भन्नुभयो। "जटिल सुरक्षा चुनौतीविरुद्ध जुझ्न कुनै देशले एक्लै कार्य गर्न सक्दैन र सैन्य उपायलाई एकमात्र समाधानका रूपमा देख्यो भने थप जटिल हुन सक्छ। समाधानको उपाय भनेको सहकार्यमार्फत संयुक्त र साझा सुरक्षा हासिल गर्नु हो।" सन् २०१४ मेमा साङ्घाइमा सम्पन्न




"कन्फरेन्स अन इन्टऱ्याक्सन एण्ड कन्फिडेन्स बिल्डिङ मेजर्स इन एसिया" को चौथो शिखर सम्मेलनमा राष्ट्रपति सीले साझा र व्यापक, सहकारी र दिगो सुरक्षाको एसियाली सुरक्षा अवधारणा प्रस्ताव गर्नुभयो। अन्य अन्तर्राष्ट्रिय अवसरहरूमा पनि राष्ट्रपति सीले उक्त विचार व्यक्त गर्नुभएको स्मरण बुलेटिनले गराउँछ। सन् २०१७ को जनवरीमा जेनेभामा सम्पन्न मानवजातिको साझा भविष्यको समुदाय निर्माण तथा परामर्शका लागि भएको उच्चस्तरीय बैठकमा राष्ट्रपति सीले साझा भविष्य निर्माणको सिद्धान्त कार्यान्वयनको निम्ति आह्वान गर्नुभयो। विश्वव्यापी सुरक्षाको संसार निर्माणका फाइदाहरूमाथि प्रकाश पार्नुभयो। सन् २०२० मा सम्पन्न साङ्घाइ सहकार्य संस्थाका राष्ट्रप्रमुखहरूको बीसौँ परिषद् बैठकमा राष्ट्रपति सीले जोड दिँदै भन्नुभयो, "हामीले सुरक्षा र स्थायित्वको रक्षा गर्नुपर्छ र हामी सबैका निम्ति सुरक्षित समुदाय निर्माण जरुरी छ।" अन्तर्राष्ट्रिय सुरक्षाका निम्ति चीनले व्यवस्थित र नयाँ दृष्टिकोण अघि सारेको छ। यस दृष्टिकोणले तीव्र गतिमा विश्वव्यापी सहमति पाइरहेको र अन्तर्राष्ट्रिय समुदायमा व्यापक समर्थन पाएको छ।

दोस्रो, हरेक देशको भौगोलिक अखण्डता र सार्वभौमिकताको सम्मान हुनुपर्दछ। आन्तरिक मामिलामा हस्तक्षेप नगर्न, विकास मोडलको स्वतन्त्र छनोट गर्न र विभिन्न देशहरूका जनताले निर्माण गरेका सामाजिक प्रणालीहरूको सम्मान हुनुपर्दछ। सन् १९५० मा चीनले पञ्चशीलको सिद्धान्त प्रतिपादन गऱ्यो। जसमा उल्लेख छ - सार्वभौमिकता र भौगोलिक अखण्डताको आपसी सम्मान गर्ने, एकअर्कालाई आक्रमण नगर्ने, एक आपसको आन्तरिक मामिलाहरूमा हस्तक्षेप नगर्ने, समानता र पारस्परिक लाभ हासिल गर्ने र शान्तिपूर्ण सह-अस्तित्व कायम गर्ने। चीनका लागि पञ्चशीलको सिद्धान्त अन्तर्राष्ट्रिय सम्वन्ध विस्तारको आधार नै हो। न्यायपूर्ण र व्यावहारिक नयाँ राजनैतिक तथा आर्थिक व्यवस्था स्थापना गर्न यसले महत्त्वपूर्ण भूमिका निर्वाह गर्यो। एउटा मुलुकले आफ्नो विकासको मोडल कस्तो पहिल्याउँछ भन्ने कुरा उसको आन्तरिक अवस्थामा निर्भर रहन्छ। अन्य कुनै मुलुकलाई हस्तक्षेप गर्ने वा विवेकहीन टिप्पणी गर्ने वा आलोचना गर्ने अधिकार कसैलाई हुँदैन। के कुनै देशले अर्को मुलुकसम्म आफ्नो हात लम्ब्याउन मिल्छ ? आन्तरिक मामिलामा हस्तक्षेप गर्ने र जबरजस्ती आफ्नो ट्रयाकमा डोऱ्याउन मिल्छ ? त्यस्तो भयो भने मुलुकहरूबीचको समस्या कहिल्यै अन्त्य हुने छैन र दीर्घकालीन विश्वव्यापी सुरक्षा खल्बलिरहन्छ।

पञ्चशीलको सिद्धान्तका वास्तविक पक्षधर र इमानदार अभ्यासकर्ता दुवै हो चीन। बुलेटिनका तथ्यहरूले भन्छ - चिनियाँ कम्युनिस्ट पार्टीको अठारौँ महाधिवेशनदेखि नै अन्तर्राष्ट्रिय परिस्थितिको गहिरो परिवर्तन र मानवजातिको भविष्यका निम्ति राष्ट्रपति सीले महत्त्वपूर्ण धारणा र अगुवाइ प्रस्तुत गर्नुभएको थियो। उदाहरणका लागि मानवजातिको साझा भविष्यसहितको समुदाय निर्माण, नयाँ तरिकाको अन्तर्राष्ट्रिय सम्वन्धको निर्माण, क्षेत्र तथा मार्गको साझा निर्माण, साझा उद्देश्यपूर्ति र न्यायपूर्ण तथा मित्रतापूर्ण सम्बन्ध स्थापनाका निम्ति पञ्चशीलका सिद्धान्त व्यवहारमा प्रयोग गरियो।

तेस्रो, राष्ट्रसङ्घको बडापत्रको उद्देश्य र सिद्धान्तहरू पालना गर्नु सदस्य देशहरूको न्यूनतम कर्तव्य हुन आउँछ। त्यसकारण, शीतयुद्धको मानसिकता त्याग्नुपर्छ। एक-ध्रुवीयता अस्वीकार गर्नुपर्छ। गुटको राजनीति र क्षेत्रीय किचलो अस्वीकार गर्नुपर्छ। राष्ट्रसङ्घको बडापत्रमा 'अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम राख्ने' चार उद्देश्यहरू उल्लेख छन्। 'सार्वभौम समानता' र 'घरेलु मामिलामा अहस्तक्षेप' का सात सिद्धान्तहरू उल्लेख छन्। उक्त उद्देश्यहरू समकालीन अन्तर्राष्ट्रिय कानूनका आधारभूत सिद्धान्त हुन् र अन्तर्राष्ट्रिय सम्बन्धका आधारभूत मापदण्ड पनि हुन्। तथापि, केही मुलुकहरू यसतर्फ आँखा चिम्लन्छन् र एकल ध्रुवीयता, प्रभुत्ववाद र शक्तिको राजनीति लाद्न खोज्छन्। प्रभुत्ववादमा आधारित अन्तर्राष्ट्रिय व्यवस्थाको वकालत गर्दै, गुटगत टकरावलाई उक्साउने, भिन्न सामाजिक प्रणाली र मूल्य अँगालेका देशलाई बारम्बार दबाउने, अन्य मुलुकका संस्थागत शक्तिलाई हानी पुऱ्याउने काम गरिरहेको जगजाहेर नै छ। विशेषगरी विकासोन्मुख मुलुकलाई उठ्न नदिन र संयुक्त राष्ट्रसङ्घको प्रभावकारिता तथा आधिकारिकतामाथि हानी पुऱ्याउने कार्य भइरहेको बुलेटिनले जानकारी दिन्छ।

चीन सधैँ संयुक्त राष्ट्रसङ्घको बडापत्रको उद्देश्य तथा सिद्धान्त र अन्तर्राष्ट्रिय सम्बन्धका आधारभूत नियमहरूमा दृढतापूर्वक उभिएको छ। चीनले संयुक्त राष्ट्रसङ्घसँग अन्तर्राष्ट्रिय प्रणाली र यसका आधारभूत अनुशासनलाई बलियोसँग अङ्गीकार गरेको छ। चीनले अन्तर्राष्ट्रिय कानुनको आधारमा अन्तर्राष्ट्रिय व्यवस्था स्वीकार गरेको छ। इतिहासले प्रमाणित गरिसकेको छ कि शीतयुद्धको मानसिकता र गुटको राजनीतिले सुरक्षा प्रत्याभूत गर्न सक्दैन। उल्टो, युद्ध र अशान्ति निम्त्याउँछ र फैलाउँछ। नयाँ शीतयुद्ध ऐतिहासिक विकासको वेग विपरीतमात्र जाँदैन बरु संसारभरिका जनताको आकाङ्क्षाविरुद्ध पनि जान्छ। जिएसआई त्यही युद्ध मानसिकताविरुद्ध शान्तिको पक्षमा जन्मिएको विचार हो।

चौथो, सबै मुलुकका सुरक्षा चासोलाई गम्भीरताका साथ लिने प्रतिबद्धता जरुरी छ। अविभाज्य सुरक्षा प्रणाली निर्माण आवश्यक छ। अरूको सुरक्षाको मूल्यमा आफ्नो सुरक्षा र स्वार्थ कायम गर्ने अभ्यासको विरोध अनिवार्य छ। मानवजाति साझा सुरक्षाका अविभाज्य समुदाय हुन्। विश्वभरिका मुलुकहरू लामो यात्रामा एउटै डुङ्गाका यात्रीहरू जस्तै हुन् जो गाह्रोसाह्रो पर्दा सँगै हुन्छन् र जसको गन्तव्य एउटै छ। कसैलाई डुङ्गाबाट बाहिर धकेल्नु अस्वीकार्य हुन्छ, अन्यायपूर्ण हुन्छ भन्ने विचार चीनको हो। आफ्नो सुरक्षाको नाममा कसैले अन्य मुलुकको सुरक्षा खल्बल्याउन मिल्दैन।

अहिले चलिरहेको रुस-युक्रेन द्वन्द्व अन्तर्राष्ट्रिय सुरक्षामा वर्तमान समस्याको एउटा दृष्टान्त हो। यस समस्याको जरा विगत लामो समयदेखि लादिएको यूरोपको क्षेत्रीय सुरक्षा अन्तरविरोधमा निहीत छ। यसको समाधान सबै सम्बद्ध मुलुकहरूको जायज सुरक्षा चासोहरू सम्बोधन गरेर मात्र सम्भव छ। रुस-युक्रेन द्वन्द्वबाट सिक्न सकिने महत्त्वपूर्ण पाठ भनेकै एक देशको सुरक्षा अर्को देशको सुरक्षाको मुल्यमा निर्माण सम्भव छैन भन्ने हो। सैन्य गुटको सुदृढीकरण र विस्तारबाट क्षेत्रीय सुरक्षाको ग्यारेन्टी गर्न सम्भव छैन, सबै मुलुक वा मुलुकहरूको समूहले आफ्नो निरपेक्ष सैनिक फाइदा वा निरपेक्ष सुरक्षाका निम्ति कुनै मुलुकको सार्वभौमिकता र सुरक्षामा अनावश्यक हस्तक्षेप गर्न हुँदैन भन्ने हो। जसले कलहको सुरुआत गऱ्यो, उसैले फर्किने पाइला चाल्दा राम्रो हुन्छ, रुस-युक्रेन द्वन्द्वको समाधानको निम्ति सम्बद्ध पक्षहरूले शीतयुद्धको मनस्थिति त्याग्नुपर्छ। सबै पक्षको जायज सुरक्षा चासोहरूको सम्मान गर्ने र गम्भीरतापूर्वक सन्तुलित, प्रभावकारी र दिगो युरोपेली सुरक्षा प्रणाली वार्ताको अगुवाइका लागि तयार हुनुपर्छ।

पाँचौँ, मुलुकहरूबीचको मतभेद र विवाद वार्तामार्फत शान्तिपूर्ण ढङ्गले समाधान गर्ने प्रतिबद्धता जरुरी छ। सङ्कट समाधानका शान्तिपूर्ण प्रयासहरूलाई समर्थन गर्ने, दोहोरो चरित्र अस्वीकार गर्ने, एकतर्फी प्रतिबन्धहरू र लामो-हाते क्षेत्राधिकारको अनावश्यक प्रयोगको विरोध गर्नुपर्छ। वार्ता र परामर्श नै मतभेद र विवाद समाधानको एक मात्र र आधारभूत उपाय हो। जब मुलुकहरूसँग यथेष्ट इच्छाशक्ति र राजनैतिक विवेक हुन्छ, कुनै द्वन्द्व समाधानका लागि निकै गाह्रो हुँदैन। ठिक विपरीत हस्तक्षेप र हातहतियारको प्रयोगले सम्बद्ध मुलुक र क्षेत्रको अर्थतन्त्र र जनजीवनमा गम्भीर अप्ठ्यारा निम्तिन्छन्।

आफ्नो घट्दो वर्चश्व उठाउन राजनैतिक, आर्थिक, कूटनैतिक र न्यायिक क्षेत्रमा आफ्नो आन्तरिक कानुनलाई अन्तर्राष्ट्रिय नियम-कानुनमाथि थोप्न खोज्दै छ संरा अमेरिका। बारम्बार प्रतिबन्धका पोकाहरू थोपर्दै छ। कथित लामो-हाते क्षेत्राधिकार असभ्यरूपमा प्रयोग गर्दै छ। संरा अमेरिका आफ्नो राष्ट्रिय सुरक्षाको अवधारणालाई आफ्नो व्यापक प्रतिस्पर्धी लाभका निम्ति सीमा नाघ्दै छ। आफूलाई विश्वव्यापी न्यायाधीश भएको अभिनय गर्दै छ। आफूसँग प्रतिस्पर्धी सम्बन्ध हुने दिशामा रहेका मुलुकलाई असफल पार्ने कुचेष्टा गर्दै छ। अन्तर्राष्ट्रिय सहकार्य भत्काएर र अन्तर्राष्ट्रिय समुदायलाई फुटाएर तनाव बढाउने र अराजकतामार्फत नाफा कमाउने उद्देश्य राख्छ संरा अमेरिका। त्यस्ता कुकृत्यहरूलाई संसारका शान्तिप्रेमी देश र जनताले बहिष्कार र तिरस्कार गर्ने पक्कापक्की छ।

छैटौँ, परम्परागत र गैर-परम्परागत दुवै शक्तिहरूबीच सुरक्षा कायम राख्ने प्रतिबद्धतामा अडिग रहन आवश्यक छ। क्षेत्रीय विवाद तथा विश्वव्यापी चुनौतीहरूको सामना गर्न सहकार्य गर्नुपर्छ। आर्थिक विश्वव्यापीकरण गहिरिएसँगै, एक पछि अर्को सुरक्षा चुनौती उब्जिएका छन्।

परम्परागत र वर्तमान दुवै सुरक्षा प्रणाली कायम राख्न वर्तमान विश्वको वस्तुगत यथार्थ गहिरोसँग बुझ्न आवश्यक छ। यी दुवै एक अर्कोसँग जोडिएका र गाभिएका छन्। जसलाई समाधान नगर्दा विश्वको सुरक्षा खतरामा पर्न सक्छ। त्यसकारण बहु-पक्षीयतावादको पक्ष लिन जरुरी छ। साझा, व्यापक सहकार्य र दिगो सुरक्षा दृष्टिकोणबाट अघि बढ्नुपर्छ। व्यापक परामर्श, संयुक्त योगदान र साझा फाइदाका विशेषतासहितको विश्वव्यवस्थाको दृष्टिकोण आवश्यक छ। साझा सुरक्षाको उद्देश्य प्राप्त गर्नको निम्ति गैरपरम्परागत सुरक्षा क्षेत्रबीच प्रभावकारी सहकार्यका लागि सक्रिय अन्तर्राष्ट्रिय तालमेल निर्माण गर्न संयुक्त राष्ट्र सङ्घ, विश्व व्यापार सङ्गठन, विश्व स्वास्थ्य सङ्गठनको भूमिकालाई साथ दिनुपर्छ।

चीन जिएसआईको सक्रिय अभ्यासकर्ता देश हो। चीनले शान्ति, विकास र जीत-जीत प्रतिफलको निम्ति सहकार्यको झन्डा उँचो फहराएको छ। विश्वव्यापी शान्ति र स्थायित्व रक्षाको जिम्मेवारी काँधमा बोकेको छ। परम्परागत र गैर-परम्परागत सुरक्षा सम्बन्धी मुद्दाहरूको शृङ्खलामा सकारात्मक योगदान पुऱ्याएको छ। जिएसआईको विकास र कार्यान्वयनमा उदाहरण प्रस्तुत गरेको छ।

युक्रेन मामिलामा चीनले वस्तुगत र निष्पक्ष व्यवहार अवलम्बन गऱ्यो। चीनले परिस्थितिलाई स्वतन्त्रतापूर्वक मूल्याङ्कन गऱ्यो र विषयको गम्भीरता बुझेर आफ्नो स्पष्ट दृष्टिकोण बनायो। यसले रुस र युक्रेन दुवैलाई वार्तामार्फत द्वन्द्व समाधानतिर धकेल्यो। चिनियाँ पक्षले छ-बुँदे अगुवाइको प्रस्ताव पेश गर्दै युक्रेनमा ठूलो परिमाणमा हुन सक्ने मानवीय क्षति रोक्न अगुवाइ गऱ्यो।

कोरियाली प्राय:द्वीपमा जिम्मेवारी बहन गर्दै चीनले प्राय:द्वीपलाई परमाणु शस्त्रमुक्त गर्ने अडान लिएको छ, प्राय:द्वीपमा शान्ति र स्थायित्व कायम राख्न जोड दिएको छ। सबै पक्षहरूको सन्तुलित ढङ्गले चासोहरू सम्बोधन गर्न दुई-पक्षीय दृष्टिकोण अवलम्बन गरेको छ। प्रजग कोरियाको स्वाभाविक सुरक्षा चासोको सम्बोधन गर्न अमेरिकी पक्षलाई ठोस कदम चाल्न सुझाएको छ।

***बाँकी पृष्ठ ११ मा***

# सरकार देखावटीमा लाग्दा उद्धारमा विलम्ब

रास्वपाका एक सांसद इन्जिनियर भोटेकोसी नदीमा आएको भेलबाढी पीडितहरूलाई उद्धार गर्न आफ्ना टोलीसहित नुवाकोट र रसुवातर्फ लागे । उनले जलविद्युत्को सुरुङमा फसेकाहरूको आवाज सुनिएको पनि बताए । तर, रास्वपाले उक्त सांसद इन्जिनियरलाई देखावटीमा बढी लागेको भन्ने जनगुनासोपछि फिर्ता बोलायो । यसबारे ती सांसदले भने, “पार्टीले फिर्ता बोलाउने निर्णय नसच्याएमा सांसद पदबाट राजीनामा दिन्छु ।”

रास्वपा र यसको सरकारले भदौ १० गते भोटकोसीमा भेलबाढी आएलगत्तै आफ्ना मन्त्री र सांसदलाई प्रभावित क्षेत्रमा खटाएका थिए । भदौ ११ गते रास्वपा सरकार प्रमुख पनि नुवाकोट पुगे । तर, कतिपय मन्त्री र सांसदहरू खोज, उद्धार र राहत वितरणमा सहयोगी बन्नुभन्दा पनि यताउता देखावटी काममा लागेको सामाजिक सञ्जालमा बाहिरियो । सुरक्षाकर्मीसमेत सरकारी सांसद र मन्त्रीहरूको रेखदेखमा लाग्नुपर्दा उद्धारमा बाधा पुग्यो । यसकारण, रास्वपाले सांसदहरूलाई फिर्ता आउने निर्देशन दिएको हुनुपर्दछ । रास्वपाका अधिकांश नेता–कार्यकर्ता तथ्यमा भन्दा देखावटीमा सुरुदेखि नै लागेको जनगुनासो आएकै हो ।

रास्वपा सरकार प्रमुखले संसदमा बोले – “भेलबाढीले सुरुङ बन्द भएको हुँदा यसलाई तत्काल खोल्ने अनुभव र प्रविधि कुनै पनि देशमा छैन ।” यो भनाइलाई अधिकांश अनुभवी प्राविधिकहरूले स्वीकार गर्न सकेनन् । संसारका कतिपय देशमा कडा चट्टानलाई समेत प्वाल पारेर हिलो बनाई बाहिर निकाल्ने प्रविधि भएको सार्वजनिक भयो । रास्वपाका कतिपय सांसदहरू प्रभावित क्षेत्रमा पुगेर आफूहरू इन्जिनियर भएको दाबी गर्दै ‘भोलि ब्लास्टिङ गर्ने’ जस्ता हचुवा टिप्पणी गरिरहेको सामाजिक सञ्जालमा बाहिरिएको थियो । यसलाई स्थलमा खटिएका परियोजनाका इन्जिनियरहरूले भ्रामक भनी खण्डन गरे । रास्वपाका गृहमन्त्रीले सुरुङबाट उद्धार गरिएका एक व्यक्तिको अक्सिजन सिलिन्डर बोकेको सङ्क्षिप्त भिडियो पनि सामाजिक सञ्जालमा बाहिरियो । विज्ञहरूले यी दृश्यहरूलाई रास्वपा र यो सरकारको ‘देखावटी’ भएको बताए ।

एक सञ्चारकर्मीले रास्वपा सरकार नेपालीलाई नागरिक नठान्ने र भेलबाढीलगायत विषयमा जनताले उठाएको प्रश्न सुन्न नचाहेकोमा आश्चर्य प्रकट गरे । उनले भदौ १० गते भेलबाढी आएको दिन पीडितको उद्धार हुनुपर्ने तर त्यस्तो केही नभएको, हेलिकप्टर एउटा उडेको नदेखेको बताए । यो सत्य पनि हो । प्रम र मन्त्रीहरू प्रभाव क्षेत्रमा जान नपर्ने बरु सूचना लिएर विज्ञहरूको सुझावअनुसार उद्धार कार्यमा निर्देशन दिनेतर्फ लाग्नुपर्ने उनको मत हो ।

रास्वपा र सरकारले R. A. T. र ग्रीन आर्मी उद्धारमा किन कसरी पठाए ? यिनीहरू हात हातमा रेडियो सेटसमेत बोकेर सुरक्षाकर्मीलाई निर्देशन दिने हैसियतमा कसरी पुगे ? रसुवाको धुञ्चेमा ‘हामी नेपाल’ को टोलीसमेतलाई उद्धारमा कसले पठायो ?

रास्वपा र यसको सरकारले भेलबाढीमा बेपत्ता भएका र पहिचान हुन नसकेका व्यक्तिबारे समयमा ठोस निर्णय नगर्दा पीडित परिवार बिचल्लीमा परे । पीडितहरूले रसुवामा सरकार ४ दिनसम्म उद्धारमा नभेटिएको र अन्ततः शव सङ्कलन गर्न मात्र पुगेको गुनासो गरेका छन् । त्यहाँको एक विद्यालयका २०० जना विद्यार्थी बगाइएको प्रधानअध्यापकले बताएको सार्वजनिक भयो ।

रसुवाको टिमुरे र स्याप्रुबेँसी बजारको खबर आएपछि बेत्रावती, कैलालीटार, नौबिसे, खाल्डेको मुख्य बजार र बस्तीमा जानकारी प्रधानअध्यापकले दिएको सार्वजनिक भयो । त्यतिबेला भेलबाढीको आवाज सुनिन थालेको हुँदा भागदौडमा परेको र कतिपय विद्यार्थी र शिक्षकसमेतलाई भेलबाढीले बगाएको भनाइ उनको छ । यो जनधनको क्षति विगतदेखि हालसम्मका सरकारहरूको संवेदनशीलता नहुनुको कारण पनि हो । काठमाडौँ उपत्यकामा निर्मित ठुला संरचना – सडक, पुल, भवन यहाँको जमीनले ठेग्न नसक्ने र कुनै पनि बेला यहाँका संरचना भासिने भूगर्भशास्त्रीहरूको मतलाई अहिलेसम्मका सरकारहरूले बेवास्ता गरी बसाइँसराइ यतै बढाइरहेको पनि बेठीक हो ।

# पीडितहरू अँध्यारो जीवनमा प्रारम्भमै सरकार तदारुक किन भएन ?

यही भदौ १० गते रसुवाको भोटेकोसी नदीमा आएको हिमपहिरोसँगै त्यस क्षेत्रका बस्तीहरूमा विद्युत् प्रसारण पनि अवरुद्ध भयो । करिब एक हजारभन्दा बढी घरपरिवार भेलबाढीको भीषण बहावमा बगेर एकैछिनमा टुहुरा, सुकुमवासी तथा विस्थापित भए । वर्षौंको पसिना, हाडछाला घोटेर उठाएका घरवार, पौरखी हातले हरियाली बनाएका खेतबारी सबै क्षणभरमा नदीको लेदो, बालुवा र विशाल चट्टानका जगमुनि सदाका लागि पुरिएको अवस्था छ । प्रत्यक्षदर्शीका अनुसार कुल पाँच हजारको सङ्ख्यामा बेपत्ता अवस्थामा रहेका घर परिवारहरूलाई सरकारले कम्तीमा बिजुली बत्तीको व्यवस्था तत्काल गरिदिनेतर्फ लाग्नु जरुरी छ । भेलबाढी पीडित जनता अँध्यारोमा सास फेरिरहेका छन् ।

हो, हिमपहिरोमा आमाबुबा र अन्य अभिभावक गुमाएर टुहुरा भएका अबोध बालबालिका, सहाराविहीन असहाय तथा आफ्ना पौरखी सन्तान गुमाएका र लेदोमा जीवन खोजिरहेका ज्येष्ठ नागरिकहरूको पीडादायी तस्वीरले सरकारको उपस्थितिमाथि प्रश्न उठाइरहेका छन् ।

पीडितहरू भन्दै छन्– “सरकार हाम्रा मान्छे अझै सुरुङभित्र जीवितै हुनुहुन्छ । कृपया जसरी भए पनि निकालेर दिनुहोस् ।” यो संवेदनशील विषयमा सरकारको सुस्तता र लाचारीप्रति पीडितहरू आक्रोशित हुनु स्वाभाविक हो । अँध्यारो सुरुङभित्र र लेदोमुनि नेपाली तड्पिरहेको थाहा हुँदाहुँदै सरकारले खोज र उद्धारको प्रारम्भिक चरणमै तदारुक हुन नसकेको जनगुनासो अब इतिहासमा अङ्कित हुनेछ, मेटिने छैन । सरकारले भेलबाढीको सुरु दिनदेखि नै मित्र देशहरूसँग खोज र उद्धारको लागि आवश्यक जनशक्ति र उपकरणसहित सहयोगको लागि अनुरोध गर्नुपर्थ्यो । तर, हप्ता दिन नाघेपछि रास्वपा सरकारले संसद्मा भेलबाढीमा पुरिएका र सुरुङमा थुनिएकालाई खोज र उद्धार गर्ने प्रविधि र जनशक्ति तत्काल संसारमा नभएको झूटा र अवैज्ञानिक तर्क राख्यो । छिमेकी मित्र देश चीनमा त्यस्ता प्रविधि र जनशक्ति पर्याप्त भएको तर सहयोगको लागि अनुरोध नगर्नु सरकारको कमजोरी इतिहासमा माफी नहुने विषय भयो ।

सरकारहरूले भारत र बङ्गलादेशमा १२ सय मेगावाट जलविद्युत् बेच्ने दाबी गर्दै छन् । तर, कर्णाली प्रदेशका १२, सुदूरपश्चिमका तीन र गण्डकीका दुई गाउँपालिका राष्ट्रिय प्रसारण लाइनसँग जोडिएका छैनन् अर्थात स्थानीय जलविद्युत् उत्पादनमा ती क्षेत्रका जनता पिलपिल बिजुली बत्ती बालेर बस्न बाध्य छन् । आजसम्मका सरकारहरूलाई दुर्गम र पछाडि पारिएका नेपाली जनताको चिन्ता किन भएन ? राणा शासन र पञ्चायती सरकारले सर्वसाधारण जनताको पीडा बुझेनन् र ती सरकारहरू तासको घरझैँ ढले । के बहुदलीय व्यवस्थाको ३५ वर्षयता गठन भएका नेका, एमाले, तत्कालीन माओवादी र रास्वपाको नेतृत्वमा बनेका वर्तमान सरकार पनि तासको घरझैँ ढलिसकेको र ढल्ने तयारीमा पुगेको हो ? होइन भने ती दुर्गम र पछाडि पारिएका क्षेत्र विद्युत्को राष्ट्रिय प्रसारण लाइनसँग जोड्ने काम किन गरिएन ?

# भूकम्प र हिमपहिरोको कम्पनमा भिन्नता कसरी थाहा भएन ?

भदौ १० गते बिहान ८:३७ बजे भोटेकोशीमा आएको हिमपहिरोबारे समयमै त्यसक्षेत्रका नागरिकलाई सूचना नपुग्दा पनि जनधनको थप क्षति भएको सार्वजनिक भइरहेको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका पूर्वकार्यकारी प्रमुख अनिल पोखरेलले भने– “नेपालमा पूर्वसूचना प्रणाली भन्ने चिज नै छैन । केवल सेन्सरहरू राख्दैमा प्रणाली बन्दैन ।” आजसम्मका सरकारहरूले पूर्वसूचना प्रणालीको व्यवस्थापन किन गरेनन् ? नेपाल–तिब्बत सीमा नजिकैको ल्हेन्दे उपत्यकामा भदौ १० गते ठुलो हिमपहिरो खस्दा नेपालको खानी विभाग भूकम्पको कम्पन नापेर किन बस्यो ? के खानी विभाग भूकम्प र हिमचट्टान पहिरोको कम्पन छुट्याउन सक्ने अवस्थामा छैन ? यसको अध्ययन गर्नेहरू यी दुईको कम्पन फरक हुने बताउँदै छन् ।

कुनै पनि जोखिमको समयमै सूचना दिने जिम्मेवारी सरकार र यसका अङ्गहरूको हो । मित्रदेश चिनियाँ राष्ट्रपति सि चिनफिङको नेपाल भ्रमणको बेला सात वर्षअघि जलवायु परिवर्तनबारे सहकार्य गर्ने सहमति गरिएको थियो । तर, सातवर्षयताका सरकारहरूले चीनको सहमतिअनुसार पूर्वसूचना प्रणाली विकासमा ध्यान दिइएको भए रसुवा, धादिङ, नुवाकोट, चितवन, गोरखा जिल्लामा यो जनधनको क्षति हुने र यसको दुखाइ देशभरिका जनतामा पर्ने थिएन । सरकारमा पुग्ने र देश एवम् जनताको हितका विषय सम्बन्धित मित्रदेशहरूसँग भएका साझेदारी र सन्धिहरू कार्यान्वयन नगर्नेहरू यो क्षतिको दोषी किन होइनन् ?

नेपालका सरकारहरूले जलाशय सहितको जलविद्युत् आयोजना निर्माण गरेको भए हिउँदमा पनि विद्युत् अभाव हुने थिएन । पैँतीस वर्षयता प्रधानमन्त्री भएकाहरू नेपालको नदीनालाबाट बिजुली उत्पादन गर्ने साहस नभएकाहरूमा परेका किन होइनन् ? एकजना प्रधानमन्त्रीले भनेका थिए– “नेपाल सरकारले नदीनालामा विद्युत् उत्पादन गर्दा भारत मान्दैन ।” यस्ता प्रधानमन्त्रीहरू भारतका लागि कि नेपालको लागि ? यो प्रश्न उठ्नु स्वाभाविक हो । अर्को प्रधानमन्त्रीले भने “नेपालले बिजुली उत्पादन गरेर के गर्नु, भारतले किन्दैन ।” नेपालले भारतलाई बेच्न बिजुली निकाल्ने होइन नेपाली जनतालाई खाना पकाउन, कृषि र उद्योगसमेत सञ्चालन गर्न सस्तोमा बिजुली दिन उत्पादन गर्ने हो । यो देशभक्तिका विषय नबुझेका प्रधानमन्त्रीहरूले कसरी नेपालको हित गर्लान् ?

नेपालको विद्युत् बङ्गलादेशमा निर्यातको स्वीकृति पाएको चिलिमे जलविद्युत्को २२.१ मेघावाट र त्रिशुली जलविद्युत्को २४ मेघावाट उत्पादन हुने परियोजना भदौ १० गतेको भोटेकोशीमा आएको हिमपहिरोमा क्षति भएको हुँदा अब भारतमा मात्र निर्यात हुने सार्वजनिक भयो । वर्षायाममा आन्तरिक खपतपछि बाँकी हुने बिजुली भारत र बङ्गलादेशमा निर्यात गर्ने र हिउँदमा नेपालको लागि आवश्यक बिजुली भारतबाट आयात हुने नेपाल सरकारको दाबी हो । अहिलेसम्म नेपालका ३७ आयोजनाले १२ सय मेगावाट बिजुली भारत र बङ्गलादेशमा निर्यात गर्ने अनुमति पाएको सार्वजनिक भयो । नेपालीलाई बिजुली पर्याप्त नभएको अवस्था रहेको बेला खाना पकाउने ग्यास आयात गरी बिजुली भारत किन पठाउने ? सरकारहरू बग्गी पछाडि घोडा किन राख्छन् ?

# विदेशी सहयोगमा टिक्न खोज्ने सरकार सफल नहुने

संरा अमेरिकी सरकारले आफ्नो समर्थन नगर्ने देशहरूविरुद्ध ती देशमा असन्तुष्टहरू तयार गर्ने, डलर र हतियार सहयोग तथा विध्वंसको तालिमसमेत दिएको पुनः सार्वजनिक भयो । अमेरिकी साम्राज्यवादका नाइके राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो अनुकूल नबसेका भेनेजुयलाका राष्ट्रपति मादुरोलाई अपहरण गरी न्यूयोर्क जेलमा थुनेको ६ महिना पुग्यो । यसअघि अमेरिकी साम्राज्यवादले आफ्नो ‘निर्देशन’ नमान्ने इराक, लिबियाका नेताहरूको ज्यान लियो भने सिरियाको सरकारलाई अपदस्थ गऱ्यो । अमेरिकी साम्राज्यवादले इजरायलका प्रजातन्त्रविरोधी सरकारलाई अगाडि सारेर प्यालेस्टिनी जनताको नरसंहार गर्दै छ भने इरानको हर्मुज जलडमरू कब्जा गरी त्यहाँको तेलखानी हात पार्न इरानी नेता खामेनीको हत्या गरी अशान्ति मच्चाउँदै छ ।

नेपालको रसुवाको भोटेकोशीमा यही भदौ १० गते भेलबाढी आयो । यो नेपाल र चीनको सिमाना ल्हेन्दे खोलामा नेपालतर्फको हिमपहिरो खसेको कारण आएको पुष्टि भयो । यसरी हिमपहिरो खस्नुको कारण पृथ्वीको तापक्रम बढ्दै आउनु र औद्योगिक रूपमा विकास भएका भनिएका साम्राज्यवादी देशहरूको मुठ्ठीभरका व्यक्तिहरू संसारको स्रोत–साधन कब्जा गर्ने प्रतिस्पर्धामा लागेको नै मुख्य हो ।

यतिखेर अमेरिकी साम्राज्यवादको सार्वजनिक ऋण ४० ट्रिलियन अर्थात ४०० खर्ब डलर पुगेको सार्वजनिक भयो । तर, यसले नासा, अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग, ईसीमोड, आईआरआई, एनईडी, अमेरिकी युथ काउन्सिललगायतबाट संसारका आफ्नो अनुकूल देशका सरकारहरूलाई सहयोग गराउने र आफ्नो प्रतिकूलका सरकार हटाउन कतिपय देशमा आफ्ना समर्थकहरू तयार गरी सरकारको विरोध गराउने काम गर्दै आएको एकपछि अर्को घटनाबाट पुष्टि भइरहेको छ ।

अमेरिकी सरकारको सहयोगमा नेपालमा ‘प्रोजेक्ट सर्भिर हिन्दकुश हिमालय’ मार्फत जलवायु परिवर्तन र आकस्मिक बाढी पहिरोको अध्ययन गर्दै आएको तर ट्रम्प सरकारको दोस्रो कार्यकाल सुरुलगत्तै सन् २०२५ यता सो सहयोग रोक्का गरिएको पनि सार्वजनिक भयो । सो कार्यक्रमबाट बाढी पहिरोसम्बन्धी पूर्वसूचना दिलाउन मद्दत भइरहेको पनि बाहिरियो । यसले विदेशी सहयोगमा टिक्न खोज्ने सरकारहरू कुनै पनि बेला असफल हुने स्पष्ट गऱ्यो ।

भदौ २३ र २४ गतेको उपद्रव र विध्वंसले नेपालमा रास्वपाको बालेन सरकार आउने बाटो खुल्यो । यसमा अमेरिकी साम्राज्यवादको के कति हात रह्यो सार्वजनिक भइरहेको छ । नेपालका सरकारहरूले हिमपहिरोबारे छिमेकी मित्रदेश चीन सरकारसँग सहकार्य गर्नु जरुरी थियो । अमेरिकी र भारतीय सरकार रिसाउलान् भन्ने डरले नेपालका सरकारहरू हिमपहिरो जोखिमको पूर्वसूचना प्रणाली बन्दोबस्तमा चीन सरकारसँग सहकार्य गर्न बिलम्ब गर्दै छन् । यसमा नेका, एमाले, तत्कालीन माओवादी र रास्वपा नै दोषी देखिँदै छ ।

बहुदलीय व्यवस्था पुनःस्थापनायता सरकारमा गएका दलहरू नेका, एमाले, तत्कालीन माओवादी, राप्रपा, राजमो, मधेशआधारित दलका नेताहरू सचेत नहुँदा विदेशी सहयोगको निहुँमा पश्चिमा साम्राज्यवादी देशहरू बेलगाम घोडाजस्तै नेपाल प्रवेश गरिरहेको पुष्टि भइरहेको छ । भदौ २३ र २४ को उपद्रवपछि नेका, एमाले र तत्कालीन माओवादीबाट प्रधानमन्त्री भएकाहरू भन्दै छन्– “आफूहरूलाई टीओवी, बारबरा, अमेरिकी युथ काउन्सिललगायत सबै विषयबारे जानकारी थियो ।” यसरी साम्राज्यवादीहरूको गुप्तचरी नेपालमा खुला भइरहेको थाहा पाउने तर रोक्न नसक्ने नेपालका शासकहरूलाई ‘विदेशी दलाल’ किन नभन्ने ?

**विश्वशान्तिको...**

मध्य पूर्वमा चिनियाँ पक्षले सुरक्षा र स्थायित्व प्राप्तिका निम्ति पाँच–बुँदे पहलकदमी अघि सारेको छ । सिरियाली मामिलामा राजनैतिक समझदारी कायम गर्न चार–बुँदे प्रस्ताव गरेको छ । प्यालेस्टाइन र इजरायलबीच दुई राज्यको किचलो समाधानका उपाय कार्यान्वयन गर्न तीन–बुँदे दृष्टिकोण प्रस्तुत गरेको छ । इरानको परमाणु मुद्दामा संयुक्त ‘प्लान अफ एक्सन’ पुनः पालनका लागि वार्ताको निम्ति पहल गराउन चीन सक्रियतापूर्वक लाग्यो र क्षेत्रीय सुरक्षा प्राप्तिको लागि यी तात्तातो मुद्दाको समाधान खोज्न सक्रियतापूर्वक मध्यस्थता गऱ्यो ।

अफगानिस्तानमा अन्तर्राष्ट्रिय सहकार्य अघि बढाउन चीनले अगुवाइ गरेको थियो जसले परिस्थितिलाई सहज सङ्क्रमण गर्न रचनात्मक भूमिका खेलेको थियो । सन् २०२२ मार्च ३१ का दिन अफगानिस्तानका छिमेकी मुलुकहरूबीच तेस्रो परराष्ट्र मन्त्रीस्तरीय बैठक चीनले आयोजना गरेको थियो र प्रथम ‘अफगानिस्तानका छिमेकी मुलुकहरू र अफगानिस्तान’ परराष्ट्र मन्त्रीस्तरीय वार्ताको आयोजना गरेको थियो । बैठकले अफगानिस्तानसँग व्यावहारिक सहकार्य र आर्थिक पुनःनिर्माणलाई सहयोग गर्न तुङ्सी अगुवाइ जारी गऱ्यो, जसले अफगानिस्तानको शान्तिपूर्ण पुनःनिर्माण र स्थिर विकास प्रवर्द्धन गर्न महत्त्वपूर्ण योगदान गऱ्यो ।

आतङ्कवाद र अन्तर्राष्ट्रिय संस्थागत अपराधविरुद्ध लड्न चीनले एससीओलाई बल गऱ्यो । लागु औषधी कारोवारी, साइवरस्पेस अपराध र अन्तर्राष्ट्रिय संस्थागत अपराधको बढ्दो गतिलाई नियन्त्रण गर्न ‘तीन राक्षसी शक्ति’ को सामना गर्न अगुवाइ गऱ्यो । चीनको अन्तर्राष्ट्रिय अध्ययन संस्थाका सभापति सुबुको अध्ययनले यही भन्छ ।

कोभिड–१९ महामारीविरुद्ध लड्न अन्तर्राष्ट्रिय सहकर्मीमा चीन अग्रमोर्चामा रह्यो । कोभिडविरुद्ध भ्याक्सिनलाई विश्वव्यापी सार्वजनिक सामग्री बनाउने पहिलो देश बन्यो –चीन । विकासोउन्मुख देशहरूसँग संयुक्त रूपमा भ्याक्सिन उत्पादन गर्ने नेतृत्व गर्ने पहिलो देश बन्यो चीन । आजको दिनसम्म चीनले १२० भन्दा बढी मुलुकहरूलाई २.१ अर्ब डोज भ्याक्सिन उपलब्ध गराइसकेको छ ।

जलवायु परिवर्तनको मामिलामा चीनले पेरिस सम्झौतालाई अक्षरसः पालना गरेको छ । चीनले सन् २०३० अघि नै अधिकतम कार्वनको लक्ष्य पूरा गर्ने र सन् २०६० अघि नै कार्वन तटस्थताको लक्ष्य प्राप्त गर्ने घोषणा गरिसकेको छ । साइवर सुरक्षाको मामिलामा विश्वव्यापी डिजिटल व्यवस्थाका निम्ति डाटा सुरक्षार्थ विश्वव्यापी अगुवाइ गरिसकेको छ । संयुक्त राष्ट्रसङ्घको शान्ति स्थापनामा चीनले ३० यूएन पिस–किपिङ मा ५०,००० भन्दा बढी पिसकिपरहरू पठाइसकेको छ । साथै त्यसको निम्ति ८,००० ट्रुप तयार राखेको छ । संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्को रूपमा सदस्यहरूमध्ये सबैभन्दा बढी पिस–किपरहरू तैनाथ गर्ने मुलुक हो–चीन । संयुक्त राष्ट्रसङ्घको पिस किपिङ बजेटमा योगदान गर्ने दोस्रो ठूलो मुलुक हो–चीन ।

हाम्रो अगाडिको यात्रा लामो र कठिन हुनेछ । तर, लगनशीलतापूर्वक हामी अगाडि बढेको खण्डमा अझै आशा गर्न सकिन्छ । यो चीनको अडिग लक्ष्य हो । आज जीएसआई कार्यान्वयन गर्ने गहिरो जिम्मेवारीबोध आवश्यक छ जसले विश्वमा थप शान्ति, थप सुरक्षा र थप समृद्धि ल्याउनेछ । चीनले साझा, वृहत सहकार्य र दिगो सुरक्षा दृष्टिकोण अँगाली रहनेछ । चुनौतीहरू सामना गर्न संसारका मुलुकहरूसँग हात मिलाउनेछ र दिगो शान्ति र विश्वव्यापी सुरक्षा सहितको संसार निर्माण गर्न साझा प्रयासहरू गरिरहनेछ । हरेक सार्वभौम मुलुकहरूले आफ्नो निर्णय आफै लिन पाउने अधिकार सुनिश्चितताको निम्ति लड्नेछ । त्यति मात्र होइन विश्वशान्ति र मानवजातिको हितका लागि वैचारिक अडान कायम राख्नेछ । समकालीन विश्वमा जीएसआईबारे अझ थुप्रै पठनीय चिन्तन सङ्कलित छन् ।

# छ्यालीसौँ नेपालभाषा साहित्य त:मुंज्या सफल पार्न आर्थिक समितिको भेला

भक्तपुर । छ्यालीसौँ नेपालभाषा साहित्य त:मुंज्या सफल पार्ने उद्देश्यले गठित आर्थिक समितिको भेला तथा छलफल कार्यक्रम भदौ २१ गते सम्पन्न भएको छ । कार्यक्रममा त:मुंज्यालाई सफल बनाउन आर्थिक व्यवस्थापन, सहयोग सङ्कलन तथा जिम्मेवारी बाँडफाँटलगायतका विषयमा छलफल गरिएको थियो ।

कार्यक्रममा छ्यालीसौँ नेपालभाषा साहित्य त:मुंज्या आयोजक समितिका अध्यक्ष उकेश कवांले नेपालभाषा साहित्य त:मुंज्यालाई वर्गीय दृष्टिकोणबाट हेर्न आवश्यक रहेको बताउनुभयो । नेपालभाषा साहित्य त:मुंज्याले कामदारवर्गको पक्षमा आवाज उठाउँदै आएको उल्लेख गर्दै उहाँले त:मुंज्या र साहित्य गोष्ठीहरू नभएका भए धेरै साहित्यकार तथा कलाकारको जन्म हुने थिएन भन्नुभयो ।

नेपालभाषाको साहित्यिक विकासमा त:मुंज्याको महत्त्वपूर्ण योगदान रहेको बताउँदै अध्यक्ष कवांले साहित्य, कला र संस्कृतिको विकासका लागि यस्ता कार्यक्रमलाई निरन्तरता दिनुपर्नेमा जोड दिनुभयो ।

त:मुंज्या आयोजक समितिका उपाध्यक्ष कृष्णगोविन्द खाइजूले कुनै पनि कार्यक्रमको मेरुदण्ड आर्थिक पक्ष भए पनि उपलब्ध स्रोत-साधनको उचित व्यवस्थापन गर्दै मितव्ययिता अपनाएर कार्यक्रम सञ्चालन गर्नुपर्ने बताउनुभयो ।

त:मुंज्याका सल्लाहकार विश्वराम कवांले समय परिवर्तनशील भएकोले समयअनुसार विभिन्न क्षेत्रबाट सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो । कार्यक्रम सफल बनाउन विभिन्न क्षेत्रको जिम्मेवारी छुट्टाछुट्टै व्यक्तिले लिएर काम गर्दा काम छिटो र प्रभावकारी हुने उहाँको भनाइ थियो ।

कार्यक्रममा आर्थिक समिति संयोजक तथा कोषाध्यक्ष कृष्णगोविन्द लाखाजूले छ्यालीसौँ नेपालभाषा साहित्य त:मुंज्या सफल पार्न सबै क्षेत्रबाट आर्थिक सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो । त:मुंज्यालाई सफल बनाउन आर्थिक समितिले समन्वयात्मक रूपमा काम गर्ने उहाँले बताउनुभयो ।

आर्थिक समितिका सदस्य तथा सरोकारवालाहरूको सहभागिता रहेको सो भेलाले आर्थिक व्यवस्थापनलाई व्यवस्थित गर्दै त:मुंज्यालाई प्रभावकारी र सफल रूपमा सम्पन्न गर्न आवश्यक पहल गर्ने निष्कर्ष निकालेको छ ।

# नेमकिपालाई समूल नष्ट गर्ने उद्देश्यले 'भक्तपुर काण्ड'

भक्तपुर । नेपाल मजदुर किसान पार्टी सूर्यविनायकको वडा नं. ९ काँकाबारी समितिको आयोजनामा भदौ २१ गते भक्तपुर काण्डको विरोध एवं भर्त्सना कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपा भक्तपुर जिल्ला सदस्य एवं सूर्यविनायक नगर समितिका अध्यक्ष सूर्यभक्त त्वातीले पुँजीपतिवर्ग र सामन्तवर्गको विरोधमा किसानहरूलाई सचेत र सङ्गठित पार्दै किसान सङ्घर्षलाई अगाडि बढाएको र प्रतिक्रियावादी सङ्घसंस्थाभित्र गएर देश र जनताको नि:स्वार्थ सेवा गरेकोले पञ्चायत राज्यलाई असह्य भएकोले षड्यन्त्रपूर्ण तरिकाले नेमकिपालाई समूल नष्ट गर्ने उद्देश्यले भक्तपुर काण्ड रचिएको बताउनुभयो । उहाँले भक्तपुर बाहिरका जनप्रतिनिधि र पार्टीका साथीहरूलाई समेत दु:ख कष्ट दिएको बताउँदै अरूलाई सिध्याउँछु भन्ने पञ्चायती व्यवस्था आफै सिध्येको चर्चा गर्नुभयो ।

उहाँले देशका ठूला भनाउँदा नक्कली कम्युनिस्टहरूले गर्दा कम्युनिस्ट आन्दोलन पछि परेको बताउनुभयो । ठूला पार्टीका नेता तथा कार्यकर्ताहरू विकासको नाममा भ्रष्टाचार गरी ब्रह्मलुट गरिरहेको बताउँदै उहाँले कार्यकर्ताहरू जनताको सेवाको लागि विकास निर्माणमा इमानदार, नि:स्वार्थ भावनाले काम गर्नुपर्ने बताउनुभयो ।

नेमकिपा सूर्यविनायक नगर समितिका सचिव महेन्द्र बखुन्छेले भक्तपुर काण्डबारे चर्चा गर्दै नेमकिपाले जनमतसङ्ग्रहको बेला बहुदलको पक्षमा, सुस्तामाथि भारतीय विस्तारवादको थिचोमिचो र समाजवादी व्यवस्थाको लागि अघि बढेको असह्य भएर पार्टीलाई फसाउन खोजेको बताउनुभयो ।

उहाँले नेमकिपाको नेता तथा कार्यकर्ताको पक्षमा विशेष गरी महिला दिदीबहिनी, वकिल, पत्रकार, मानव अधिकारवादीहरूले महत्त्वपूर्ण भूमिका खेलेको बताउनुभयो ।

उहाँले हिजो ठूला भनाउँदा पार्टीहरू देश र जनताको पक्षमा काम गरेन भनेर भदौ २३ र २४ को जेनजी विद्रोहपछि गठित वर्तमान सरकारले पनि देश र जनताको हितमा खासै काम नगरेकोले जनता सचेत र सङ्गठित हुनुपर्ने बताउनुभयो ।

जनताको टाउकोमा २९ खर्बभन्दा बढी विदेशी ऋण बोकाएर फेरि शिक्षा, स्वास्थ्य, बिजुलीमा थप कर लगाएर जनतालाई दु:ख दिएको र ग्यास दैनिक उपभोग्य वस्तुमा महँगी र अभाव भएको बताउनुभयो ।

कार्यक्रममा काँकाबारी पार्टी समितिका अध्यक्ष प्रेमबहादुर तामाङ, जितबहादुर तामाङ र बुद्ध लामाले पनि बोल्नुभएको थियो ।

## एकक्षण

प्रधान

# रसुवा भोटेकोसी बाढी-पहिरोको क्षतिले नेपालमा विश्व तापक्रमको वृद्धिमा ध्यान दिलायो

हिजोसम्म हरेक घटना आफ्नै देशको वा कोरोना र अन्य रोगव्याधि मात्रै भन्न जान्ने नेपाली बुद्धिजीवीहरू अहिले विश्व तापक्रमको वृद्धिले नेपालमा प्रत्यक्ष प्रभाव परेको अनुभव गर्दै छन् ।

त्यसबारे केही वर्षअघि 'वातावरण सङ्कट र समाधान' भन्ने विश्व वातावरणका जानकारहरू र क्यास्ट्रोका मन्तव्य तथा अन्तर्राष्ट्रिय स्तरका बैठकहरूको भाषणसमेत छापिएको थियो । तर, त्यो प्रकाशन विश्वविद्यालय र कलेजहरूका प्राध्यापकहरूको निम्ति 'कागलाई बेल पाक्यो हर्ष न विस्मात !' भनेजस्तै भएको थियो । रसुवाका विभिन्न जलविद्युत् आयोजनाका प्राविधिक, कर्मचारी र कामदारहरूको एकै चिहान भएको र घाइतेहरूको एवं परिवारहरूको शोक र पीडाले बल्ल बुद्धिजीवीहरूको पनि मन छोएको देखियो ।

'वातावरणीय सङ्कट कसरी समाधान गर्ने ?' संरा अमेरिकाकै 'पिपुल्स ट्रिब्युन' बारे बेलायतकै 'नयाँ मजदुर', मार्च २००९ ले व्यवस्थितरूपले लेखेको थियो । २००३ अक्टोबर महिनामा क्यानडाबाट प्रकाशित 'नर्थ स्टार कम्पास' ले उद्धृत गऱ्यो - मरुभूमीकरण र खडेरी विरुद्धको छैटौँ राष्ट्र सङ्घीय सम्मेलनमा क्युबाली राष्ट्रपति डा. फिडेल क्यास्ट्रो रूजले दिनुभएको सम्बोधन गम्भीर विषयको भए पनि संरा अमेरिकाजस्तो शक्ति राष्ट्रले उपयुक्त ध्यान नदिएको अहिले ठाउँ ठाउँबाट टीकाटिप्पणी हुँदै गरेको संसारले सुन्दै छन् ।

'द न्यु वर्कर' ले २००४ को डिसेम्बर महिनाको अङ्कमा 'रेनी साम्स' ले 'मौसम परिवर्तनको बढ्दो ज्वार' शीर्षकमा एक लामो लेख छापेको थियो । १८ फेब्रुअरी २००५ को 'द न्यु वर्कर' ले 'क्योटो सम्झौतालाई जीवित राखौँ' शीर्षकको एक लेखमार्फत सबैको ध्यान आकर्षित गरेको थियो । 'द न्यु वर्कर' ले २५ फेब्रुअरी २००९ को अङ्कमा 'क्योटो सम्झौता- हाम्रो पृथ्वीलाई बचाऔँ' शीर्षकमा छापेको थियो ।

त्यस्तै 'म्युन ताइ हयुन (Mun Tai Hun) ले 'तापक्रम वृद्धि : एक गम्भीर चुनौती' शीर्षकले लेखमार्फत सचेत गरेका थिए । (द प्योङयाङ टाइम्स, १९ मार्च २००५)

संयुक्त राज्य अमेरिकाले राष्ट्रपति ट्रम्पको पहिलो कार्यकालमै पेरिस सम्झौताबाट हात झिक्ने घोषणा गऱ्यो । त्यो घोषणाले विश्व तापक्रम घटाउन शक्ति राष्ट्रहरूले कार्बन उत्सर्जन गर्ने कार्यहरूमा विकल्प दिएर आवश्यक ऊर्जा संयन्त्रमार्फत वातावरणलाई जोगाउने काम गर्नुपर्ने थियो । त्यस सम्झौताबाट हात झिकेपछि संरा अमेरिकाले कोइला र अन्य जीवाष्मको ऊर्जा तथा आणविक अस्त्रजस्ता हातहतियार उत्पादनमा समेत नियन्त्रण हुने सम्झौताबाट हात झिक्नु एक प्रकारको विश्वको तापक्रम वृद्धिबाट हुने प्राकृतिक प्रकोपलाई रोक्ने काम गरेन । तर त्यसको उल्टो अन्य देशहरूमा सकारात्मक कामहरूका लागि भइरहेको सहयोगलाई समेत रोक्यो, जसको परिणाम रसुवाको भोटेकोसी बाढी र हिउँपहिरो हो । ब्राजिलको घना जङ्गललाई संसारको फोक्सो भनिन्थ्यो, त्यसैलाई दोस्रो विश्व युद्धका युद्ध अपराधीको छोरो ब्राजिलको राष्ट्रपति बोल्सोनारोले ती जङ्गलमा आगो लगाएर ठूलो अपराध गऱ्यो ।

तर, चीनले देशको ठाउँ ठाउँमा वृक्षरोपण, वन संरक्षण र सौर्य ऊर्जामार्फत कोइलाको कार्बन उत्सर्जनजस्ता कार्यलाई काम गर्ने राष्ट्रव्यापी गतिविधि गरी आफ्नो अन्तर्राष्ट्रिय कर्तव्य पूरा गऱ्यो । त्यस्तै इरान, मध्यपूर्व र युक्रेनको युद्ध गराएर थप विश्व वातावरणको तापक्रम वृद्धि गर्ने काममा ट्रम्प प्रशासनले सहयोग गऱ्यो भन्ने विश्वका जनताले अनुभव गर्दै छन् ।

माथिका भनाइहरू १९ भदौ २०८३ को 'अन्नपूर्ण' ले 'ट्रम्पले रोकेका थिए नेपालमा पूर्वसूचना प्रणाली परियोजना' रोकेको बताइयो ।

यसरी फिडेल क्यास्ट्रोले विश्वका सबै जनतालाई सम्भावित दुर्भाग्यबाट जोगाउन 'मानव जातिको सम्भावित दु:खान्त' शीर्षक भाषणबाट प्रस्ट छ । (वातावरण : सङ्कट र समाधान) । क्युबाको साप्ताहिक 'ग्रान्मा' मा छापिएको फिडेल क्यास्ट्रोको 'विश्वका तीन अर्बभन्दा बढी जनता भोक र प्यासको कारण वयस्कपूर्व नै हुने मृत्युको निन्दा गर्दै छन्' भन्ने लेखलाई पनि 'वातावरण : सङ्कट र समाधान' एक हरियो पुस्तिकाले साभार गरेको छ । त्यो पुस्तिका 'संस्थागत विद्यालयहरूको साझा सङ्गठन 'इसान' ले छापेको थियो ।

**देश...**

हस्तक्षेप हुने विधेयक पारितको तरखरमा लागेको देशघात नभए के हो ?

यतिबेला हिमपहिरो पीडितहरू गुनासो गर्दै छन्, "हेलिकप्टर आकाशमा सयौँ देखिन्छन् तर सरकारको राहत आएको छैन, महिला, सुत्केरी र बालबालिकालाई चाहिने सामान छैन ।" पीडितको थप गुनासो छ, "केन्द्र सरकार कहाँ छ, हामीलाई थाहा छैन, चार दिनअघि हेलिकप्टरबाट ३-४ बोरा चामल खसालेको थियो, त्यसयता केही आएको छैन । केन्द्र सरकार हामीबाट धेरै टाढा छ । नुन र अत्यावश्यक खानेकुरासमेत छैन ।" यस्तो सकसको बेला रास्वपा सरकार झन्डै दुईतिहाइको 'दम्भ' देखाउँदै देशलाई 'नयाँ सिक्किम' बनाउने विधेयक पारित गर्न खोज्दै छ ।

साम्राज्यवादी र विस्तारवादीहरूले नवउपनिवेश बनाउने भन्नुको अर्थ यहाँको ढुङ्गा-माटो उठाएर लैजाने होइन बरु यहींका शासकहरूलाई 'कठपुतली' बनाई आफ्नो अनुकूल कानुन बनाउन लगाउने हो । देशभरि आगजनी गर्ने, देशघाती कानुन बनाउने, हिमपहिरो पीडित जनताको खोज, उद्धार तथा राहत र पुन:स्थापनाको कार्य गर्न नसक्ने अनि सामाजिक सञ्जालमा मात्र माफी मागेर जनतालाई कसरी सह्य हुन सक्छ ? नेपाली जनताले सबै जनघाती र देशघातीहरूको विरोध गर्दै आएको धेरै भयो । यतिबेला पनि विरोध जारी राख्नु जरुरी छ । संसद्को प्रमुख विपक्षी र सरकारमा पुग्न ढुकिरहेका अन्य विपक्षीहरू भने सरकारी पार्टीले आयोजना गरेका सर्वदलीय बैठकमा सहभागी हुनु नै आफ्नो मुख्य कर्तव्य ठानिरहेको गलत हो ।

**उच्च...**

नेक्राशिसङ्घ भजिसका अध्यक्ष गणेशराम थुसाले 'एक घर एक स्नातक' अभियान सफल भइसकेको हुँदा अब एक घर एक पीएचडी तयार गर्ने लक्ष्य लिई अगाडि बढ्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा कार्यपालिका सदस्य रोशनमैयाँ सुवाल, वडा सदस्यद्वय गोविन्द दुवाल, गोपीकृष्ण चाँगुभारी, सिद्धिराम सुवाल, विद्यार्थी यजु बजिको, जुबेल अवाल र सम्झना खाइजुले पनि बोल्नुभएको थियो ।

**निहत्था...**

यस्ता उत्तेजना फैलाउने खबरप्रति राज्य बेखबर रहयो । कुशल नामक प्रयोगकर्ताले "र्‍यान्डम प्लेसमा होइन, सिधा संसद् भवन जानुपर्छ" भनि लेखे ।

● बेलुका ७:५० बजे एनोनिमस नामक प्रयोगकर्ताले "राजीनामा ठूलो कुरा होइन । अब गर्ने भनेको बियरको बोतलमा पेट्रोल हाल्ने अनि आगो लगाएर पुलिसतिर फाल्ने । जसले गरेर पुलिसहरू जलेर मरून् ।

● भदौ २३ गते रातभर मोलोटोभबारे बहस भएको छ । ८ बजे 'आबो' ले "हामीलाई ग्रेनेड र मोलोटोभ चाहिन्छ" लखेका छन् । मोलोटोभ कसरी बनाउने भन्ने विषयहरू पनि सविस्तार आउन थाले । भदौ २४ गते बिहान ८:५९ बजे जोसेक भिजारी नोभिक स्टालिनले मोलोटोभ बनाउनेबारे लेखेको हिंसात्मक संवाद छ । 'एकयुकयु' नामक प्रयोगकर्ताले मोलोटोभ बनाउन सिकाउँदै "अनि एउटा कपडा हालीदेऊ, बोतलको मुखदेखि मिक्सचर हुने गरी त्यसपछि मोलोटोभ रेडी"

● बानेश्वरस्थित संसद् भवनमा केही युवाले पेट्रोल बम प्रहार गरिरहेका भिडियोहरूमा पनि देखिन्छ । Discord मा हतियार मगाउने संवाद पनि भएको थियो । प्रदर्शन केही दिन लम्बिने सक्ने उनीहरूको अनुमान थियो ।

● भदौ २३ गते राति ११:४९ मा 'ग्रिनिस्यु' नामक प्रयोगकर्ताले "......गनको सोलुसन चाहियो क्या !" लेखेका छन् । उनले इन्डियाबाट मगाउन सकिनेसमेत लेखेका छन् ।११:५१ मा सोही प्रयोगकर्ताले "इन्डियाबाट इम्पोर्ट हान्दिम म, एवाउट ५० ग्रेनेड आउन सक्छ" समेत लेखेका छन् । सोही प्रयोगकर्ताले ११:५६ मा "इन्डिया केरलाको डिलरलाई चिनेको छु, भन्यो भने लिएर आउँछ" लेखे ।

● भदौ २४ गते काठमाडौँ र ललितपुरले चक्रपथ क्षेत्रभित्र कर्फ्यू लगाएका विषयमा म्याडगले "हत्याराहरूले कर्फ्यू लगाएका छन्", जस्टडिफफाइडले लेखेका छन् -"८:३० बजेदेखि कर्फ्यू छ, अहिले पुगिहालम्" । अर्को प्रयोगकर्ताले लेखेका छन्, "जब २०/३० हजार भेला हुन्छौँ, भाङमा जान्छ कर्फ्यू", कतिपयले कर्फ्यूमा निस्कन नहुने भनिरहँदा "कतिपयले मर्ने कि मार्ने कर्फ्यू आदेश नमान्ने" बहस गरिरहेका थिए । काजीले लेखेका छन "कर्फ्यू रोक्दा नि रोकिँदैन, जाने हो, कि मर्छ कि मार्छुम ।"

**शिक्षा...**

कार्यक्रमका सभापति एवं भक्तपुर बहिरा सङ्घका अध्यक्ष जयराम पकानेवारले बहिरा सङ्घले सञ्चालन गर्दै आएको विविध गतिविधिबारे प्रस्ट पार्दै आगामी दिनमा पनि स्थानीय सरकारको यस्तै साथ र सहयोग रहेको अपेक्षा गर्नुभयो ।

कार्यक्रममा निर्वाचन समितिका संयोजक गोपाल सिंहले बहिरा नागरिक विशिष्ट नागरिक भएको बताउनुभयो । भक्तपुर बहिरा सङ्घले जिल्लाभरिका बहिरा नागरिकका सबै समस्यामा हातेमालो गरिरहेको बताउँदै ज्येष्ठ बहिरा नागरिकका लागि डे-केयर सेन्टर खोल्ने योजना सराहनीय रहेको उल्लेख गर्नुभयो ।

कार्यक्रममा भक्तपुर बहिरा सङ्घका सल्लाहकार गोकुल रिसालले सञ्चारमा पहुँच पुऱ्याउन दोभाषेको आवश्यकता रहेको बताउनुभयो । भक्तपुर बहिरा सङ्घ अभिभावकको भूमिकामा रहेको उल्लेख गर्दै सीपसम्बन्धी तालिम सञ्चालन गरी बहिरा नागरिकलाई रोजगारीसँग जोड्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

सङ्घका संस्थापक अध्यक्ष नकुल अधिकारीले बहिरा हुनु कमजोरी नभएको भन्दै बहिरा नागरिकको एकता, हक तथा अधिकार प्राप्तिका लागि निरन्तर काम गर्नुपर्ने बताउनुभयो ।

गैसस महासङ्घ भक्तपुरका सदस्य न्हुछे प्रजापतिले बहिरा नागरिकको हकअधिकारका लागि सबै पक्षले सहकार्य गर्नुपर्ने धारणा राख्नुभयो ।

काभ्रे जिल्ला बहिरा सङ्घका अध्यक्ष शर्मिला मानन्धरले भक्तपुर बहिरा सङ्घले विभिन्न उतारचढाव पार गर्दै धेरै उपलब्धि हासिल गरेको बताउनुभयो । आफ्नै भवन निर्माण हुनु गर्वको विषय भएको उल्लेख गर्दै स्थानीय तहसँग सहकार्य गर्दै सङ्घले थप विकास गर्दै जानुपर्ने उहाँको भनाइ थियो ।

दोभाषे सङ्घका पूर्वअध्यक्ष टीकाराम लामिछानेले अस्पताललगायत विभिन्न सङ्घसंस्थामा पनि दोभाषेको आवश्यकता रहेको बताउनुभयो । ज्येष्ठ नागरिकका लागि डे-केयर सेन्टर खोल्ने योजना सराहनीय रहेको उल्लेख गर्दै त्यसका लागि सबैको साथ र सहयोग आवश्यक रहेको उहाँले बताउनुभयो ।

कार्यक्रममा ललितपुर बहिरा सङ्घकी अध्यक्ष शिखा प्रधानले शुभकामना मन्तव्य दिनुभयो । कार्यक्रमको स्वागत मन्तव्य संस्थाका सचिव सुशील बोहजुले गर्नुभएको थियो ।

## कविता

# आन्दोलन

● स्नेह

विद्यार्थी ड्रेस र झोलामा आउनु
गोली चलाइँदैन भन्नु
घुसपैठ गराई विध्वंस मच्चाउनु
शान्तिपूर्ण भनी हिंसामा उत्रनु
देशभरि आगजनी गर्नु
विदेशीको कठपुतली बन्नु
देश ऋणमा डुबाउनु
नयाँ शीशीमा पुरानै रक्सी हुनु
आन्दोलन होइन ।

आन्दोलन के हो ?
यो नयाँ विचार र अडान हो
स्वाभिमान हो
देश र जनताविरोधी
मक्किएको पुरानो बन्दोबस्त
जरैदेखि फाल्नु हो
मौलिक परिवर्तन हो
आत्मनिर्भर हुनु हो
कुर्सी होइन, काम हो ।

*(२०८३ भदौ २२ गते)*

आत्महत्या समस्याको समाधान होइन:

आत्महत्याका प्रमुख कारण:
❖ मानसिक तनाव, डिप्रेशन, एक्लोपन वा निराशा,
❖ हिंसा, पारिवारिक झगडा वा सम्बन्ध विच्छेद र प्रेममा असफलता,
❖ गरिबी, बेरोजगारी, आर्थिक संकट र ऋण लाग्नु,
❖ हिनताबोध, आवेश र धुर्की देखाउनु,
❖ व्यक्तिगत र पारिवारिक इच्छा, आकांक्षा पूर्ति हुन नसक्नु,
❖ सोचे अनुसार सफलता प्राप्त नहुनु,
❖ सामाजिक बहिष्कार वा दुर्व्यवहार लगायत।

रोकथामका लागि:
❖ आफन्त, साथी वा विश्वासिलो व्यक्तिसँग समस्याका बारेमा खुलेर कुरा गरौं,
❖ तनाव वा समस्या परेमा मनोचिकित्सक वा परामर्शकर्ताको सहयोग लिऔं,
❖ आत्महत्याको सोच आएमा तत्काल परिवारका सदस्यलाई बताऔं वा सहायता केन्द्रमा सम्पर्क गरौं,
❖ तनाव र निराशामा रहेका व्यक्तिको समस्या सुनौं र सहयोग गरौं।

"एक-अर्काको सहारा बनौं, आत्महत्या होइन समस्याको समाधान खोजौं"

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक : सरोजराज गोसाइँ | कार्यकारी सम्पादक : अनुराधा थापामगर,फोन नं. ६६१००२६, ६६१०९२१,फ्याक्स नं. ६६१३२०७ | www.shramik.com.np | E-mail : shramikweekly@gmail.com | मुद्रक : सिद्धि गणेश अफसेट प्रेस, भक्तपुर, ६६१४७९३